# अध्याय एक

# परिचय

## १.१ पृष्ठभुमी

नागरिक शिक्षा एउटा यस्तो प्रक्रिया हो जसले व्यक्तिलाई नागरिक जीवनको सार्थकता, पारस्परिक, प्रेम, सहिष्णुता, आपसी सहयोग, सामाजिक भावना, असल छिमेकिपन, असल आदत, माताधिकारको सदुपयोग, अधिकार र कर्तव्य प्रतिको सचेतनाका लागि आवश्यक ज्ञान, सीप, धारणाको विकास गर्दछ । मानिसहरु आफ्नो जीवनकालमा समाजका अन्य व्यक्तिसँग परिस्थिति अनुसार चल्नुपर्ने व्यवहार सम्बन्धि ज्ञान दिने शिक्षालाई सामाजिक शिक्षा भनिने हुनाले नागरिक शिक्षा र सामाजिक शिक्षा एक अर्काका परिपुरक विषय हुन् । त्यस कारण नागरिक शिक्षा विना सामाजिक शिक्षा अधुरो हुन्छ । कुनै एक व्यक्ति पहिला समाजको सदस्य हुन्छ । अनि मात्र ऊ राष्ट्रको असल नागरिक हुन्छ । समाजिकीकरण नभएको व्यक्ति राष्ट्रको असल नागरिक हुने कुरा कल्पना सम्म पनि गर्न सकिदैन ।

शिक्षाको उद्देश्य असल समाज निर्माण गर्नका लागि असल सदस्य, असल व्यक्ति, असल मानव र असल नागरिक तयारी गर्नु हो । शिक्षा दिक्षाले असल व्यक्ति, असल परिवार, असल समाज, असल राष्ट्र र असल विश्वको परिकल्पना गर्दछ । व्यक्तिमा सद्विचार, अनुशासन, कर्तव्य, उतरदायित्व, सहिष्णुता, मित्रता, अहिंसा र विश्वबन्धुत्वको भावना जस्ता समाजिक पक्षको विकासका लागि नागरिक शिक्षा अपरिहार्य छ । त्यसै गरी समाजको उपयोगी सदस्य बन्न, देश विकासका लागि आवश्यक दक्ष जनशक्ति तयार गर्न, प्राकृतिक वातावरण र राष्ट्रिय सम्पदाको संरक्षणमा सहयोग गर्न, सामाजिक एवम् राष्ट्रिय एकतालाई सुदृढ बनाउन नागरिक शिक्षाको महत्व छ । नागरिक शिक्षाको उद्देश्य जीवनयापन गर्न सक्ने असल नागरिक निर्माण गर्नु रहेको छ । आधुनिक समाजमा नागरिक शिक्षाको महत्व दिन दिनै बढ्दै गएको छ । नागरिक शिक्षाको प्राप्ति व्यक्तिमा उपयुक्त आचरण, बानी व्यवहार, अनुशासन, कर्त्तव्य, उत्तरदायित्व जस्ता अपिरहार्य कुराहरुको बोध गराउँछ । त्यसैले ढुङ्गे युगमा भन्दा अहिले आएर नागरिक शिक्षाको महत्व बढ्दै गएको छ ।

प्राचीन ग्रीसमा स-साना नगर राज्यहरुमा बस्नेलाई नागरिक भन्ने गरिन्थ्यो । त्यसैबेला नागरिक जीवनको अध्ययन गराउनको लागि नगरबासीहरुलाई मात्र सिमित गरिएको थियो । हाल आएर मुलुक भित्र बस्ने सबै व्यक्तिहरुलाई त्यस देशका नागरिक मानिन्छ । अब नागरिक शास्त्रलाई प्रक्ष्ट्याउनु पर्दा, नगरमा बस्नेलाई नागरिक र शास्त्रलाई ज्ञानपुञ्ज अर्थात, नागरिकहरुसँग सम्बन्धित ज्ञान भन्ने बुझिन्छ । जसलाई एकीकृत गर्दा नगरमा बस्ने नागरिकले अध्ययन गर्ने शास्त्र नै नागरिकशास्त्र हुन जान्छ ।

हाल नागरिक शास्त्रको अर्थ व्यापकताले गर्दा समाजसँग सम्बन्धित सामाजिक जीवनको अध्ययन नै नागरिक शास्त्र हुन गएको कुरा प्रष्ट हुन्छ । नागरिक शिक्षा प्राप्त गरेको व्यक्तिमा नागरिक

जीवनको सार्थकता तब हुन्छ, जब नागरिकमा असल बुद्धि, विवेक, पारस्परिक सहयोग, प्रेम, सहिष्णुता, सामाजिक भावना, मित्रता, असल बानी व्यवहार, कर्त्तव्यपरायण जस्ता गुणको साथमा मताधिकारको सहि प्रयोग गर्न सक्ने सामर्थ्य प्राप्त हुन्छ ।

नेपाली नागरिकहरुलाई नागरिक शिक्षा दिने उद्देश्यले वि.सं. १९५८ सालमा नेपालमा सर्व प्रथम पाठ्यक्रम र पाठ्यपुस्तक लेख्ने मानवतावादी दार्शनिक जयपृथ्वीबहादुर सिंहका विचारलाई हृदयङ्गम गरी वर्तमान नेपालको शिक्षा प्रणालीलाई सहयोग पुऱ्याउने उद्देश्यले विद्यालयका तहका लागि नागरिक शिक्षाको पाठ्यक्रम निर्मण भएको छ । अहिलेको सन्दर्भमा भन्नुपर्दा निम्न माध्यमिक तहमा नागरिक तथा नैतिक शिक्षा २०६० सालबाट अनिवार्य विषयकै रुपमा अध्ययन अध्यापन गराउँदै आएको पाइन्छ । माध्यमिक तहको हकमा भन्नुपर्दा नेपालको वर्तमान संविधानद्वारा सुरक्षित मानव अधिकार तथा शिक्षामा समान अवसर प्रदान गर्ने हेतुले राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ र उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग २०५५ को सुझावद्वारा माध्यमिक तहको पाठ्यक्रममा ऐच्छिक नागरिक शास्त्रको रुपमा अध्ययन गराउन निर्देशित गरेको छ । वि.सं. २०६२/६३ को जनआन्दोलन र लोकतन्त्र प्राप्ति पछि कक्षा १० को पाठ्यक्रमको आधारमा मात्र प्रवेशिका परीक्षा लिन शुरु गरिएको सन्दर्भमा यस विषयको पाठ्यक्रम परिमार्जन गरिएको देखिन्छ । संघिय लोकतान्त्रिक गणतन्त्र, सामाजिक मूल्य मान्यताको आधारमा शिक्षक, प्राध्यापक, वुद्धिजीवि र विद्धत वर्गको समेत राय सल्लाह लिई समयानुकुल नागरिक चेतना अभिवृद्ध गर्न सक्ने उद्देश्यले र पाठ्यपुस्तकहरु समावेश गरी नागरिक शास्त्र कक्षा ९ र १० को पाठ्यक्रम परिमार्जन गरिएको छ ।

तथापी नागरिक शिक्षा विद्यालय तहमा अनिवार्य बिषयको रुपमा लागु नगरिएकोले सामाजिक अध्ययन मार्फत नागरिक शिक्षा प्रदान गर्न व्यवस्था मिलाइएको छ । सामाजिक अध्ययनले विद्यार्थीहरुलाई सामाजिकिकरणको व्यवहार सिकाउन, समाजको असल सदस्य बन्न र समाजमा आफ्नो भूमिका उपयुक्त किसिमले निर्वाह गर्न आवश्यक ज्ञान, सीप र धारणाको विकास गर्दछ ।

## १.२ समस्याको कथन

यस अनुसन्धानको शिर्षक "नागरिक शिक्षाको दृष्टिले विद्यालयमा समावेश गरिएका समाजिक अध्ययन विषयहरुको विश्लेषण" रहेको छ, जुन समस्याको कथन हो । त्यस्तै विद्यालयको सामाजिक अध्ययन मार्फत प्रदान गर्ने नागरिक शिक्षाका बारेमा शिक्षा ऐन, नियमावली, समुदाय, शिक्षक, अभिभावक, विद्यार्थीहरु, सरोकारवालाहरु आदिबाट गरिएका प्रयासहरुको खोजी गर्नु, उनीहरुको विचार तथा अवधारणाहरु पत्ता लगाउनुसँग यो अध्ययन सम्बन्धित छ । यस अध्ययनसँग सम्बन्धित समस्याहरुलाई प्रश्नका रुपमा निम्न अनुसार प्रस्तुत गरिएको छः

(क) विद्यालय तहमा नागरिक शिक्षासँग सम्बन्धित नितिगत प्रावधानहरु के के छन् ?

(ख)　नागरिक शिक्षाको दृष्टिले विद्यालय तहको सामाजिक अध्ययनको पाठ्यक्रम र पाठ्यपुस्तकमा समावेश गरिएका विषयवस्तुका क्षेत्रहरु के कस्ता छन् ?

(ग)　नागरिक शिक्षा सम्बन्धि विद्यालयले कस्ता क्रियाकलापहरु गरिरहेका छन् ?

(घ)　ती क्रियाकलापहरु कसरी सञ्चालन भइरहेका छन् ?

(ङ)　नागरिक शिक्षाको दृष्टिकोणले समाजका प्राथमिकता र अपेक्षा के के छन् ?

(च)　नागरिक शिक्षाका लागि विद्यालय तहको सामाजिक अध्ययन विषयका प्राथमिकहरु के के हुन् ?

## १.३　अध्ययनको औचित्य

विद्यालय तह पुरा गरेका विद्यार्थीहरु वालिग हुन्छन् । उनीहरुको नागरिकता प्रमाणपत्र प्राप्त गर्ने उमेर भइसकेको हुन्छ । प्रवेशिका परिक्षा उत्तिर्ण गरेपछि कति विद्यार्थीहरु उच्चतहको शिक्षा अध्ययन नगरी कृषि, व्यापार र अन्य व्यवसाय गर्छन भने उच्च अध्ययन गर्ने सबै विद्यार्थीहरु नागरिक शास्त्र अध्ययन गर्दैनन् । तर उनीहरुले विभिन्न समय र स्थानमा नागरिकको भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । त्यसकारण विद्यालय तहमा उनीहरुले राज्य सञ्चालनको प्रक्रिया, निर्वाचनमा नागरिकको भूमिका, मौलिक हक र कर्तव्यको जानकारी, आपसी सहयोग, पारस्परिक प्रेम, धार्मिक तथा राजनीतिक सहिष्णुता, सामाजिक भावना, असल छिमेकिपन जस्ता नागरिक दायित्व वारे सजग र सचेत हुन आवश्यक हुन्छ । नेपालमा हाल नागरिक शिक्षा विद्यालय तहमा अनिवार्य विषयको रुपमा अध्यापन गराइदैन । नागरिक शिक्षासँग सम्बन्धित विषयवस्तुहरु सामाजिक अध्ययनमा समावेश गरिएको छ । यस क्रममा विद्यालयमा सामाजिक अध्ययन मार्फत प्रदान गरिने नागरिक शिक्षाको अवस्था र यसवाट विद्यार्थीमा आएको व्यवहारिक परिवर्तन, विषयवस्तुको पर्याप्तता, सुधारात्मक पक्षहरु, अध्ययन गर्नु गराउनु आवश्यक छ । हाम्रो देशमा यस विषयमा वर्तमान शिक्षाको अवस्था, यसका समस्याहरु र सुधारका उपायहरु खोज्न आवश्यक ठानी यो अनुसन्धान गरिएको हो । यसबाट निम्न बमोजिम फाइदाहरु हुनेछ ।

यस विषयसँग सम्बन्धित अध्ययन तथा अनुसन्धान गर्न चाहने विशेषज्ञ तथा सम्बन्धित व्यक्तिहरु, सरकारी संस्था गैरसरकारी संघ संस्थाका व्यक्तिहरु, शैक्षिक सामग्रिको प्रयोग, नयाँ शैक्षिक सामग्रीको निर्माण, परिमार्जन एवम् प्रयोग गर्नमा समेत सहयोग पुऱ्याउने मानिएको छ ।

## १.४　अध्ययनको उद्देश्य

यस अध्ययनको उद्देश्य निम्नानुसार छन् :

(क)　नागरिक शिक्षाका सम्बन्धमा समाजका प्राथमिकता र अपेक्षाहरु पहिचान गर्नु ।

(ख) नागरिक शिक्षाका विषयवस्तुहरु पत्ता लगाउनु ।

(ग) विद्यालयमा सामाजिक अध्ययन शिक्षण गर्दा नागरिक शिक्षासँग सम्बन्धित क्रियाकलापहरु पत्ता लगाउनु ।

## १.५ अध्ययनको सिमाङ्कन

खोज तथा अनुसन्धान गर्ने क्रममा सम्पूर्ण क्षेत्रलाई समेटेर अध्ययन गर्दा साधन र स्रोतको अपुग हुने भएको कारण खोज कार्यलाई सरल र प्रभावकारी बनाउने उद्देश्यले यस खोजलाई निम्नलिखित परिधीभित्र सिमित गरिएको थियो ।

(क) यस अध्ययनलाई उदयपुर जिल्लाको त्रियुगा नगरपालिकामा सीमित गरिएको थियो ।

(ख) यस अध्ययनलाई त्रियुगा नगरपालिका २ वटा सामुदायिक माध्यमिक विद्यालयहरुमा सिमित गरिएको थियो ।

(ग) यो अध्ययन कक्षा १ देखि १० को सामाजिक अध्ययन विषयमा सिमित थियो ।

(घ) यो अध्ययनलाई शैक्षिक शत्र २०६८ सालको अध्ययन क्षेत्रको जनसंख्यामा सीमित गरियो ।

## १.६ शब्दहरुको परिभाषा

विद्यालय तह: विद्यालय तह भन्नाले यस अध्ययनमा कक्षा १ देखि १० को अध्ययन हुने तह सम्भन्नु पर्छ ।

शैक्षिक समाग्री: विद्यालय तहको सामाजिक अधययन शिक्षण गर्दा शिक्षकले प्रयोग गर्ने समाग्री सम्भन्नु पर्छ ।

सामुदायिक विद्यालय: सामुदायिक विद्यालय भन्नाले विद्यालयको सम्पूर्ण खर्च नेपाल सरकारले वेहोरेको विद्यालय सम्भन्नु पर्छ ।

सामाजिक विषय: विधर्थीलाई समाजमा समायोजन हुन आवश्यक ज्ञान, सिप र धारणा प्रदान गर्ने विषय सम्भन्नु पर्छ ।

नागरिक: आफ्नो अधिकार र कर्तव्य प्रति सचेत कुनै निश्चित राष्ट्रमा स्थायी रुपले वसोवास गरेको व्यक्ति सम्भन्नु पर्छ ।

# अध्याय दुई

# सम्बन्धित साहित्यको पुनरावलोकन

कुनै पनि अध्ययन अनुसन्धान संचालन गर्नुभन्दा अगाडि त्यस क्षेत्रसँग सम्बन्धित विषयवस्तुका बारेमा के कस्ता खोज तथा अनुसन्धान भएका छन् भन्ने कुराको समेत जानकारी हुनु पर्दछ । यसले अनुसन्धानकर्तालाई सम्बन्धित विषयवस्तुका बारेमा उठेका प्रश्नहरुको जवाफ दिन समेत सहयोग पुऱ्याउने काम गर्दछ । यस अध्ययनसँग सम्बन्धित केही विषयवस्तुहरुको समीक्षा निम्न लिखित उप-शीर्षकहरुमा गरिएको छ ।

## २.१ सैद्धान्तिक साहित्यको समिक्षा

Plato का अनुसार असमानता र अन्यायप्रति सचेत हुने व्यक्ति नै नगरिक हो । यो भनाई अनुसार नागरिक शिक्षाले सबैलाई समानता प्रदान गर्दछ । न्यायोचित विचार आदान प्रदान गर्न सहयोग गराउँदछ । समाजमा सामाजिक चेतनाको विकास गराउँदछ । यसका लागि राष्ट्रले समानता र न्याय प्रदान गर्न सक्ने खालको नीति नियम र मापदण्डहरु निर्माण गर्नुपर्दछ । प्लेटोका यी धारणाहरु नागरिक शिक्षाका लागि सकारात्मक छन् तापनि मेरो विचारमा यसले नागरिक शिक्षाको सबै क्षेत्रलाई संबोधन गर्न सक्दैन । नागरिक शिक्षाले समाज र राज्यको असल नागरिक भएर बाँच्नका लागि आवश्यक सम्पूर्ण ज्ञान, सीप अनुभाव र क्षमताप्रति पनि सचेत गराउन सक्नु पर्दछ । जसले खराब कुराहरुको अन्त्य गरी असल कुराहरुलाई बढावा दिन सकोस् ।

Standard Encyclopedia of Philosophy का अनुसार नागरिक शिक्षा राजनीतिसँग सम्बन्धित शिक्षा हो । जसले राजनीतिक सहभागिताको लागि आवश्यक ज्ञान, सीप र धारणा प्रदान गर्दछ । राजनीतिक व्यवस्था निरङ्कुश, दमनात्मक र प्रजातान्त्रिक विभिन्न प्रकारको हुन्छन् । राजनीतिको प्रकृति र स्वरुप सम्बन्धि आवश्यक ज्ञान, सीप र धारणा प्रदान गर्ने काम नागरिक शिक्षाको हो । निरङ्कुश र दमनात्मक प्रकृतिको राजनीतिमा नागरिक शिक्षा पनि दमनात्मक र लाद्ने प्रक्रियाले प्रदान गरिन्छ । प्रजातान्त्रिक कक्षाहरुमा नागरिक शिक्षा पनि स्वीकारात्मक प्रक्रियाले प्रदान गरिन्छ । यस अर्थमा विद्यालयमा नागरिक शिक्षा दमनात्मक र स्वीकारात्मक दुई तरिकाले प्रदान गर्ने गरिन्छ । दमनात्मक विधि, परम्परागत, एकलवादी र शिक्षक केन्द्रित हुन्छ । एकलवादी समाजमा राजनीतिक सहभागिता नगन्य र सीमित मात्रामा हुने हुँदा नागरिक शिक्षालाई सीमित र सङ्कुचित अर्थमा परिभाषित गरिएको पाइन्छ । प्रजातान्त्रिक प्रक्रिया हुनको लागि कक्षामा बालमैत्री वातावरण र विद्यार्थी केन्द्रित विधिको प्रयोग अनिवार्य हुन्छ । विद्यार्थीहरु आफूले पढ्ने विषयवस्तु र क्रियाकलापहरु उनीहरुको रुचि चाहनाका अनुरुप सञ्चालन गर्दछन् । यसमा विद्यार्थी स्वयम्लाई सत्य-असत्य, ठीक-बेठीक, असल-खराब, अधिकार, कर्तव्यहरुको बारेमा निर्णय गर्ने अधिकार र अभ्यास गर्ने स्वतन्त्रता प्रदान गरिएको हुन्छ । यस किसिमको स्वतन्त्रता खुल्ला बहुदलवादी र प्रजातान्त्रिक समाजमा सम्भव छ । यस्तो समाजमा नागरिकहरु बढीभन्दा बढी राजनीतिमा सहभागी हुने भएकोले नागरिक शिक्षालाई पनि व्यापक अर्थमा परिभाषित गर्ने गरेको

पाइन्छ । तर खुल्ला समाज हुँदैमा कक्षाकोठा भित्र खुल्ला र प्रजातान्त्रिक वातावरण भइहाल्छ भनेर एकिन गर्न सकिदैन ।

Crantson (1988) द्वारा उल्था गरिएका The social contract मा Rousseau ले समाजमा राम्रो कामका लागि नागरिक शिक्षा र सिकाई अनिवार्य छ । आदर्श एक नैतिक कार्य हो । मान्छे प्राकृतिक व्यक्ति हो र जसले स्वतन्त्रतालाई जोड दिएको छ । एउटा व्यक्तिलाई उसको रुचि, चाहना, इच्छा अनुसार अघि बढ्न दिनुपर्छ । किनकी व्यक्ति भन्छ मेरा लागि सबभन्दा महत्वपूर्ण चीज के हो ? जुन एउटा भाव हो । शिक्षित व्यक्ति प्राकृतिकपनलाई बसमा राख्न सक्छ र उ प्रजातान्त्रिक काममा सहभागि हुन्छ । समाज निजी सम्पत्तिमा आधारित हुन्छ । जब मान्छे नैतिक र राजनीतिक स्वतन्त्रताका लागि अभ्यास गर्न सक्छ तब उसलाई समाजको दूषित प्रभावबाट बचाउन सकिन्छ । जुन सबैका लीग असल हुन्छ । यो नैतिकवान व्यक्तिको कार्य हो भन्ने कुरा बताइएको छ ।

Broady (1994) का अनुसार नागरिक हाईस्कुल र अमेरिकन इतिहासका कक्षाहरुमा प्राय सबै विद्यार्थीहरुले औषत अमेरिकनभन्दा बढी सहनशीलता देखाउँछन् । नागरिक शिक्षामा परिचित विद्यार्थी अन्य पाठ्यक्रम पढेका विद्यार्थीभन्दा बढी सहनशील देखिन्छ । यस्तो शिक्षामा विद्यार्थीहरुले अरुको कुरालाई ध्यान दिने, तार्किक कुरालाई महत्व दिने र मूल्य मान्यता अनुसार अघि बढ्ने र बढी सहनशीलता देखाउने मौका पाउँछन् ।

The International Encyclopedia of Education (1985) का अनुसार नागरिक शिक्षाले शैक्षिक संस्थाको पाठ्यक्रम मार्फत व्यक्तिलाई राजनीतिक समुदायमा तिनीहरुको सामाजिक सदस्यता निश्चित गर्दछ । राष्ट्रभक्त, राजनीतिक संस्थाको इतिहास र संरचनाको ज्ञान, राजनीतिक अधिकार प्रतिको सकारात्मक धारणा, नियम पालना, समानता, राजनीतिक सहभागितामा रुचि, राजनीतिक चेतना, राजनीतिक सञ्चारको विश्लेषण क्षमता जस्ता सीपको विकास गर्नु नागरिक शिक्षाको उद्देश्यहरु हुन् । यो उद्देश्यको अनुसार नागरिक शिक्षाले व्यक्तिलाई राज्यको अभिन्न अंगको रुपमा स्थापित गर्न समाजमा आफ्नो सामाजिक सदस्यता सुनिश्चित गर्नु पर्ने कुरामा जोड दिएको पाइन्छ ।

## २.२ अन्तराष्ट्रिय सन्दर्भको साहित्यको समिक्षा

The International Encyclopedia of Education (1995) मा उल्लेख भए अनुसार नागरिक शिक्षा नागरिकताको विकास, नागरिकको समाजमा सकारात्मक दृष्टिकोण र सकारात्मक मूल्यमान्यताको प्राप्तिसँग सम्बन्धित छ । नागरिक शिक्षाले सामाजिक संस्कार र सामुहिक सहयोगको बारेमा छलफल चलाउन, सामाजिक सेवामा संलग्न गराउन र देश र समाजप्रति जिम्मेवार बनाउन सहयोग गर्दछ ।

न्यौपाने (२०६७), द्वारा लिखित नागरिक शिक्षाको लागि माध्यमिक विद्यालयमा गरिएका प्रयासहरुमा उल्लेख भए अनुसार नागरिक शिक्षाका विषयवस्तु र क्षेत्रहरु राष्ट्र अनुसार फरक-फरक

भएको पाइन्छ । जुन देश आफ्नो छिमेकी राष्ट्रसँग राजनीतिक र वैचारिक युद्धमा रहेको हुन्छ, त्यस देशमा राष्ट्र प्रेम र परम्परागत सभ्यतालाई महत्व दिइन्छ । अन्य देशहरुमा नागरिक शिक्षालाई संस्कार र नैतिक शिक्षाको रुपमा लिइन्छ । पश्चिमी मुलुकहरुमा नागरिक शिक्षाको बारेमा विभिन्न धारणाहरु रहेका छन् । नागरिक शिक्षालाई देशभक्ति, राष्ट्रिय गौरब बढाउने माध्यमको रुपमा, मान्यतामा चल्न र आधुनिक प्रजातान्त्रिक व्यवस्थामा नागरिकलाई राजनीतिमा सक्रिय रुपमा राख्ने साधनका रुपमा लिएका छन् ।

पशि्चमी यूरोपेली मुलुकहरुले नागरिक शिक्षालाई विभिन्न तरिकाले व्याख्या गरेका छन् । संयुक्त अधिराज्यको परम्परागतवादी सरकारले १९८० देखि १९९० को दशकमा त्यहाँको साँस्कृतिक शिक्षा, सामाजिक चालचलन र सामाजिक समस्याहरुलाई महत्व दिएको थियो । त्यसैगरी समान अधिकार, लैङ्गिक समानता, सत्यप्रतिको आदरभाव, न्याय र मानवीय त्याग आदि जस्ता कुरा समेटिएको थियो । यही कुरा अष्ट्रेलियाले पनि आफ्नो नागरिक शिक्षामा समावेश गरेको देखिन्छ ।

पूर्वी युरोप र सोभियत संघमा समावेश राष्ट्रहरु तथा प्रान्तहरुमा नागरिक शिक्षाको पाठ्यक्रम तथा पाठ्यपुस्तकहरुमा १९९० पश्चात प्रजातन्त्र, सहष्णिुता र सामाजिकीकरण जस्ता कुराबाट प्रभावित भएको देखिन्छ । त्यसैगरी पश्चिमी देशहरुमा नागरिक शिक्षाले राष्ट्र निर्माणको लागि व्यक्तिगत सम्बन्धको मूल्यलाई जोड दिएको पाइन्छ । धेरै जसो एशियाली राष्ट्रहरुको नागरिक शिक्षामा राष्ट्रप्रति वफादार, दैनिक जीवनमा आइपर्ने कुराहरु, व्यक्तिगत आचरण तथा कुशल व्यवहार निर्माण गर्ने शिक्षासँग सम्बन्धित छन् ।

पूर्वीय युरोपमा आदर्शवादी, परम्परावादी र अपरिवर्तनीय पाठ्यक्रम तथा पाठ्यपुस्तकलाई सन् १९९० को दशकमा राज्यको परिवर्तित सन्दर्भ अनुसार प्रजातन्त्र, सहष्णिुता, व्यक्तिगत र प्रजातान्त्रिक सामाजिकीकरणलाई जोड दिनु नागरिक शिक्षाको उद्देश्य रहेको पाइयो । पश्चिमी मुलुकमा नागरिक शिक्षाको शैक्षिक मूल्य, व्यक्ति र राष्ट्रिय सम्बन्धद्धारा निर्देशित भएको पाइन्छ तर एशिया र कम विकसित राष्ट्रहरुमा व्यक्तिहरुको नैतिक मूल्यको अन्तरसम्बन्धद्धारा निर्देशित भएको पाइन्छ । चीनको नागरिक शिक्षाले समानता र नयाँ संरचनागत मूल्यमा जोड दिएको पाइयो । सन् १९८० को दशक पछि साम्यवादी विचार र नैतिक शिक्षामा आधारित प्राथमिक विद्यालयहरु थिए । यी विद्यालयहरुको उद्देश्य परिश्रमप्रति सकारात्मक भावनाको विकास, मितव्ययिता तथा ठीक र बेठिक छुट्याउन सक्ने क्षमताको विकास गर्नु रहेको थियो ।

त्यसैगरी दोस्रो विश्वयुद्ध पछि जापानले पनि नागरिक शिक्षामा जोड दिएको पाइन्छ । त्यतिबेला जापानी नागरीक शिक्षाको उद्देश्य विश्वमा शान्ति र प्रजातन्त्रको प्रबर्द्धन गर्न सहयोगी नागरिक तयार गर्न रहेको थियो ।

यसरी विभिन्न पूर्व साहित्यहरुको अध्ययनबाट राष्ट्रियता, प्रजातन्त्र, स्वतन्त्रता, सहिष्णुता, समानता, न्याय, मानवता, नैतिकता, सत्यता, शान्ती, सुरक्षा, आपसी सम्मान, सद्भाव, सामाजिक

एकता, अधिकार र कर्तव्यहरु जस्ता महत्वपूर्ण मूल्यमान्यताहरु नागरिक शिक्षासँग सम्बन्धित छन् भन्न सकिन्छ ।

## २.३ नेपाली साहित्यको समिक्षा

श्रेष्ठ र घिमिरे (२०६४) द्वारा लिखित माध्यमिक तहको कक्षा ९ को पाठ्यपुस्तकमा उल्लेख भए अनुसार नागरिकशास्त्रको परिचय र परिभाषा नागरिक शास्त्रको क्षेत्र, नागरिकशास्त्रको अरु सामाजिक शास्त्रसँगको सम्बन्ध र नेपालमा नागरिकता प्राप्त गर्ने आधार सम्बन्धि कुराहरु समावेश गरिएको छ । त्यसै गरी अधिकार र कर्तव्यको परिभाषा सम्बन्धि कुराहरु उल्लेख गरिएको छ । अधिकार र कर्तव्य एक अर्काका परिपुरक छन् भन्ने कुराहरु पनि समावेश गरिएको छ । साथै यसमा मानव अधिकारका कुरालाई पनि समेटिएको छ । राज्यका बारेमा भन्नुपर्दा राज्यको अर्थ र परिभाषा, राज्यका लागि आवश्यक तत्वहरु र राज्यका कार्यहरु सम्बन्धि विषयवस्तुहरु नागरिकशास्त्रले समेटेको छ । राज्य उत्पतिका सिद्धान्तहरु भित्र दैवी सिद्धान्त, शक्तिमा आधारित सिद्धान्त र विकासवादी सिद्धान्तहरुलाई समावेश गरीएको छ । शासन प्रणाली अन्तर्गत लोकतन्त्रको बारेमा सामान्य परिचय, लोकतन्त्रको लागि भएका प्रयासहरुलाई पनि समावेश गरिएको छ । लोकतन्त्रमा हुने लोकतान्त्रिक दलहरुको परिचय राजनीतिक दलको गठन र उद्देश्य राजनीतिक दलका किसिम र कार्यहरु र राजनीतिक दल दर्ता सम्बन्धि विषयमा पनि जानकारी दिने र सो विषयमा सुझबुझको विकास गर्ने कुरा समावेश गरिएको छ । त्यसैगरी बहुदलीय व्यवस्थाको बारेमा जानकारी दिन नेपालमा बहुदलिय व्यवस्थाको विकास अन्तर्गतको २००७ सालको जनआन्दोलन, २०१७ सालको दलमाथिको प्रतिबन्ध सम्बन्धि विषयवस्तुलाई समेटेको पाइन्छ । सरकार र यसका अङ्गहरु सम्बन्धि विषयवस्तुको अध्ययन अध्यापन गराउने उद्देश्यले सरकारको परिचय र किसिमका बारेमा विषयवस्तु समावेश गरेको पाइन्छ । त्यसै गरी व्यवस्थापिका सम्बन्धि ज्ञान दिन व्यवस्थापीकाको काम, कर्तव्य र अधिकार र व्यवस्थापिका संसदसम्बन्धि विषयवस्तुलाई समावेश गरिएको देखिन्छ । न्यायपालिका सम्बन्धि विषयका बारेमा भन्नुपर्दा यसको परिचय, महत्व, गठन र तह साथै न्यायपालिकाको कार्य र कुराहरुलाई पनि राखिएको पाइन्छ । सोही बमोजिम कार्यपालिकाको सन्दर्भमा भन्नुपर्दा कार्यपालिकाको गठन, यसको काम, कर्तव्य र अधिकारका बारेमा पनि जानकारीहरु समावेश गरिएको छ । यस अन्तर्गत संविधानको अर्थ र परिभाषा, संविधानको वर्गीकरण, संविधानको स्रोत र त्यसका आवश्यक तत्वहरुका बारेमा समेत जानकारी दिन खोजिएको छ ।

न्यौपाने (२०६७) द्वारा लिखित माध्यमिक शिक्षाको दर्पणमा उल्लेख भए अनुसार माध्यमिक तहको कक्षा १० को नागरिकशास्त्रको सार्वभौमिकता अन्तर्गत, सार्वभौमिकताको अर्थ र परिभाषा, यसका विशेषताहरु र नेपाल एक सार्वभौम सम्पन्न राज्य सम्बन्धि विषयवस्तुहरु सावेश गरिएको पाइन्छ । स्वतन्त्रता र समानताका सन्दर्भमा भन्नुपर्दा यस अन्तर्गत स्वतन्त्रताको पृष्ठभूमी र अर्थ, समानताको परिभाषा, स्वतन्त्रता र समानताको सम्बन्ध र नागरिक जीवनमा स्वतन्त्रता र समानताको महत्वलाई पनि उल्लेख गरिएको देखिन्छ । कानुनका सन्दर्भमा भन्नुपर्दा कानुनको अर्थ र परिभाषा कानुनका

किसिमहरु, कानुनका स्रोतहरु, मुलुकी ऐन र यसका विशेषताहरु पनि समावेश गरेको पाइन्छ । यस पुस्तकमा निर्वाचनको अर्थ र परिभाषा, निर्वाचनको आवश्यकता र हाम्रो निर्वाचन प्रक्रिया के कस्तो रहेको छ भनी विद्यार्थीहरुलाई बुझाउनका लागि यो विषयवस्तुलाई समावेश गरिएको पाइन्छ । जनमतका सन्दर्भमा भन्नुपर्दा जनमतको परिचय, जनताका लागि आवश्यक सर्तहरु, यसका माध्यमहरु, नेपालमा २०३६ सालको जनमत सङ्ग्रह र स्थानीय स्वायत्त शासन सम्बन्धि जानकारी दिन खोजिएकोले यसमा स्थानिय स्वायत्त शासनको अर्थ र महत्व, गाउँ विकास समिति तथा नगरपालिकाको गठन, काम, कर्तव्य र अधिकार, नगर विकास समिति, उपमहानगरपालिका तथा महानगरपालिकाको गठन, काम, कर्तव्य र अधिकार, जिल्ला विकास समितिको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धि कुरालाई समेटिएको पाइन्छ । परराष्ट्र नीतिसम्बन्धि कुरा गर्दा परराष्ट्र नीतिको अर्थ, परिभाषा र उद्देश्यहरु परराष्ट्र नीतिका आधारहरु, परराष्ट्र नीतिको महत्व र हाम्रो असंलग्न परराष्ट्र नीतिसम्बन्धि विषयवस्तुका बारेमा पनि समावेश गरिएको देखिन्छ । त्यसैगरी संयुक्त राष्ट्र संघ र दक्षिण एशियाली क्षेत्रिय सहयोग गठन सार्क सम्बन्धि पनि जानकारी दिनका लागि संयुक्त राष्ट्र सङ्घको उद्देश्यहरु, संयुक्त राष्ट्रसङ्घको विशेष समितिहरु नेपालको विकास कार्यमा संयुक्त राष्ट्रसङ्घको सहयोग अन्तराष्ट्रिय शान्ती स्थापनामा नेपालको योगदान, सार्क संगठनका उद्देश्यहरु र सार्कको गठन र कार्यहरुलाई समावेश गरिएको पाइन्छ । यस्तै संयुक्त राष्ट्रसंघका अङ्गहरुका बारेमा जानकारी दिनका लागि यसको महासभा, सुरक्षा परिषद्, आर्थिक तथा सामाजिक परिषद, अन्तराष्ट्रिय न्यायलय आदि समावेश गरी विद्यार्थीहरुलाई नागरिकशास्त्र सम्बन्धि ज्ञान दिन खोजिएको देखिन्छ । यसरी समग्रमा भन्नुपर्दा नेपालको सन्दर्भमा कक्षा ९ र १० को नागरिक शिक्षाको पाठ्यक्रम ६ प्रकारका विषयवस्तुका क्षेत्रहरु समेटेको पाइयो, जुन यसप्रकार छन्:

(क) राज्यसँग सम्बन्धित विषयवस्तुहरु

(ख) नागरिकतासँग सम्बन्धित विषयवस्तुहरु

(ग) कानुनसँग सम्बन्धित विषयवस्तुहरु

(घ) सरकारसँग सम्बन्धित विषयवस्तुहरु

(ङ) व्यवस्थासँग सम्बन्धित विषयवस्तुहरु

(च) अन्तराष्ट्रिय कुराहरुसँग सम्बन्धित कुराहरु समेटिएको पाइन्छ ।

कक्षा ९ र १० को नागरिक शिक्षाको पाठ्यक्रमको नागरिक अधिकार र कर्तव्यलाई जोड दिएको पाइयो । त्यसै गरी यस पाठ्यक्रमले स्वतन्त्रता र समानता, राष्ट्रको कानुन साथै राज्य र यसको उत्पतिका सिद्धान्तलाई समावेश गरेको पाइयो । नेपालको लोकतान्त्रिक शासन प्रणाली, राजनीतिक दल तथा राज्य र यसका अङ्गहरुलाई समेत जोड दिएको पाइयो ।

## २.४ अवधारणात्मक ढाँचा

कुनै पनि अध्ययनलाई प्रभावकारी ढंगले अगाडि बढाउन यस अध्ययनसँग सम्बन्धित कुराहरुलाई समेटेर चित्रात्मक रुपमा प्रसतुत गरेमा त्यसको खाका बन्न जान्छ र यसबाट अध्ययनको अवधारणा प्रष्ट हुन जान्छ । तसर्थ मेरो अध्ययन शीर्षक "नागरिक शिक्षाका दृष्टिले विद्यालयमा समावेश गरिएका सामाजिक अध्ययन विषयहरुको विश्लेषण" को अवधारणात्मक ढाँचा निम्न अनुसार निर्माण गरिएको थियो ।

**अनुसन्धानमा संलग्न पक्षहरु**

| सैद्धान्तिक कुराहरु | पाठ्यक्रममा समेट्न सक्ने विषयवस्तुहरु | विद्यालयका क्रियाकलापहरु |
|---|---|---|
| राष्ट्रियता र अन्तराष्ट्रियता<br>प्रजातन्त्र<br>स्वतन्त्रता<br>मानवता र नैतिकता<br>सत्य, न्याय र समानता<br>सामुदायिक सहिष्णुता<br>अधिकार र कर्तव्यहरु<br>विविधता र वहुलता<br>विज्ञान प्रविधिको सदुपयोग | सामाजिक भेदभावको अन्त्य<br>अनुसाशन<br>सामाजिक समस्या र तिनको निराकरण<br>विज्ञान प्रविधिको सदुपयोग<br>नागरिक चेतना<br>अन्तराष्ट्रिय सम्बन्ध<br>राष्ट्रिय र अन्तराष्ट्रिय व्यक्तित्व<br>कला र संस्कृति<br>राष्ट्रको गौरव गाथा<br>राष्ट्रिय तथा अन्तराष्ट्रिय कानुनको परिचय<br>जातिगत, भौगोलीक प्राकृतिक विविधताको परिचय<br>राष्ट्रिय विभुतिहरु<br>सहिष्णुताको विकास | आचार संहिता निर्माण र पालना<br>अध्ययन भ्रमण<br>अतिरिक्त क्रियाकलापमा सहभागिता<br>सामुदायिक सरसफाई<br>सामुदायिक विकासमा सहभागिता<br>सहयोग आदान प्रदान<br>स्वयम् सेवाको रुपमा भूमिका<br>जातिगत सम्मान<br>अनुशासन पालना<br>धार्मिक सम्मान<br>राष्ट्रिय पर्वहरुमा सहभागिता |

माथि उल्लेखित पक्षहरुमा सम्बन्धित रही यस अध्ययनलाई अगाडि बढाइएको थियो । अध्ययनमा संलग्न सरोकारावाला व्यक्तिहरु जस्तैः (विद्यालय निरिक्षक, स्रोत व्यक्ति, बिद्यालय व्यवस्थापन समिति अध्यक्ष, प्रधानाध्यापक, शिक्षक, विद्यार्थीहरु) सँग निम्न प्रश्नमा आधारित रहेर खोज अनुसन्धान गरिएको थियो :

१. सरोकारवालाको विचारमा समाजका प्राथमिकताहरु र अपेक्षाहरु के के छन् ?

२. नागरिक शिक्षाको सम्बन्धमा विद्यालय तहको सामाजिक अध्ययन विषयका विषयवस्तुहरुलाई कसरी समावेश गरिएको छ ?

३. नागरिक शिक्षासँग सम्बन्धित विद्यालयमा के के क्रियाकलापहरु गरिएका छन् ?

# अध्याय तीन

# अनुसन्धान विधि

जुनसुकै अनुसन्धानलाई पनि सम्पन्न गर्नका लागि निश्चित विधि र तौरतरिकाहरुको प्रयोग गर्नु पर्ने हुन्छ । यसरी अनुसन्धानमा सुरुदेखि गरिने प्रक्रियाहरु र तौरतरिकालाई अध्ययन विधि भनिन्छ । यस अध्ययनका लागि प्रयोग गरिने अनुसन्धान विधिलाई यस अध्ययनमा निम्न वमोजिम उल्लेख गरिएको छ ।

## ३.१ अनुसन्धान ढाँचा

अनुसनधान ढाँचा अनुसन्धान गरिने विषयको प्रकृति, अध्ययनको उद्देश्य, संकलित सूचनाको किसिम जस्ता विभिन्न पक्षहरुमा निर्भर गदृछ । यो अनुसन्धानमा गुणात्मक ढाँचाको प्रयोग गरिएको थियो ।

## ३.२ नमुना छनोट

### ३.२.१ अध्ययन क्षेत्रको छनोट

अनुसन्धानको लागि आवश्यक सूचनाहरु संकलन गर्न उदयपुर जिल्लाको त्रियुगा नगरपालिका भित्रका दुई वटा सामुदायिक विद्यालयहरुलाई छनोट गरिएको थियो । यसैगरी छनोटमा परेका विद्यालयमा अध्ययनरत विधार्थीहरु, प्रधानाध्यापक शिक्षकहरु विद्यालय व्यवस्थापन समिति अध्यक्ष, विद्यालय निरिक्षक र स्रोत व्यक्तिलाई अध्ययनको जनसंख्याको रुपमा छनोट गरिएको थियो ।

### ३.२.२ विद्यालयको छनोट

यस अध्ययनको लागि उदयपुर जिल्ला अन्तर्गत त्रियुगा नगरपालिका भित्र रहेका छ वटा सामुदायिक विद्यालय मध्ये दुई वटा माध्यमिक विद्यालयलाई सुविधाजनक नमूना छनोट विधिबाट लिइएको थियो ।

### ३.२.३ प्रधानाध्यापक को छनोट

अनुसन्धानको लागि छनोटमा परेका प्रत्येक विद्यालयका १/१ जना गरी जम्मा २ जना प्रधानाध्यापक स्वतः रुपमा लिइएको थियो ।

### ३.२.४ शिक्षकको छनोट

अध्ययनको लागि छनोटमा परोका २ वटा विद्यालयमा समाजिक विषय शिक्षण गर्ने ९ जना शिक्षकलाई स्वतः रुपमा छनोट गरिएको थियो ।

### ३.२.५ विधार्थीको छनोट

अध्ययनको लागि छनोटमा परेका २ वटा माध्यमिक विद्यालयका कक्षा ६ देखि १० सम्म प्रत्येक कक्षावाट केटा केटी पर्ने गरी ४-४ जना गरी ४० जना विद्यार्थीहरु उद्देश्यपूर्ण विधिबाट छनोट गरिएको थियो । त्यसैगरी लक्षित समूह छलफल गर्न कक्षा ४ र ५ का ३/३ जना गरी दुवै विद्यालयबाट ६/६ जना विद्यार्थीहरु चिठ्ठा पद्धतिद्वारा छनोट गरियो ।

### ३.२.६ विद्यालय व्यवस्थापन समिति अध्यक्षको छनोट

अध्ययनको लागि छनोटमा परेका दुवै विद्यालयका एक-एक जना गरी २ जना विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु लिइएको थियो ।

### ३.२.७ विद्यालय निरिक्षक/स्रोत व्यक्तिको छनोट

अध्ययनको लागि छनोटमा परेका विद्यालयसंग सम्बन्धित १ जना विद्यालय निरिक्षक र १ जना स्रोत व्यक्ति छनोट गरिएको थियो ।

### ३.२.८ कक्षा छनोट

अध्ययनको लागि कक्षा ४ देखि कक्षा १० सम्मका कक्षाहरु लिइएको थियो ।

### ३.२.९ विषय छनोट

अध्ययनको लागि विद्यालय तहको समाजिक अध्ययन विषय लिइएको थियो ।

## ३.३ साधनको निर्माण

यस अध्ययनको लागि आवश्यक सूचना तथा जानकारी संकलन गर्ने उद्देश्यले निम्न लिखित साधनको निर्माण गरिएको थियो ।

### ३.३.१ अन्तर्वाता प्रश्नावली

गुणात्मक एवंम् परिमाणात्मक अनुसन्धानमा अन्तर्वाता प्रश्नावली एक प्रभावकारी विधि भएकाले प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिका अध्यक्षका लागि नागरिक शिक्षा सम्बन्धि समाजका अपेक्षा, सामाजिक अध्ययनका विषयवस्तु र विद्यालयका क्रियाकलापहरु सम्बन्धित सूचना थाहा पाउन अन्तर्वाता प्रश्नावली तयार प्रयोग गरिएको थियो ।

### ३.३.२ खुल्ला प्रश्नावली

प्रस्तुत खोजको लागि माध्यमिक तहको समाजिक विषय शिक्षणका क्रममा गरिएका नागरिक शिक्षा समबन्धि कृयाकलाप बारे जानकारी लिन विधार्थी, विषय शिक्षक र विद्यालय निरिक्षक तथा स्रोत व्यक्तिका लागि खुल्ला प्रश्नावली निर्माण गरिएको थियो ।

### ३.३.३ छलफल निर्देशिका

प्रस्तुत खोजसँग सम्बन्धित विद्यालयमा भएका थप कृयाकलाप अभिभावक, विधार्थी र शिक्षकले गरेका कार्यहरुवारे बुझ्न कक्षा ४ र ५ का विद्यार्थीहरुसँग लक्षित समूह छलफलका लागि छलफल निर्देशिका निर्माण गरिएको थियो ।

### ३.४ सूचना सङकलनका प्रकृया

कुनै पनि समस्याको खोज तथा अनुसन्धान गर्न र समस्याहरु पहिल्याउन सूचनाको आवश्यक्ता पर्दछ । तसर्थ यहाँ अध्ययनसंग सम्बन्धित प्राथमिक र द्वितिय स्रोतका आधारमा सूचनाहरु सङ्कलन गरिएको थियो । सर्वप्रथम द्वितिय स्रोतवाट सूचना सङ्कलन गरियो । यसका लागि आवश्यक दस्तावेज र रेकर्डहरु अध्ययन गरियो ।

अध्ययनका क्रममा अनुसन्धानकर्ता आफैं सम्बन्धित क्षेत्रमा माध्यमिक तहको समाजिक विषय शिक्षणका क्रममा नागरिक शिक्षा सम्बन्धि कृयाकलाप वारे वुझ्न प्रधानाध्यापक, विषय शिक्षक, विधार्थी, विद्यालय निरीक्षक र विद्यालय व्यवस्थापन समिति अध्यक्षहरुसंग औपचारिक एवंम् अनौपचारिक भेटघाट, खुल्ला प्रश्नावली, अवलोकन, अन्तर्वाता, समुह छलफल मार्फत सूचनाहरु सङ्कलन गरिएको थियो ।

प्रतिवेदन लेखनकार्य सम्पन्न कार्यका लागि विभिन्न लिखित दस्तावेज, रेकर्ड, फाइलहरु निर्देशिका, पुस्तक, पत्रपत्रिका तथा समाजिक शिक्षा विषयमा प्रयोग हुने नागरिक शिक्षासंग सम्बन्धित शैक्षिक सामग्री, सम्बन्धित प्रकाशित लेखहरु, अनुसन्धान सम्बन्धि पुस्तक, पत्रपत्रिका आदिलाई आधार मानी सूचना सङ्कलन गरिएको थियो ।

### ३.५ सूचना विश्लेषण प्रक्रिया

सूचनाहरुको विश्लेषण र व्याख्या गर्नका लागि अनुसन्धानको उदेश्य अनुसार शीर्षक, उपशीर्षक, मिलाएर सूचनाको वर्णन गरिएको छ । सङकलन गरिएका सूचनाहरुमध्ये संख्यात्मक सूचनाहरुको तालिकीकरण गरी सूचनाहरुको विश्लेषण गरिएको छ । गुणात्मक सूचनाहरुको आवश्यक्ता अनुसार समुहवद्ध गर्ने, कारणहरु सन्दर्भहरु, प्रभावहरु अर्थहरु, धारणाहरुको बारेमा गहन रुपमा वर्णन गरिएको छ ।

### ३.६ सूचनाहरको वैद्यता निर्धारण

सूचनाको वैद्यताको लागि आवश्यताअनुसार विविध स्रोतहरु र विधिहरु प्रयोग गरी सूचनाहरु संकलन गरिएको थियो । संकलन गरिएका सूचनाहरुको अध्ययन क्षेत्रमा नै सरसर्ती अध्ययन गरिएको थियो । अस्पष्ट सूचनाहरुको तत्काले जाँच गरी निधो गरिएको थियो । प्राथमिक सूचनाहरु संकलनमा लागि अध्ययनकर्ता आफै संलग्न भई सूचनाको वैधता निर्धारण गरिएको थियो ।  त्यस पश्चात चिठ्ठी प्रमाणित गराई ल्याइएको थियो ।

### ३.७ नैतिकताको मापदण्ड

यस अनुसन्धान कार्यमा प्रत्यक्ष संलग्न सवैजनासंग सुमधुर सम्वन्ध कायम गरिएको थियो । उनीहरुको व्यक्तिगत सम्मानमा आँच आउने कुनै कार्य गरिएको थिएन । उनीहरुले गोप्य राख्न भनेका कुराहरुलाई गोप्य राखिएको थियो र उल्लेख गर्न भनिएका कुराहरु मात्र उल्लेख गरिएको थियो । त्यसैगरी छनोट गरिएका विधार्थीहरु, शिक्षकहरु, प्रधानाध्यापकहरु र सरोकारवालाहरुलाई कुनै किसिमको आर्थिक प्रलोभन, करकाप, डर, धाकधम्की प्रतिकृयाको लागि सौहार्दपूर्ण वातावरण सिर्जना गरिएको थियो ।

# अध्याय चार

# सूचनाको विश्लेषण र व्याख्या

नागरिक शिक्षाको दृष्टिले विद्यालयमा समावेश गरिएका समाजिक अध्ययन विषयहरुको विश्लेषण गर्नका लागि उदयपुर जिल्लाको त्रियुगा नगरपालिका वडा नं. १६ स्थित अम्वेवर जनता उच्च माध्यमिक विद्यालय र त्रियुगा नगरपालिका वडा नं.१३ स्थित श्री जनज्योति उच्च माध्यमिक विद्यालय गरी २ वटा विद्यालयका प्रधानाध्यापक, सामाजिक विषय अध्यापन गर्ने शिक्षकहरु, विद्यार्थीहरु, विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु, स्रोत व्यक्ति र विद्यालय निरीक्षकसँग अध्ययनकार्य गरिएको थियो । अध्ययन क्षेत्रबाट टिपोट गरिएका सूचनाहरुबाट प्राप्त तथ्याङ्क एवं सूचनाहरुलाई यस अध्ययनको उद्देश्य अनुसार यस अध्यायमा गुणात्मक रुपमा निम्न बमोजिम वर्णन गरिएको छ ।

## ४.१ नागरिक शिक्षा सम्बन्धि समाजका अपेक्षा र प्राथमिकताहरु

कुनै पनि समाज र राष्ट्रले व्यक्तिलाई असल नागरिकको रुपमा स्थापित गर्न निश्चित ऐन, नियम र नीतिको व्यवस्था गरेको हुन्छ । नागरिक शिक्षा सम्बन्धि नीतिहरु स्पष्ट गर्नका लागि नीतिहरुको वर्तमान अवस्था र ती नीतिहरुको सम्बन्धमा सरोकार वालाहरुको धारणा निम्न वमोजिम वर्णन गरिएको छ ।

### ४.१.१ नीतिगत अवस्था

हाम्रो देशमा १६ बर्ष उमेर पुगेपछि राज्यबाट प्रकृया पुर्‍याएर नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गरेका व्यक्तिलाई नेपाली नागरिक भनिन्छ । नागरिकले आफ्नो समाज र राष्ट्रप्रति दायित्व र कर्तव्य पुरा गर्न नागरिक शिक्षा आवश्यक हुन्छ । आज विद्यालय तहमा अध्ययनरत विद्यार्थीहरु भविष्यका नेपाली नागरिक हुन । भविष्यमा उनीहरुलाई असल नागरिक बनाउनका लागि नागरिक शिक्षालाई प्रवर्द्धन गर्ने क्रममा तपाईको विद्यालयको आचारसंहिता निर्माणमा क-कसको संलग्नता छ भन्ने प्रश्नको बारेमा दुवै विद्यालयका प्रधानाध्यापकहरुले प्रधानाध्यापक, शिक्षकहरु, बिद्यालय व्यवस्थापन समिति पदाधिकारी, शिक्षक अभिभावक संघका पदाधिकारी र विद्यार्थी प्रतिनिधिहरुको संलग्नता रहेको कुरा बताएका थिए । त्यसैगरी विद्यालयको आचारसंहिता निर्माणमा तपाईको संलग्नता छ भन्ने प्रश्नका बारेमा दुवै विद्यालयका बिद्यालय व्यवस्थापन समिति अध्यक्षहरुले आफ्नो प्रत्यक्ष संलग्नता रहेको बताएका थिए । विद्यालयको आचारसंहिता निर्माणमा संलग्न व्यक्तिहरु सम्बन्धि दुवै विद्यालयका कक्षा ४ र का ३ जना र कक्षा ५ का ३ जना गरी ६/६ जना विद्यार्थीहरुसँग दुई समुहमा लक्षित समूह छलफल गर्दा विद्यालयका शिक्षक, शिक्षिका, विद्यार्थीहरु मिलेर आचारसंहिता निर्माण गरेको प्रतिक्रिया पाइयो । सोही प्रश्न दुवै विद्यालयका कक्षा ६ देखि १० सम्मका ४० जना विद्यार्थीसँग सोद्धा विद्यालयको आचारसंहिता निर्माणमा शिक्षक, प्रधानाध्यापक, विद्यार्थी र बिद्यालय व्यवस्थापन समिति प्रतिनिधिको संलग्नता भएको पाइयो ।

विद्यार्थीहरुलाई असल नागरिक बनाउन विद्यालयले के कस्तो आचारसंहिता निर्माण गरेको छ भन्ने प्रश्नका सन्दर्भमा श्री अम्वेवर जनता उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापकबाट विद्यार्थीलाई अनुशासित र लगनशिल बनाउने, अरुप्रति सहयोगको भावना राख्ने, देश प्रेम र आफ्नो देशप्रति बफादार हुन सिकाउने किसिमको आचारसंहिता निर्माण गरेको जवाफ पाइयो भने श्री जनज्योति उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापकले वर्तमान शिक्षा नियमावलीमा व्यवस्था गरिएको विद्यार्थीको आचारसंहितालाई आधार मानेर विद्यालयमा आचारसंहिता निर्माण गरिएको पाइयो । विद्यार्थीलाई समाजको असल नागरिक बनाउन विद्यालयले के कस्ता आचारसंहिता निर्माण गरेको छ भनी दुवै विद्यालयमा सामाजिक शिक्षा अध्यापन गर्ने ९ जना शिक्षक/शिक्षिकाहरुलाई प्रश्न सोधिएकोमा सानालाई माया र ठूलालाई आदर गर्नुपर्ने, असक्तलाई सहयोग गर्ने, झुठो नबोल्ने, मेल मिलापको भावना राख्ने, अनुशासन र मर्यादासँग सम्बन्धित, कर्तव्य, लगनशिलता र आपसी सहयोगसँग सम्बन्धित कुलतबाट टाढा राख्ने, सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने, वातावरणीय सरसफाईमा ध्यान दिने, अनिवार्य रुपमा ड्रेस लगाएर ठीक समयमा विद्यालय आउने, गृहकार्य र कक्षाकार्य नियमित रुपमा गर्ने, विद्यालयमा सिकेका कुरा व्यवहारमा उतार्ने जस्ता प्रतिकृया प्राप्त भए ।

**तालिका ४.१ :**
**बिद्यालयले निर्माण गरेको आचारसंहिता सम्बन्धि बिद्यार्थीको प्रतिकृया**

| **प्रतिकृया** | **विद्यार्थी संख्या** |
|---|---|
| राम्रो | २० |
| ठीक | १२ |
| कमजोर | ८ |
| **जम्मा** | **४०** |

माथिको तालिका अनुसार आधा विद्यार्थीहरुले आचारसंहिता राम्रो भएको, एक तिहाइले ठिकभएको र अन्यले कमजोर भएको प्रतिकृया दिएका थिए ।

यस प्रश्नको जवाफमा दुई जना विद्यार्थीहरुबाट आचारसंहिता राम्रो भएको तर सबै नियम पालन नभएकोमा दुःख लागेको र शिक्षकहरुले आ-आफ्नो घण्टीमा सबै कक्षामा पढाउन गए झनै राम्रो हुने प्रतिकृया प्राप्त भयो । विद्यालयमा आचारसंहिता निर्माण गरिएको भएता पनि सबै शिक्षक र बिद्यार्थीहरुबाट त्यसको पालन नभएको देखिन्छ । यसबाट विद्यार्थीहरु भविष्यमा नागरिक जीवनमा प्रवेश गरेपछि पनि राज्यका नियमहरु, सामाजिक नियमहरु र सार्वजनिक अनुशासन पालन नगर्ने प्रवृत्तिको विकास हुन सक्ने देखिन्छ ।

तपाईको विद्यालयमा विद्यार्थीहरुले पालन गर्नुपर्ने नियमहरु के के छन् भनि दुवै विद्यालयका २०/२० जना निम्न माध्यमिक र माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुलाई सोधिएको प्रश्नको उत्तरमा शिक्षकको आज्ञा पालन र आदर सत्कार गर्नु पर्ने, नियमित समयको पालना, विद्यालय भित्र अनुशासनमा रहनु पर्ने, विद्यालयले आयोजना गरेको अतिरिक्त क्रियाकलापमा भाग लिनुपर्ने, शिक्षकले दिएको गृहकार्य र कक्षाकार्य नियमित रुपमा गर्नु पर्ने, अनिवार्य रुपमा विद्यालयले तोकेको पोशाक लगाउने, विद्यालयको हाताभित्र मोबाइल बोक्न नपाइने, साथीहरुसँग मिलेर बस्ने, शिक्षकसँग अनुमति नलिई विचमा घर जान नपाईने, सबैसँग शिष्ट व्यवहार गर्नु पर्ने, कक्षा कोठाभित्र खानेकुरा नखाने, विद्यालयमा उपस्थित हुन नसक्ने अवस्थामा निवेदन पठाउने, अध्ययनशिल हुने, विद्यालय परिसर र कक्षाकोठा सफा राख्ने, फूलवारीमा गोडमेल गर्ने र पानी लगाउने नियमित रुपमा परिचय पत्र लगाएर आउने, साथीहरुका कितावकापी नलुकाइदिने र विद्यालयको सम्पत्तिको संरक्षण गर्ने जस्ता नियमहरु भएको पाइयो ।

असल नागरिकको भूमिका निर्वाह गर्न शिक्षकहरुका लागि के कस्ता आचारसंहिता बनाउनु भएको छ भनि प्रश्न सोधिएकोमा श्री श्री अम्वेवर जनता उच्च माध्यमिक बिद्यालय का प्रधानाध्यापकबाट शिक्षकले विद्यार्थीलाई पाठ्यपुस्तकको मात्र नभई बाह्य ज्ञान दिने, विद्यार्थीहरुलाई राष्ट्र र समाज प्रतिको उनीहरुको उत्तरदायित्व वोध गराउने, विद्यार्थीलाई पूर्ण रुपमा नैतिक शिक्षाको ज्ञान दिने, विद्यार्थीहरुमा एक अर्का प्रति माया, ममता, प्रेम, आदर, सत्कार जस्ता सामाजिक भावनाको विकास गराउने, जस्ता आचार संहिता रहेको उत्तर पाइयो भने सोही प्रश्न श्री जनज्योति उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापलाई सोधिएकोमा हालको शिक्षा नियमावलीले तोकेको शिक्षकको आचारसंहितालाई नै आधार मानेर आफ्नो विद्यालयमा शिक्षकको आचारसंहिता बनाएको प्रतिकृया प्राप्त भयो । त्यसैगरी असल नागरिकको भूमिका निर्वाह गर्न विद्यालयले शिक्षकहरुको लागि कस्तो आचारसंहिता निर्माण गरेको छ भन्ने बारेमा दुवै विद्यालयका ९ जना सामाजिक विषय पढाउने शिक्षकहरुलाई सोधिएको प्रश्नको जवाफमा अनुशासन र नियमको पालन गर्ने, शिक्षक जस्तो पवित्र पेशाको पदीय सम्मानको अस्तित्व कायम राख्न कर्तव्यनिष्ठ रहने, असल व्यवहार देखाउने, एक अर्का बिच सद्भाव कायम राख्ने, विद्यालयका नियमको पालन गर्ने, विद्यालय समय र परिसरमा धुम्रपान मद्यपान नगर्ने, शिक्षकका हरेक क्रियाकलाप अनुकरणीय हुनु पर्ने, असल आचरण गर्ने, सबै जात जाति भाषा, धर्म र सम्प्रदायका विद्यार्थीहरुसँग समान व्यवहार गर्ने, विद्यालयको भैतिक सम्पत्तिको रक्षा गर्ने, समर्पित र निस्वार्थ भावले आफ्नो कर्तव्य पुरा गर्ने, समय र कर्तव्यको पालन गर्ने, राजनीतिक चेतना, निस्वार्थता तथा राष्ट्रियताको भावना जगाउने, जस्ता आचारसंहिता भएको प्रतिक्रिया पाइयो ।

तपाईको विचारमा विद्यार्थीहरुलाई समाजको असल नागरिक बनाउन विद्यालयले के कस्तो शैक्षिक नियमहरु बनाउनु भएको छ भनी श्री जनज्योती उच्च माध्यमिक विद्यालयका बिद्यालय व्यवस्थापन समिति अध्यक्षसँग प्रश्न सोधिएकोमा शिक्षा नियमावलीमा तोके बमोजिम विद्यार्थीको

आचारसंहिता निर्माण, असल नागरिकका  गुणहरु विद्यार्थीहरुमा विकास गराउन असल नागरिकका जीवनी सुनाउने जस्ता नियमहरु बनाएको, उक्त नियमहरु प्रति आफ्नो सकारात्मक धारणा रहेको र विद्यालयले बनाएको नियमले समाजलाई प्रत्यक्ष रुपमा सकारात्मक प्रभाव पारेको प्रतिक्रिया पाइयो । त्यसैगरी सोही प्रश्न श्री अम्वेवर जनता उच्च माध्यमिक विद्यालयका बिद्यालय व्यवस्थापन समिति अध्यक्षलाई सोधिएकोमा शिक्षक र विद्यार्थीहरु १० बजे अघि विद्यालय परिसरमा प्रवेश गरी सक्ने, विद्यार्थीको हाजिरी प्रत्येक दिन २ पटक (प्रथम र सातौं घण्टीमा) गर्ने, समय समयमा अतिरिक्त क्रियाकलाप गर्ने र यी नियमहरुले समाजमा पनि राम्रो प्रभाव पारेको जवाफ पाइयो ।

तपाईले विद्यालयमा पालन गर्नु पर्ने नियमहरु के के छन् भनि दुवै विद्यालयका ४० जना विद्यार्थीहरुलाई प्रश्नावली भर्न दिइएकोमा निम्न अनुसारका नियमहरु भएको प्रतिक्रिया पाइयो ।

- शिक्षकको आज्ञा पालन र आदर सत्कार गर्ने ।
- समयको नियमित रुपमा पालन गर्ने ।
- विद्यालय भित्र र बाहिर पनि अनुशासनमा रहने ।
- विद्यालयले आयोजना गरेका अतिरिक्त क्रियाकलापहरुमा सहभागी हुने ।
- शिक्षकको निर्देशन बमोजिम गृहकार्य र कक्षाकार्य नियमित रुपमा गर्ने ।
- अनिवार्य रुपमा विद्यालयले तोकेको पोशाक लगाउने ।
- विद्यालयको हाताभित्र मोवाईल बोक्न नपाईने ।
- विद्यालयले तोकेको समयमा बिद्यालयमा उपस्थित हुने ।
- साथीहरुसँग मेलमिलाप र सहयोगको भावना राख्ने ।
- विद्यालय नआएको खण्डमा अनिवार्यरुपमा निवेदन पठाउने ।
- अध्ययनशिल हुने
- कक्षाकोठा र बिद्यालय परिसर सफा गर्ने ।
- विद्यालय नियमित आउने ।
- कक्षामा खानेकुरा नखाने ।
- चरित्रवान हुने ।
- विद्यालय छुट्टी भएपछि मात्र घर जाने ।
- पारस्परिक सद्भाव, प्रेम, सहानुभूति तथा शान्तिपूर्ण व्यवहार प्रदर्शन गर्ने ।
- सबैसँग शिष्ट व्यवहार गर्ने ।
- विद्यालयको सम्पत्तिको संरक्षण गर्ने ।
- राष्ट्रप्रति सकारात्मक सोच राख्ने ।
- आफुभन्दा सानालाई माया र ठूलालाई आदर गर्ने ।

- विद्यार्थीले कुनै किसिमको गुनासो व्यक्त गर्नुपरे प्रधानाध्यापक समक्ष आफ्नो कुरा राख्ने ।
- छात्र-छात्रा, धनी-गरिब, दलित-गैरदलित, कसैप्रति पनि भेदभाव नगरी समान व्यवहार गर्ने ।
- साथीहरुका किताब, कापी,कलम र अन्य सामानहरु अनुमति नलिई नचलाउने ।
- केटी साथीलाई नजिस्क्याउने ।
- परिचयपत्र नलिई बिद्यालय नआउने ।

**तालिका ४.२**

**बिद्यालयले निर्माण गरेको आफुलाई सबैभन्दा मन पर्ने नियम सम्बन्धि बिद्यार्थीको प्रतिकृया**

| नियम | बिद्यार्थी संख्या |
|---|---|
| १० बजे बिद्यालय भित्र प्रवेश गरिसक्नु पर्ने | ३ |
| गुरुको आज्ञा पालन गर्ने | १ |
| अनुशासनमा रहने | १० |
| विद्यालयले तोकेको पोशाक लगाउने | १० |
| नियमित रुपमा बिद्यालयमा उपस्थित हुने | २ |
| आचारसंहिताको पालन गर्ने | १ |
| सबैसँग सभ्य र शिष्ट व्यवहार गर्ने | १ |
| कक्षाकोठामा मोवाइल नल्याउने | ४ |
| विद्यालय छुट्टीहुनु अगाडि भाग्ने बिद्यार्थीलाई कारवाही गर्ने | १ |
| सबैजना मिलेर कक्षाकोठा र बिद्यालय हाता सरसफाई गर्ने | १ |
| राष्ट्रियता र संस्कृतिको उत्थानका लागि सधैं प्रयत्नशिल हुने | १ |
| धुम्रपान, मद्यपान र लागु पदार्थबाट सधैं टाढा रहने | १ |
| अध्ययनशिल हुने | १ |
| विद्यालयमा अनुपस्थित रहँदा निवेदन पठाउने | १ |
| विद्यालयले आयोजना गरेको कार्यक्रममा हभागी हुने | १ |
| विद्यालयको गेटमा पाले/पियन राख्ने | १ |
| **जम्मा** | **४०** |

माथिको तालिका अनुसार एक चौथाई विद्यार्थीहरुले अनुशासनमा रहने र विद्यालयले तोकेको पोशाक लगाउने नियम सबभन्दा बढी मन परेको बताएका थिए । उल्लेख्यले दश बजे विद्यालय भित्र प्रवेश गरिसक्नु पर्ने, कक्षामा मोबाईल ल्याउन नहुने नियम मन परेको प्रतिक्रिया दिए । बाँकी विद्यार्थीहरुले गुरुको आज्ञा पालन गर्ने, नियमित रुपमा विद्यालयमा उपस्थित हुने, आचारसंहिताको पालन गर्ने, नम्र र शिष्ट व्यवहार गर्ने, विद्यालय छुट्टी भएपछि मात्र घर जाने, विद्यालयको सरसफाई गर्ने,

राष्ट्रियता र सँस्कृतिको उत्थानमा प्रयत्नशील हुने, अस्वस्थक र वानीबाट टाढा रहने, अध्ययनशिल हुने, गेटमा पाले राख्ने जस्ता नियम आफूलाई मन परेको प्रतिक्रिया दिए ।

विद्यालयले बनाएको नियमले समाजलाई कस्तो प्रभाव पारेको छ भनि श्री जनज्योति उच्च माध्यमिक विद्यालयका बिद्यालय व्यवस्थापन समिति अध्यक्षलाई प्रश्न सोधीएकोमा विद्यालयले बनाएको नियमले समाजलाई प्रत्यक्ष रुपमा सकारात्मक प्रभाव पारेको जवाफ पाइयो भने सोही प्रश्नको जवाफमा श्री अम्वेवर जनता उच्च माध्यमिक विद्यालयका बिद्यालय व्यवस्थापन समिति अध्यक्षबाट विद्यालयले बनाएका सम्पूर्ण नियमहरु विद्यालय, विद्यार्थी र समाजको उन्नती, प्रगती र सुधारका लागि बनाइएको हुनाले समाजमा पनि राम्रै प्रभाव परेको हुनुपर्छ भन्ने प्रतिकृया पाइयो ।

त्यसैगरी कक्षाकोठामा राम्रो र महत्वपूर्ण नियमहरु के के छन् भनि दुवै विद्यालयका ६/६ जना कक्षा ४ र ५ का विद्यार्थीहरुसँग लक्षित समूह छलफल गर्दा कक्षाकोठा पालैपालो सफा गर्ने, आफुभन्दा ठूलालाई आदर र सानालाई माया गर्ने, साथीको सामान नचोर्ने, आफ्ना सामान र किताव कापीको जतन गर्ने, नयाँ मानिस र शिक्षक शिक्षिका कक्षाकोठामा प्रवेश गर्दा सवैजना उठेर अभिवादन गर्ने, कक्षाकार्य र गृहकार्य नियमित रुपमा गर्ने जस्ता नियमहरु रहेको पाइयो ।

तपाईको कक्षाकोठामा कस्ता नियमहरु बनाउनु भएको छ भनी दुबै विद्यालयका निम्न माध्यमिक र माध्यमिक तहका जम्मा ४० जना विद्यार्थीहरुलाई प्रश्नावली भर्ना दिइएकोमा निम्न अनुसारका नियमहरु रहेको प्रतिकृया प्राप्त भयो ।

- नियमित रुपमा विद्यालय आउने ।
- नियमित रुपमा कक्षाकार्य र गृहकार्य गर्ने ।
- शिक्षकलाई आदर गर्ने ।
- सबै विद्यार्थी कक्षाकोठामा अनुशासनमा बस्नु पर्ने ।
- मोवाईल लिएर कक्षाकोठामा प्रवेश नगर्ने ।
- शिक्षकले पढाएको समयमा अनावश्यक गफ गर्न नपाइने ।
- विद्यालय आएर टिफिनमा भाग्नेलाई सजाय दिने ।
- एकदिन विद्यालय नआउनेलाई रु. ५ जरिवाना गर्ने ।
- पालैपालो कक्षाकोठा सफा गर्ने र कालोपाटी पोत्ने ।
- कक्षाकोठाभित्र पोशाक लगाएर मात्र प्रवेश गर्ने ।
- शिक्षक आउनु भन्दा अगाडि नै सबै विद्यार्थीहरु कक्षामा प्रवेश गरिसक्ने
- आकर्षक चित्रहरु बनाई कक्षाकोठाको भित्तामा टाँसेर कक्षाकोठा सजाउने ।

- खाली घण्टीमा कक्षामा वक्तृत्वकला, हिज्जे, प्रतियोगिता, वादविवाद, हाजिरी जवाफ र अन्य क्रियाकलाप गर्ने ।
- विषयगत पाठ्यपुस्तक अनिवार्य रुपमा ल्याउने ।
- शिक्षकले कक्षामा समूहकार्य गराउँदा सक्रियरुपले सहभागी हुने ।
- कक्षागत गीत गाउने ।
- बसाइमा रोटेशन गर्ने ।
- कक्षाकोठा भित्र र बाहिर पनि झै झगडा नगर्ने ।
- घरमा जरुरी कामपरेमा छुट्टी मागेर मात्र घर जाने ।
- शिक्षकहरु कक्षाकोठामा आउँदा सबैजना उठेर अभिवादन गर्ने ।
- प्रत्येक हप्ता पालैपालो फूलवारी गोड्ने र पानी हाल्ने ।
- नबुझेको कुरा शिक्षकलाई पालैपालो प्रतिप्रश्न गर्ने ।
- शिक्षकको निर्देशन पालन गर्ने ।
- सबै साथीहरुसँग मेलमिलाप गरी मित्रवत व्यवहार गर्ने ।
- कक्षाकोठाभित्र खानेकुरा नखाने ।
- विद्यालयले बनाएका अन्य नियमहरु पालन गर्ने ।
- विद्यालय आउन नसकेको खण्डमा निवेदन पठाउने ।
- शिक्षण सिकाई क्रियाकलापमा सक्रियरुपले सहभागी हुने ।
- कक्षा मुनीटरलाई सोधेर मात्र बाहिर जाने ।
- कक्षामा कागत च्यातेर फ्याक्न नपाइने ।
- आफ्नो घण्टीभरी शिक्षकले कक्षाकोठामै समय व्यतित गर्नुपर्ने ।
- एक पटकमा कक्षाबाट दुईजना मात्र बाहिर निस्कन पाउने ।
- विद्यार्थीले गृहकार्य नगरेमा सजायको भागी बन्नु पर्ने ।
- सबैले नङ् काट्नु पर्ने ।
- छात्रहरुले लामो कपाल पाल्न नपाइने ।
- शिक्षकको अनुपस्थितिमा साथीहरु बिच विषयगत छलफल गर्ने ।

तपाईको विचारमा कस्तो विद्यार्थीलाई असल विद्यार्थी भन्न सकिन्छ भनि श्री जनज्योति उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापकलाई प्रश्न गर्दा विद्यालयको नीति नियममा रही शिक्षण सिकाई क्रियाकलापमा सक्रिय भई आशातित सफलता हाँसिल गर्ने विद्यार्थी नै असल विद्यार्थी हो भन्ने जवाफ पाइयो । सोही प्रश्न श्री अम्वेवर जनता उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापकलाई सोधिएकोमा

अनुशासित, अरुलाई आदर गर्ने, विद्यालयको आचारसंहित पालन गर्ने, शिक्षकलाई गुरुको संज्ञा दिने, आफुभन्दा ठूलालाई आदर र सानालाई माया गर्ने, सधै विद्यालयमा उपस्थित भई विद्यालयमा सिकेका कुरा दैनिक जीवनमा व्यवहारमा उतार्ने । सकारात्मक सोच भएको विद्यार्थी नै असल विद्यार्थी हुन सक्ने प्रतिक्रिया प्राप्त भयो ।

त्यसैगरी तपाईको विचारमा कस्तो विधार्थीलाई असल विधार्थी भन्न सकिन्छ भनी दुवै विद्यालयका ९ जना सामाजिक विषय अध्यापन गर्ने शिक्षकहरुलाई प्रश्न सोधेकोमा निम्न गुणहरु भएको विद्यार्थी नै असल विद्यार्थी हुन सक्ने जवाफ पाइयो ।

अनुशासित, नैतिकवान, आज्ञाकारी, साँचो र सत्यकुरा बोल्ने, निडर, कर्तव्यनिष्ठ, शिष्ट व्यवहार भएको, सहासी, अरुको विचारलाई कदर गर्दै आफ्नो तर्क राख्ने, आफूले प्राप्त गरेको ज्ञानलाई व्यवहारमा उतार्ने, मिलनसार, सहयोगी, वफादार, परिश्रमी, लगनशील, दृढ इच्छाशक्ति भएको, दैनिक रुपले कक्षामा उपस्थित भई नियमित रुपमा कक्षाकार्य र गृहकार्य गर्ने, असल आचरण भएको, अध्ययनशील, सहिष्णु, आफ्नो अधिकार र कर्तव्यप्रति सचेत, बैज्ञानिक चिन्तन गर्ने, आज्ञाकारी, निश्वार्थ, लक्ष्य उन्मुख, विनयी, जेहन्दार विधार्थीलाई असल विधार्थी भन्न सकिने प्रतिकृया प्राप्त भयो ।

तपाईको विचारमा असल नागरिकका गुण/विशेषताहरु के कस्ता हुन्छन् होला भन्ने बारे विद्यालय निरिक्षकलाई सोधीएकोमा आफ्नो अधिकार र कर्तव्यप्रति सचेत, अरुको अधिकारको सम्मान गर्ने, सहयोगी, शिष्ट, अनुशासित, देशभक्त, निस्वार्थी, असल आचरण एवं सुसँस्कृत, जस्ता गुणहरु असल नागरिकमा हुनुपर्ने बताउनु भयो भने सोही प्रश्न स्रोत व्यक्तिलाई सोधिएकोमा असल नागरिकमा कर्तव्यपरायण, देशभक्ति, सहयोगी, लगनशील, नैतिकवान, अनुशासन, समाजसेवा, मानवताको भावना जस्ता गुणहरु हुनुपर्ने जवाफ पाइयो ।

तपाईको विचारमा असल नागरिकका गुणहरु के के हुन भनि दुवै विद्यालयका जम्मा ४० जना विद्यार्थीहरुलाई प्रश्नावली मार्फत सोधिएको प्रश्नको जवाफ निम्न अनुसार पाइयो ।

| | | |
|---|---|---|
| दयालु | सहिष्णुता | सत्य र न्यायका पक्षमा आवाज उठाउनु |
| नम्रता | स्वावलम्बन | देशको सेवा गर्नु |
| सहनशिलता | अध्ययनशिलता | भ्रष्टाचार नगर्नु |
| धैर्यता | समयको पालन गर्ने | राष्ट्रिय सम्पत्तिको संरक्षण गर्नु |
| अनुशासन | सकारात्मक सोच भएको | अरुको कुराप्रति ध्यान दिनु |
| आदर र सद्भाव | भेदभाव नगर्ने | आत्मसंयम् |
| मिलनसार | सामजिक विकृतिको विरोध गर्ने | परोपकारी |
| आफुभन्दा ठूलालाई आदर गर्नु | देशप्रति समर्पित | वैज्ञानिक सोच भएको |
| आफूभन्दा सानालाई माया गर्नु | देशको सुरक्षा गर्ने | समाजसेवाको सोच भएको |
| चरित्रवान/नैतिकवान | आफ्नो अधिकार र कर्तव्य प्रति सचेत | असक्त अपाङ्गको सहयोग गर्नु |
| समाजलाई सहि बाटोमा हिंडाउने | सहयोगी | अरुको डाहा, इर्ष्या नगर्नु |
| शिष्टाचार र सद्गुण | राज्यलाई कर तिर्नु | सामजिकीकरण |
| लगनशिलता | कानूनको पालन गर्नु | |
| श्रमप्रति आदर गर्ने | परिस्थिति अनुसार चल्न सक्ने | |
| भावुक चिन्तन गर्ने | दुःखमा नडराउने | |
| राष्ट्रिय भावना | स्पष्टता | |
| नागरिक दायित्व | शान्तिप्रिय | |
| राजनीतिक जागरुकता | सुशिक्षीत् | |
| स्वास्थ्य जीवन | स्वावलम्बी | |
| उच्च विचार | सादाजीवन र उच्च विचार | |

अहिलेको नेपाल सरकारले तय गरेको कुन कुन ऐन नियमहरुले नागरिक शिक्षालाई सहयोग गर्छ होला भन्ने बारेमा स्रोत व्यक्तिलाई प्रश्न सोधिएकोमा २०२८ को शिक्षा ऐनको सातौं संशोधनले नागरिक शिक्षालाई सहयोग गरेको, ४ बर्ष उमेर पुगेका सबै बालवालीकालाई एक बर्षको पूर्व प्राथमिक शिक्षा दिई पूर्व प्राथमिक शिक्षालाई विद्यालय संरचनामा ल्याइएको, यसै ऐनले पूर्व प्राथमिक विद्यालय खोल्न गा.वि.स. वा नगरपालिकालाई अधिकार प्रदान गरेको, घुम्ती विद्यालय खोल्न अनुमति दिने, शिक्षालाई निःशुल्क गर्ने व्यवस्था गरेको प्रतिक्रिया पाइयो । त्यसैगरी वर्तमान नीति, नियमहरुले विद्यार्थी शिक्षक र समाजलाई कस्तो प्रभाव पारेको छ भनि जिज्ञासा राख्दा वर्तमान नीति, नियमले शिक्षकलाई खुल्ला, पारदर्शी, स्वतन्त्र र कर्तव्य परायण बनाएको छ । शिक्षकहरुको नियुक्ती तथा बढुवाको लागि केन्द्रमा

राष्ट्रिय शिक्षक सेवा आयोग र यस अन्तरगत छनोट समितिहरु गठन गरिएको छ । विद्यार्थीहरुका लागि स्वतन्त्र र लगनशील बन्ने वातावरणको सृजना, आफ्नो रुची अनुसारको विषय छनोट गरी अध्ययन गर्ने अवसर प्रदान गर्ने तथा विद्यालय तहमा निःशुल्क शिक्षाको व्यवस्था गरेको छ । वर्तमान नीति नियमहरुको समाजमा परेको प्रभाव अन्तरगत गाउँ शिक्षा समितिको गठन, बिद्यालय व्यवस्थापन समिति को पूर्ण अधिकार, ग्रामीण शिक्षा विकास कोषको स्थापना जस्ता सकरात्मक प्रभाव परेको पाइयो । सोही प्रश्न विद्यालय निरीक्षकलाई सोधिएकोमा नेपाल सरकारले अवलम्बन गरेको दण्डरहित शिक्षा, वालमैत्री शिक्षा, समाहित शिक्षा, विशेष शिक्षा, प्रौढ शिक्षा, जस्ता नीतिहरुले नागरिक शिक्षालाई सहयोग गरेको जवाफ पाइयो । वर्तमान नीति नियमको शिक्षक, विद्यार्थी र समाजमा पारेको प्रभाववारे स्रोत व्यक्ति र विद्यालय निरीक्षकको समान प्रतिक्रिया पाइयो ।

अहिले नेपाल सरकारले तय गरेका कुन कुन ऐन नियमहरुले नागरिक शिक्षालाई सहयोग गरेको छ होला भनि दुवै विद्यालयका ९ जना सामाजिक विषय अध्यापन गर्ने शिक्षकलाई प्रश्न गरिएकोमा बाल अधिकार, मौलिकहक र कर्तव्य, अन्तरिम संविधान, शिक्षा ऐन २०२८ का विभिन्न संशोधनहरु, दलित, जनजाति, मधेसी र महिला आरक्षण, धर्म निरपेक्षता, फौजदारी कानून, विचार अभिव्यक्तिको स्वतन्त्रता, शिक्षा नियमावलीमा तोकिएको शिक्षक/विद्यार्थीको आचारसंहिता, महिला तथा वालवालिका सम्बन्धि अन्तराष्ट्रिय अभिसन्धिहरु विद्यालयमा गरिने अतिरिक्त क्रियाकलापले नागरिक शिक्षालाई सहयोग गरेको पाइयो । त्यसैगरी असल नागरिक निर्माण गर्ने सन्दर्भमा अहिलेको नीति नियमको समाज र विद्यालयमा कस्तो प्रभाव परेको छ भन्ने बारेमा दुवै विद्यालयका ९ जना शिक्षकहरुलाई सोधिएकोमा विद्यालयमा प्रजातान्त्रिक वातावरणको सृजना, सद्भाव बढेको, वातावरणीय सरसफाई गर्ने वानीको विकास भएको, असल नागरिकका गुण वारे जानकारी हुने तर बाल अधिकार, वालमैत्री शिक्षण, शिक्षकले विद्यार्थीसँग गर्ने प्रजातान्त्रीक व्यवहार र उदार कक्षोन्नतीले विद्यार्थीमा अनुशासनहिनता बढ्दै गएको मिश्रीत प्रतिक्रिया पाइयो ।

समाजमा आफ्नो मूल्य र मान्यताप्रति आस्था घटेको, आपसी मित्रता र सहयोगमा बृद्धि भएको, राजनैतिक अस्थिरता र दण्डहिनता, संक्रमणकालको अन्त्य भएमा सकारात्मक प्रभाव पर्ने, असल नागरिकका व्यवहारको अभ्यास गर्न पाउने, बाल अधिकारको बहानामा बालवालीकाहरु, अनुशासन हिन र अटेरी हुँदै गएका, राष्ट्रिय परिवेश ओझेलमा परेको प्रतिकृया प्राप्त भए ।

### ४.१.२ नीतिगत रुपमा सुधार गर्नु पर्ने पक्षहरु

असल नागरिक निर्माणको लागि विद्यालयको आचारसंहिता कस्तो हुनपर्छ भन्ने बारे श्री जनज्योति उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापकलाई प्रश्न सोधिएकोमा शिक्षा नियमावलीमा तोकिए बमोजिमको शिक्षक र विद्यार्थीको आचारसंहिता हुनु पर्ने र उक्त आचारसंहिताको अनिवार्य रुपमा शिक्षक र विद्यार्थीले पालन गर्नै पर्ने बताउनु भयो । सोही प्रश्न श्री अम्वेवर जनता उच्च माध्यमिक विद्यालयका

प्रधानाध्यापकलाई साधिएकोमा विद्यार्थीहरुमा असल नागरिकका गुणहरुको विकास गराई भविष्यमा समाजमा असल नागरिकको भूमिका निर्वाह गर्न मद्धत पुग्ने किसिमको आचारसंहिता हुनुपर्ने सुझाव प्राप्त भयो ।

तपाईको विचारमा विद्यार्थीलाई समाजको असल नागरिक बनाउन विद्यालयले कस्तो आचारसंहिता निर्माण गर्नु पर्छ भनि विद्यालय निरीक्षकलाई प्रश्न गर्दा असल नागरिकका गुणको विकास गर्न मद्धत गर्ने किसिमको आचारसंहिता विद्यालयले निर्माण गरी कार्यान्वयन पनि गराउनु पर्छ । विद्यालय निरीक्षकका बिचारमा प्रधानाध्यापक, बिद्यालय व्यवस्थापन समिति शिक्षक, अभिभावक विशेषगरी विद्यार्थीहरुको सक्रिय सहभागितामा प्रजातान्त्रिक ढंगले आचारसंहिताको निर्माण गर्नु पर्छ । विद्यालयले के कस्तो आचार संहिता निर्माण गर्नुपर्छ भन्ने सम्बन्धमा स्रोत व्यक्ति र विद्यालय निरीक्षकको समान विचार रहेपनि शिक्षक र विद्यार्थीको आचार संहिता निर्माण गरी विद्यालयको सूचना पाटीमा टाँस गरी एक पक्षले अर्को पक्षको नियमपालन भयो कि भएन भनी सबैले सक्रिय रुपमा अनुगमन गर्नु पर्ने कुरामा स्रोत व्यक्तिले जोड दिएको पाइयो ।

असल नागरिकको भूमिका निर्वाह गर्न विद्यालयले शिक्षकका लागि कस्तो आचारसंहिता निर्माण गर्दा राम्रो हुन्छ होला भन्ने बारेमा विद्यालय निरीक्षकलाई प्रश्न गर्दा विद्यालयसँग नियमित रुपले समयमै उपस्थित हुनुपर्ने, विद्यार्थीसँग शिक्षकले मित्रवत व्यवहार गर्ने, दण्ड सजाय नदिने, उनीहरुलाई सम्मानजनक शब्दको प्रयोग गरी सम्बोधन गर्ने, आदर्श व्यवहार प्रस्तुत गर्ने, विद्यालयमा धुम्रपान एवं सुर्ती सेवन नगर्ने, भेदभाव र पक्षपातपूर्ण व्यवहार नगर्ने जस्ता आचारसंहिता हुनुपर्ने सुझाव पाइयो । सोही प्रश्न स्रोत व्यक्तिलाई सोधेकोमा विद्यालय निरीक्षकको विचारमा सहमत हुँदै पूर्व अनुमति वा स्वीकृति लिएर मात्र विदामा बस्नु पर्ने, सेवामा खलल् पुग्नेगरी अवान्छनीय राजनैतिक गतिविधि नगर्ने, आफ्नो पेशाप्रति समर्पणको भाव राख्ने, अध्ययन कार्यलाई आफ्नो प्रमुख दायित्व ठान्ने, विद्यालयको माध्यमबाट राष्ट्रिय भावना जागृत गरी देशमा भावनात्मक एकता ल्याउने किसिमको आचार संहिता निर्माण गरी पालन गराउने सुझाव प्राप्त भयो ।

त्यसैगरी असल नागरिकहरु उत्पादन गर्नका लागि विद्यालयको आचारसंहिता कस्तो हुनुपर्छ भन्ने बारेमा दुवै विद्यालयमा सामाजिक विषय अध्ययन गर्ने ९ जना शिक्षकहरुलाई प्रश्न सोधिएकोमा निम्न सुझावहरु प्राप्त भए ।

- असल नागरिकमा हुनुपर्ने गुणको विकासगर्ने ।
- समाजसेवी भावनाको विकास गर्ने ।
- लैङ्गिक विभेद कम गर्ने ।
- सम्पूर्ण भाषा, धर्म, सम्प्रदायका मानिसहरु बिच मेलमिलाप गराउने ।

- आ-आफ्नो अधिकार र कर्तव्यप्रति शिक्षक र विद्यार्थीहरुलाई सजग गराउने ।
- समाजोपयोगी नागरिक तयार गर्ने ।
- शिक्षक/विद्यार्थीलाई अनुशासित बनाउने ।
- समयको उचित उपयोग ।
- राजनीतिक चेतना ।
- सार्वजनिक सम्पत्तिको संरक्षणमा जोड ।
- निश्वार्थता तथा राष्ट्रिय भावना जगाउने ।
- मानवमूल्य र मान्यताको विकास गर्ने ।
- सकारात्मक सोचको विकास गर्ने ।

तपाईको विचारमा विद्यार्थीलाई असल नागरिक बनाउन विद्यालयले के कस्तो नियमहरु बनाउन आवश्यक छ होला भन्ने बारे श्री जनज्योती उच्च माध्यमिक विद्यालयका बिद्यालय व्यवस्थापन समिति अध्यक्षलाई प्रश्न राख्दा विद्यालयले विद्यार्थीहरुलाई असल नागरिक बनाउन विद्यालय भित्र र बाहिर असल व्यवहार गर्न प्रेरित गर्ने, विद्यार्थीहरुमा अनुशासनको भावना विकास गर्ने, शिक्षक पनि सधैं असल नागरिकको व्यवहार प्रस्तुत गर्ने, जस्ता नियमहरु बनाउन आवश्यक रहेको प्रतिकृया पाइयो भने सोही जिज्ञासा श्री अम्वेवर जनता उच्च माध्यमिक बिद्यालयका बिद्यालय व्यवस्थापन समिति अध्यक्ष समक्ष राख्दा विद्यार्थीहरुमा असल बानीको विकास गर्ने, सामाजिक र साँस्कृतिक विविधता प्रति सहिष्णुता राख्न सिकाउने, सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने, शहिदहरुको सम्मान गर्ने, समाजमा आवश्यक योगदान र भूमिका निर्वाह गर्न तयार हुने किसिमका नियमहरु बनाउन आवश्यक रहेको सुझाव प्राप्त भयो ।

तपाईको विचारमा कुन कुन नियमहरु सुधार गर्नु पर्छ होला भनि प्रश्न गरिएकोमो श्री जनज्योति उच्च माध्यमिक विद्यालयका बिद्यालय व्यवस्थापन समिति अध्यक्षबाट शिक्षकले विद्यार्थीलाई कुट्ने डर देखाउने तथा दबाउने जस्ता नियमहरु सुधार गर्नुपर्ने जवाफ पाइयो । सोही प्रश्नको जवाफमा श्री अम्वेवर जनता उच्च माध्यमिक विद्यालयका बिद्यालय व्यवस्थापन समिति अध्यक्षले विद्यार्थीलाई असल र उत्पादनशिल नागरिक बनाउन व्यवसायिक शिक्षा प्रदान गर्ने, रुची अनुसारका थप विषयहरु अध्ययन गर्ने अवसर प्रदान गर्ने, समाजमा उपलब्ध कृषि, संगित, स्वास्थ्य, राजनीति आदि क्षेत्रमा उपलब्ध जनशक्तिलाई समय समयमा विद्यालयमा आमन्त्रीत गरी स्रोत व्यक्तिका रुपमा प्रयोग गर्ने किसिमका नियमहरु बनाउनसके झन राम्रो हुने सुझाव दिनुभयो ।

नेपालको वर्तमान सन्दर्भमा समाजले शिक्षाका लागि कस्ता क्रियाकलापमा जोड दिनुपर्ला भन्ने बारे जनज्योती उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापलाई प्रश्न गरिएकोमा व्यवहारीक सिप सिकाउने

क्रियाकलापमा विद्यार्थीलाई सामेल गराउने, जीवनपयोगी कुरा सिकाउने, प्राविधिक तथा कामकाजी शिक्षणसिकाई क्रियाकलाप गराउने, श्रम प्रति आस्थावान र मेहनती नागरिक तयार गर्ने खालका क्रियाकलाप गराउनुपर्ने, सैद्धान्तिक भन्दा व्यवहारिक र प्रयोगात्मक सिकाईको व्यवस्था गर्ने, मानव अधिकार र सामाजिक न्यायलाई प्रवर्द्धन गर्ने क्रियाकलापमा जोड दिनुपर्ने प्रतिकृया पाइयो । सोही प्रश्न अम्वेवर जनता उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापलाई सोधिएकोमा समाजका अशिक्षित अभिभावकलाई आफ्ना बालवालीकालाई विद्यालय पढाउन प्रेरीत गर्ने, विद्यालयको शैक्षिक गतिविधिमा कुनै सुधारात्मक पक्ष पाइएमा विद्यालय परिवार विद्यार्थी र अभिभावकको त्रिपक्षीय सहभागिता गराई निश्कर्षमा पुग्ने, विद्यालयको शैक्षिक गुणस्तर वृद्धि गर्न समाजले आवश्यक पहल गर्नु पर्ने जवाफ पाइयो ।

विद्यार्थीलाई असल नागरिक बनाउनका लागि अहिलेको शैक्षिक नीति मध्ये कुन कुन नीतिहरु सुधार गर्नुपर्ला भनि जनज्योतीउच्च माध्यमिक विद्यालयका प्रधानाध्यापलाई प्रश्न सोधिएकोमा शिक्षालाई मौलिक हक तथा अधिकारको रुपमा संविधानमा ग्यारेन्टी हुनुपर्ने, प्राविधिक, सीपमुलक र व्यवसायिक शिक्षालाई बढी महत्व दिएर त्यससम्बन्धि नीति निर्माण गर्नुपर्ने, परिवर्तीत समय सन्दर्भ अनुसार पाठ्यक्रम परिवर्तन गरिनुपर्ने प्रतिकृया प्राप्त भयो । सोही प्रश्न अम्वेवर जनता उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापलाई सोधिएकोमा मूल्याङ्कनका क्रममा विद्यार्थीको सामाजिक व्यवहार पनि समावेश गर्नुपर्ने, परीक्षा प्रणालीलाई मर्यादित बनाउनुपर्ने, शिक्षामा व्यापारीकरण हटाउनुपर्ने, व्यवहारीक शिक्षामा जोड दिने, गाइड, गेस पेपरले परीक्षामा चिटिङ्गलाई बढावा दिएकाले यस्ता सामग्रीको उत्पादनलाई निरुत्साहित गर्ने, जस्ता नीतिहरुमा सुधार गर्न आवश्यक भएको सुझाव पाइयो ।

विद्यार्थीलाई असल नागरिक बनाउन कस्ता खालका नियमहरु बनाउनु आवश्यक छ होला भन्ने प्रश्नको जवाफ दुवै विद्यालयका ४० जना विद्यार्थीहरुबाट निम्न प्रतिकृया प्राप्त भए ।

- स्वास्थ्य जीवन, आत्मअनुशासन, राष्ट्रिय भावना, उत्तम चरित्र, उच्च विचार, नागरिक दायित्व, राजनीतिक जागरुकता सामाजिक नियमको पालना, असक्तलाई सहयोग गर्न प्रेरीत गर्ने किसिमका नियमहरु ।
- परम्परागत कार्यहरुलाई आधुनिकता दिने ।
- सकारात्मक सोचको विकास गर्ने ।
- एक आपसमा मेल मिलाप गर्ने ।
- असल व्यक्तिको व्यवहार ग्रहण गर्ने ।
- कुनै जातजाति, वर्ग, लिङ्ग, धर्म प्रति भेदभाव नगर्ने ।
- साँस्कृतिक, राजनीतिक तथा धार्मिक र वैचारिक सहिष्णुता राख्ने ।

- सबै नागरिकले राष्ट्रप्रतिको आफ्नो दायित्व पुरा गर्ने ।
- असल समाजको निर्माण गर्ने ।
- राष्ट्रिय सम्पदाको संरक्षण गर्ने ।
- यूवापिँढीको लागि स्वदेशमै रोजगारी उपलब्ध गराउने ।
- परिवार, समाज र विद्यालय तीनवटै क्षेत्रबाट विद्यार्थीलाई असल नागरिक बनाउन पहल गर्ने ।
- सादाजीवन र उच्च विचार राख्न सबैलाई प्रेरित गर्ने ।
- सामाजिक विकृति न्यूनिकरण गर्न सबैजनाले पहल गर्ने ।
- धुम्रपान, मद्यपान र लागु पदार्थ सेवनबाट टाढा रहने ।

राष्ट्रिय एकताको माध्यमबाट राष्ट्रलाई बलियो बनाउन असल समाजका लागि राष्ट्रले कस्तो नियम बनाउनु पर्छ भनि दुवै विद्यालयका कक्षा ४ र ५ का जम्मा १२ जना विद्यार्थीसँग लक्षित समूह छलफल गर्दा समाजमा शान्ति र अमन चैन कायम गर्न कसैलाई भेदभाव नगर्ने, समाजमा अशान्ति मचाउनेलाई आवश्यक कारवाही गर्ने, भ्रष्टाचार र घुसखोरी विरुद्ध कडा कानून ल्याउनुपर्ने, जातिय र सामप्रदायिक भावना त्यागी हामी सबै नेपाली हौं र मूलुकको विकास गर्नु हामी सबैको दायित्व हो भन्ने किसिमका भावनाको विकास गर्ने किसिमका नियम बनाउनु पर्ने प्रतिकृया प्राप्त भयो ।

त्यसैगरी असल समाज बनाउन राष्ट्रले कस्तो नीति नियम बनाउनु पर्छ भनि दुवै विद्यालयका कक्षा ४ र ५ का जम्मा १२ जना विद्यार्थीलाई दुई समूहमा लक्षित समूह छलफल गर्दा समाजमा मादकपदार्थ सेवन गरी चोरी, डकैती र कुटपिट गर्नेलाई पहिले समाजमा नै मिलाउन कोसिस गर्ने, नभए कडा कारवाही गरी यस्ता असामाजिक कार्य गर्नेलाई दण्डीत गर्नुपर्ने सुझाव प्राप्त भयो ।

### ४.२ नागरिक शिक्षा सम्बन्धि सामाजिक अध्ययनका विषयवस्तुहरु

कुनै पनि राष्ट्रका नागरिकहरुलाई असल नागरिकको रुपमा स्थापित गर्न नागरिक शिक्षाको अध्यापन अपरिहार्य हुन्छ । यसै क्रममा हाम्रो देशमा प्राथमिक स्तरमा सामजिक विषयको मध्यमबाट नागरिक शिक्षा प्रदान गरिन्छ । नि.मा.वि. तहमा छुट्टै ५० पूर्णाङ्कको नागरिक जीवन अध्यापन गराइन्छ भने माध्यमिक तहमा ऐच्छिक विषयको रुपमा अध्यापन गर्ने व्यवस्था गरिएको छ ।

**तालिका ४.३**

**हाम्रो देशमा सुशासन कसरी आउन सक्छ भन्ने बारेमा विद्यार्थीहरुको प्रतिकृया**

| प्रतिकृया | विद्यार्थी संख्या |
|---|---|
| देश र जनताको हितमा काम गर्ने व्यक्तिलाई मात्र चुनावमा जिताउने | ९ |
| नयाँ संविधान निर्माण गर्ने | २ |
| भ्रष्टाचार विरोधी कानून बनाई कडाइका साथ कार्यान्वयन गर्ने | १२ |
| राजनीतिक अस्थिरता हटाउने | १ |
| दण्डहिनताको अन्त्य गर्ने | २ |
| जनहितको काम नगर्ने सभासद र नेतालाई जनताले फिर्ता गराउन सक्ने व्यवस्था गर्ने | २ |
| जनताको काम गर्न आलटाल गर्ने र घुरखाने कर्मचारीलाई कठोर सजाय दिने | १२ |
| **जम्मा** | **४०** |

माथिका तालिका अनुसार एक तिहाई विद्यार्थीहरुले जनताको काम गर्न आलटाल गर्ने र घुस खाने कर्मचारीलाई कठोर सजाय दिनुपर्ने भ्रष्टाचार विरोधी कानून बनाई कडाइका साथ कार्यान्वयन गर्नुपर्ने, एक चौथाइले देश र जनताको हितमा कामगर्ने व्यक्तिलाई मात्र चुनावमा जिताउनुपर्ने अन्यले नयाँ संविधान निर्माण गर्नु पर्ने, राजनीतिक अस्थिरता हटाउनुपर्ने, दण्ड हिनताको स्थितिको अन्त्य गर्नुपर्ने प्रतिकृया दिए ।

क्क्षा ४ र ५ दुवै विद्यालयका १२ जना विद्यार्थीहरुसँग हाम्रो देशमा कसरी सुशासन आउन सकछ भन्ने लक्षित समूह छलफल गर्दा कर्मचारीले जनताको काम गर्दा घुस नमाग्ने र भ्रष्टाचार नगर्ने हो भने देशमा सुशासन आउने प्रतिकृया पाइयो ।

### ४.२.१ वर्तमान विषयवस्तुको अवस्था

तपाईको बिचारमा विद्यार्थीलाई असल नागरिक बनाउन हालको सामाजिक अध्ययनको पाठ्यक्रममा के कस्ता विषय वस्तुहरु समावेश गरिएको छ होला भन्ने बारेमा श्री जनज्योति उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापकसँग जिज्ञासा राखिएकोमा नेपाली कला र सँस्कृति, समाजमा रहेका विकृति र समाधानको उपाय, नागरिक चेतना अन्तरगत व्यवस्थापिका, कार्यपालीका,न्यायपालीका, संवैधानिक निकायहरु, निर्वाचन, गाँउ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिको गठन प्रकृया र काम, कर्तव्य अधिकार, अन्तराष्ट्रिय सम्बन्ध, देशभक्ति, मौलिक हक र कर्तव्य, बाल अधिकार, मानव अधिकार जस्ता विषयवस्तुहरु समावेश भएको र नागरिक शिक्षासँग सम्बन्धित उक्त विषयवस्तुहरु विद्यार्थीहरुको उमेर, रुची र तह सुहाउँदो भएको तर नागरिक तथा नैतिक शिक्षालाई एकिकृत विषयको रुपमा कक्षा ६ - १० सम्म अनिवार्य विषयको रुपमा विकास गर्नु पर्ने प्रतिकृया प्राप्त भयो । त्यसैगरी

सोही प्रश्न अम्वेवर जनता उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापलाई सोधीएकोमा वातावरणीय प्रभाव न्यूनिकरण गर्ने, सामाजिक समस्या र समाधानका उपायहरु, मानव अधिकार, बालअधिकार, जातिय सहिष्णुता, नागरिक चेतना, कला, सँस्कृति र मूल्य मान्यता जस्ता उपयोगी विषयवस्तुहरु समावेश गरिएको र नागरिक शिक्षासँग सम्बन्धित हालका विषयवस्तुहरु विद्यार्थीहरुको उमेर र तह अनुसार उपयुक्त भएता पनि रुचीपूर्ण किसिमले शिक्षण गर्न शिक्षकहरुले परम्परागत रुपमा प्रयोग हुदै आएको ब्याख्यान तथा प्रवचन विधि छाडी विद्यार्थी केन्द्रित विधि र क्रियाकलापमा जोड दिनु पर्ने जवाफ पाइयो ।

तपाईको विचारमा विद्यार्थीलाई असल नागरिक बनाउन विद्यालयको हालको सामाजिक विषयको पाठ्यक्रममा के कस्ता विषयवस्तुहरु समावेश गरिएका छन् होला । भनि दुवै विद्यालयका ९ जना सामाजिक विषय अध्यापन गर्ने शिक्षकहरुसँग प्रश्न सोधिएकोमा नागरिक दायित्व, समाज, सामाजिक समस्या र विकृति, असल नागरिकका गुणहरु, व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, संवैधानिक अंगहरु, राजनीतिक दलहरु, निर्वाचन प्रकृया, निर्वाचनमा नागरिकको भूमिका, मानव अधिकार, बाल अधिकार, राष्ट्रिय सरोकारका विषयहरु, हाम्रो परम्परा, सामजिक मूल्य र मान्यता, हाम्रो राष्ट्रिय सेवा, अन्तराष्ट्रिय सम्बन्ध र सहयोग, नागरिक कर्तव्यहरु, हाम्रो साझा सम्पत्ति, परिवारको काममा सहयोग गरौं, आफ्नो पालो पर्खने वानी, कुलत र यसबाट बच्ने उपायहरु, धार्मिक सहिष्णुता, नैतिकता, अनुशासन, शिष्ट व्यवहार, मिलनसारीता, सामाजिक समानता, नागरिक चेतनाका विषयवस्तुहरु, नेपाली वीर वीराङ्गनाहरुको योगदान, औद्योगिक क्रान्ती, आर्थिक क्रियाकलाप, अन्तराष्ट्रिय सम्बन्ध र शान्ति, हाम्रो समुदाय र महत्व, विकासका पूर्वाधार जस्ता विषयवस्तुहरु समावेश भएको पाइयो ।

त्यसैगरी समाजमा ब्याप्त विकृति र विसंगति नियन्त्रण गरी सभ्य समाजको निर्माण गर्न सामाजिक अध्ययन विषयमा के कस्ता बिषयवस्तुहरु राखिएको छ भन्ने बारेमा दुवै विद्यालयका सामाजिक अध्ययन विषय अध्यापन गर्ने ९ जना शिक्षकहरुलाई प्रश्नावली भर्न लगाउँदा विभिन्न यूवा क्लव तथा प्रहरी कार्यालय, मौलिक हक, नागरिकका कर्तव्य, सामाजिक समस्या र समाधानका उपाय, चेलीवेटी वेचविखन, भ्रष्टाचार, दाइजोप्रंथा, जातिय छुवाछुत, घुम्टोप्रथा, देऊकी प्रथा, लागु पदार्थ दुर्ब्यसन, शरणार्थी समस्या, समाजिक समस्या निराकरणमा विभिन्न संघ संस्थाहरुको भूमिका, सामजिक मूल्य र मान्यता, धार्मिक सहिष्णुता, नैतिकता, सार्वजनिक अनुशासन, सामाजिक मेलमिलाप, तास जुवा नखेल्ने जस्ता विषयवस्तुहरु समावेश रहेको प्रतिकृया पाइयो ।

तपाईको बिचारमा कस्ता विषयवस्तुहरु नागरिक शिक्षासँग सम्बन्धित हुन्छन् होला भनि विद्यालय निरीक्षक र स्रोत व्यक्तिसँग प्रश्न सोधिएकोमा असल नागरिकका लागि आवश्यक पर्याप्त ज्ञान, सीप, धारणा र सकारात्मक सोचको विकास गर्ने, प्रजातन्त्र, लोकतन्त्र र संघिय राज्यको मर्म अनुसार व्यवहार गर्न सिकाउने, नागरिक चेतनाको विकास गराउने किसिमका व्यवहारिक र क्रियाकलापमुखी विषयवस्तुहरु नागरिक शिक्षासँग सम्बन्धित हुने जवाफ पाइयो । सोही प्रश्न श्री जनज्योती उच्च माध्यमिक विद्यालयका बिद्यालय व्यवस्थापन समिति अध्यक्षलाई सोधिएकोमा विद्यार्थीलाई आफ्नो अधिकार

र कर्तव्यको वोध गराउने, सामाजिक भावना जागृत गराउने, अनुशासनको बोध गराउने र राष्ट्रिय एकता झल्काउने किसिमका विषयवस्तुहरु नागरिक शिक्षासँग सम्बन्धित हुने धारणा पाइयो भने अम्वेवर जनता उ.मा.का बिद्यालय व्यवस्थापन समिति अध्यक्षको विचारमा नैतिक विकास, मौलिक परम्परा र सामाजिक मूल्य मान्यताको संरक्षण गर्न सिकाउने र आय आर्जन गरी भविष्यमा जिवीकोपार्जन गर्न सहयोग पुऱ्याउने किसिमका विषयवस्तुहरु नै नागरिक शिक्षासँग सम्बन्धित हुने पाइयो ।

त्यसैगरी तपाईको विद्यालयमा विद्यार्थीलाई असल नागरिक बनाउनका लागि सामाजिक विषय अन्तर्गत के के विषयवस्तुहरु पढाइ हुन्छ भनि दुवै विद्यालयका ४० जना विद्यार्थीलाई प्रश्नावली भर्न लगाइएकोमा नैतिक कर्महरु, कुलत र दुव्यर्सन, सदाचार र आत्म अनुशासन, राष्ट्रिय सम्पदाको संरक्षण, सामाजिक मूल्य र मान्यता, धार्मिक सहिष्णुता, नागरिक दायित्व, नागरिक चेताना, लागु पदार्थ दुर्व्यसन, सामाजिक कुप्रथाको अन्त्य, छुवाछुत, चेलीबेटी बेचविखन, कानूनको पालना, सामाजिक समस्या र तिनको समाधान, नागरिक समाज, लोकतान्त्रीक शासनमा नागरिकको भूमिका, सामाजिक कार्यमा नागरिकको भूमिका, असल नागरिकका गुणहरु, मौलिक हक, वाल अधिकार, कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका, सुशासन, सार्वजनिक अनुशासन, निर्वाचनमा नागरिकको भूमिका जस्ता विषयवस्तुहरु पढाइ हुने प्रतिकृया पाइयो ।

त्यसैगरी तपाईले पढेको समाजिक विषयको पाठ्यपुस्तकमा नागरिक शिक्षा सम्बन्धि के के विषयवस्तुहरु छन् भनि दुवै विद्यालयका कक्षा ४ र ५ का १२ जना विद्यार्थीहरुसँग लक्षित समूह छलफल गर्दा सामाजिक विषयमा नागरिक शिक्षा सम्बन्धि आपसी सहयोग, हाम्रो अधिकार, बाल सहभागिता, प्राकृतिक सम्पदा, हाम्रो साँस्कृतिक सम्पदा, सार्वजनिक ठाउँको सरसफाई, ट्राफिक नियम, समान व्यवहार, गाँउ विकास समिति र नगरपालिका, जिल्ला विकास समिति, आपसी मेलमिलाप, हाम्रा कर्तव्यहरु, हाम्रो राष्ट्रिय सम्पदा, हाम्रा सामाजिक नियमहरु, जस्ता विषयवस्तुहरु रहेको प्रतिकृया प्राप्त भयो ।

तपाईको विचारमा कुन कुन विषयवस्तुहरु नागरिक शिक्षासँग सम्बन्धित हुन्छन् होला भन्ने बारेमा दुवै विद्यालयका ९ जना सामाजिक शिक्षकहरुसँग प्रश्न सोधिएकोमा नागरिक दायित्व, समाज, सामाजिक समस्या र विकृति, संविधान र लोकतन्त्र, नेपाल र नेपालीको गौरब, राष्ट्र र राष्ट्रियता, धार्मिक, जातिय, साँस्कृतिक तथा राजनीतिक सहिष्णुता, सामाजिक मूल्य र मान्यता, नैतिकता, मौलिक हक, सुशासन, जनचेतना कार्यक्रम, मान्यजन प्रतिको व्यवहार, सामाजिक मेलमिलाप, आपसी सहयोग, राष्ट्रिय एकता, नागरिकता प्राप्त गर्ने प्रकृया, हाम्रो राष्ट्रिय सेना, सरकार र शासन पद्धति, प्रजातन्त्रिक शासन व्यवस्था, समानता, स्वतन्त्रता, लैङ्गिक समानता, सामाजिक न्याय, निश्वार्थता, असल नागरिकका गुण, राष्ट्रिय सरोकारका विषयहरु, राजनीतिक दलहरु, निर्वाचनमा नागरिकको भूमिका, व्यवस्थापिका, कार्यापालिका र न्यायपालिका जस्ता पाठ्यसामग्रीहरु नागरिक शिक्षासँग सम्बन्धित हुने प्रतिकृया प्राप्त भयो ।

त्यसैगरी विद्यार्थीहरुमा सामाजिक नेतृत्व सम्बन्धि सीप विकास गर्न सामाजिक अध्ययनमा के कस्ता विषयवस्तु समावेश गरिएका छन् भनि दुवै विद्यालयका ९ जना सामाजिक विषय पढाउने शिक्षकहरुलाई प्रश्न सोधिएको निर्वाचनमा नागरिकको भूमिका, नागरिक चेतनासँग सम्बन्धित विषयवस्तु, सामाजिक विकृति र समस्यासँग सम्बन्धित भएर समूहकार्य गर्ने, समाजमा नेता, पत्रकार, सामाजिक कार्यकर्ता, समाजसेवी, सभामुख आदिको भूमिका निर्वाह गर्ने किसिमका प्रश्नावली तयार गर्ने, प्रतिवेदन लेख्ने, नाटक/संवाद गर्ने तथा मन्तव्य दिने सामाजिक समस्या समाधानको उपाय पत्ता लगाउने, समजमा घटेका घटना संकलन गरी समाचार लेख्ने जस्ता नेतृत्व विकास सम्बन्धि विषयवस्तुहरु रहेको पाइयो ।

तपाईले पढाउने सामाजिक विषयको कुन पाठले कसरी नागरिक शिक्षा सम्बन्धि ज्ञान, सीप र धारणा प्रदान गर्न सहयोग गर्छहोला भनि दुवै विद्यालयका ९ जना सामाजिक पढाउने शिक्षकहरुलाई प्रश्न सोधिएकोमा निम्न अनुसार प्रतिकृया प्राप्त भयो :

| **एकाई/पाठहरु** | **सहयोग गर्ने क्षेत्र** |
|---|---|
| असल सामाजिक व्यवहार | सामाजिक व्यवहारका सीप सिक्न |
| सामाजिक नियम पालन | आफ्नो कर्तव्य बोध गर्न |
| नैतिक गुण | नैतिक तथा चरित्रवान बन्न |
| सामाजिक विकृति | सामाजिक विकृतिको पहिचान गर्न |
| हाम्रो राष्ट्रिय सेना | राष्ट्रको सुरक्षा स्थिति बुझी र समाज सेवा गर्न |
| नागरिक कर्तव्यहरु | नागरिकका कर्तव्यहरु बोध गरी व्यवहारमा उतार्न |
| सामाजिक समस्या र निराकरणका उपाय | समस्या पत्ता लगाई समाधानका उपाय खोज्न |
| हाम्रा परम्परा | नेपाली कला, सांस्कृतिको परिचय दिइ संरक्षण गर्न |
| सामाजिक मूल्य र मान्यता | विश्व सम्पदा सूचीमा परेका राष्ट्रिय सम्पदाको जानकारी दिन |
| नागरिक चेतना | नागरिक चेतना जगाई उत्तरदायी नागरिक तयार गर्न |
| मौलिक हक र कर्तव्य | मौलिक हक र कर्तव्यको जानकारी दिन |
| सुशासन | देशमा सुशासन कायम गर्न मद्धत गर्न |
| नागरिक समाज | नागरिक समाजको परिचय र भूमिकाको ज्ञान प्रदान गर्न |
| विविधतामा एकता | राष्ट्रिय एकता वृद्धि गर्न |
| सामाजिक सुधारमा भएका प्रयासहरु | समाजका विकृति हटाई समाजको सुधार गर्न |
| हाम्रा प्राकृतिक सम्पदा | प्राकृतिक सम्पदाको प्रचार प्रसार, संरक्षण र सदुपयोग गर्न |
| बाल अधिकार र बाल सहभागिता | बाल अधिकार बारे सचेत गराउन |
| हामी, हाम्रो समूदाय र राष्ट्र | विकासका लागि महत्वपूर्ण ज्ञान प्रदान गर्न |

त्यसैगरी तपाईले पढ्ने सामाजिक विषयको कुन कुन पाठले नैतिक तथा नागरिक शिक्षा प्रदान गर्न सहयोग गरेको होला भनि दुवै विद्यालयको कक्षा ६ देखि १० सम्मका ४० जना विद्यार्थीहरुलाई प्रश्न सोधिएकोमा मौलिक हक र कर्तव्य, सुशासन, नागरिक समाजको भूमिका, हाम्रो रितीरिवाज र परम्परा, विकासको पूर्वाधार निर्माणमा जनसहभागिता, धर्म निरपेक्षता, नेपाली वास्तुकला एवं चित्रकला, नेपाली मूर्तिकला, नेपालको वर्तमान संविधानका विशेषताहरु, हाम्रा विभूतिहरुबाट राष्ट्रका लागि दिएको योगदान, संविधानको परिचय, नेपालको संवैधानिक विकासक्रम, निर्वाचनमा नागरिकको भूमिका, राजनीतिक दलहरु, मानव अधिकार, वाल अधिकार, व्यवस्थापिका, कार्यपालीका, न्यायपालिका, निर्वाचन, प्रकृया, राष्ट्रिय सरोकारका विषयहरु, संवैधानिक अंगहरु, भ्रष्टाचार, सामाजिक समस्या निराकरणमा अन्तराष्ट्रिय संस्थाहरुको भूमिका, नागरिक चेतना, विकासका लागि जनशक्ति, विकासका पूर्वाधार निर्माणमा जनसहभागिता, राष्ट्र र राष्ट्रियता, असल नागरिकका गुणहरु, नागरिकता प्राप्त गर्ने प्रकृया, गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समिति धार्मिक सहष्णिुता राष्ट्रिय अखण्डता, जस्ता विषय वस्तुहरुले नागरिक शिक्षा प्रदान गर्न सहयोग गरेको प्रतिकृया प्राप्त भयो ।

विद्यार्थीहरुको समाजिक नेतृत्व सीप विकास गर्न सामाजिक शिक्षा विषयमा के कस्ता विषयवस्तुहरु समावेश गरिएको छ भन्ने वारे जनज्योती उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापक सँग प्रश्न सोधिएकोमा सामाजिक अध्ययन अन्तरगत परियोजना कार्य, फिल्डट्रिप, प्रतिवेदन लेखन, समुदायमा गएर गर्नुपर्ने विभिन्न कार्यहरुले सामाजिक नेतृत्व विकास गराउने जवाफ पाइयो भने सोही प्रश्न अम्वेवर ज.उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापलाई सोधिएकोमा विद्यार्थीहरुलाई नागरिक शिक्षा प्रदान गर्ने किसिमका विषयवस्तुहरु राखिएको भएता पनि नेतृत्व विकास गराउने किसिमका विषयवस्तुहरुको अभाव खड्कीएकोले यस्ता किसिमका व्यवहारिक विषयवस्तुहरु थप गर्नु पर्ने प्रतिकृया प्राप्त भयो ।

तपाईको विचारमा नागरिक शिक्षा सम्बन्धि विषयवस्तुले विद्यार्थी र समाजलाई कस्तो प्रभाव पारेको छ होला भन्ने वारे विद्यालय निरीक्षक र स्रोत व्यक्तिलाई जिज्ञासा राख्दा विद्यालयमा प्रदान गरिएको नागरिक शिक्षाबाट सिकेका कुराको व्यवहारिक रुपमा प्रयोग भए नभएको प्रति विद्यालय, शिक्षक र अभिभावकहरुको खासै चासो नभएको हुनाले समाजमा र स्वयं विद्यार्थीहरुमा पनि अपेक्षित रुपमा साकारात्मक प्रभाव पर्न नसकेको प्रतिकृया पाइयो ।

विद्यार्थीहरुलाई नागरिक शिक्षा दिने उद्देश्यका साथ विद्यालय तहको कक्षा १ देखि १० सम्म सामाजिक विषयमा नागरिक चेतना/नागरिक दायित्व सम्बन्धि एउटा एकाई समावेश गरिएको छ । उक्त एकाईका विषयवस्तुहरुको लम्बीय संगठन यस प्रकार रहेको पाइयो ।

**कक्षा १** : सहयोग लिने, सहयोग दिने, घरका सामानहरु, विद्यालयका सामान, घरमा मेरो काम, विद्यालयमा मेरो काम ।

**कक्षा २ :** आपसी सहयोग, हाम्रो साझा सम्पत्ति, साझा सम्पत्तिको संरक्षण, पालो पर्खने बानी ।

**कक्षा ३ :** आपसी सहयोग, असल व्यवहार, हाम्रा प्राकृतिक सम्पदा, सामाजिक नियमको पालन, मेरो वडाको बनोट र काम ।

**कक्षा ४ :** हाम्रो अधिकार, बाल सहभागिता, प्राकृतिक सम्पदा, हाम्रो साँस्कृतिक सम्पदा, सार्वजनिक ठाउँको सरसफाई, ट्राफिक नियम, गाउँ विकास समिति र नगरपालिका, समान व्यवहार ।

**कक्षा ५ :** हाम्रो अधिकार, हाम्रा कर्तव्यहरु, हाम्रो राष्ट्रिय सम्पदा, हाम्रा सामाजिक नियमहरु, जिल्ला विकास समिति र यसका कार्यहरु, समान व्यवहार र आपसी मेलमिलाप ।

**कक्षा ६ :** नागरिकको परिचय, नागरिकता प्राप्त गर्ने प्रकृया, नागरिकका अधिकार, नागरिकका अधिकारको सुरक्षा, नागरिक कर्तव्यहरु ।

**कक्षा ७ :** नागरिकका गुणहरु, अङ्गीकृत नागरिकता, जन्मसिद्ध नागरिकता, नागरिक अधिकारको सदुपयोग, नागरिकको कर्तव्य पालन ।

**कक्षा ८ :** बाल अधिकार र कर्तव्य, बाल अधिकार प्रति नागरिक दायित्व, व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका ।

**कक्षा ९ :** संविधानको परिचय, नेपालको संवैधानिक विकास क्रम, नेपालको वर्तमान संविधानका विशेषताहरु, मौलिक हक र कर्तव्य, सुशासन, नागरिक समाजको भूमिका, विविधतामा एकता ।

**कक्षा १० :** व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, संवैधानिक अंगहरु, राजनीतिक दलहरु, निर्वाचन प्रकृया, निर्वाचनमा नागरिकको भूमिका, मानव अधिकार, राष्ट्रिय सरोकारका विषयहरु ।

विद्यालय तहको सामाजिक अध्ययन विषयमा समावेश गरिएको नागरिक चेतना सम्बन्धि विषयवस्तुहरुलाई मध्यनजर गर्दा आपसी सहयोग, व्यक्तिगत र सार्वजनिक सम्पत्तिको संरक्षण, सार्वजनिक अनुशासन, प्राकृतिक एवं साँस्कृतिक सम्पदाको संरक्षण र सदुपयोग, वतावरणीय सरसफाई, बाल अधिकार र बाल सहभागिता, वडा, गाऊँ विकास समिति, नगरपालीका, जिल्ला विकास समितिको गठन र काम, कर्तव्य अधिकार, समान व्यवहार, नागरिकता, मौलिक हक र कर्तव्य, कार्यपालिका, न्यायपालिका, संविधान, सुशासन, नागरिक समाज, राजनीतिक दलहरु, निर्वाचन, मानव अधिकार, राष्ट्रिय सरोकारका विषयहरु पाइन्छन् । यी विषयवस्तुहरुले विद्यार्थीहरुमा आधारभूत नागरिक चेतना प्रदान गर्ने देखिन्छ । तर वि.सं. २०६३ को दोस्रो जनआन्दोलनले राष्ट्रमा ल्याएको राजनीतिक परिवर्तनलाई संस्थागत गर्न यी विषयवस्तु पर्याप्त छैनन् । विद्यार्थीहरुलाई देशमा आएको राजनीतिक परिवर्तनलाई आत्मसाथ गर्न सक्ने बनाउन लोकतन्त्र, गणतन्त्र, संघियता, राजनीतिक सहिष्णुता जस्ता थप विषयवस्तुको ज्ञान

दिनु पर्ने आवश्यकता देखिन्छ । यी विषयवस्तुहरु विद्यालय तहको सामाजिक अध्ययनको पाठ्यक्रममा समावेश गर्नु उपयुक्त हुन्छ ।

नागरिक शिक्षासँग प्रत्यक्षरुपमा सम्बन्धित उपर्युक्त विषयवस्तुहरुको संगठनलाई मध्यनजर गर्दा विद्यालयतहमा कक्षा १ देखि नै नागरिक शिक्षा सम्बन्धि ज्ञान दिने व्यवस्था गरेको पाइन्छ । हरेक माथिल्लो कक्षामा आवश्यक्ता अनुसार विषयवस्तुको पुनरावृत्ति गर्दै थप नयाँ विषयवस्तुहरु समावेश गरिएको छ । कक्षागत रुपमा विषयवस्तुको गहिराई र विस्तृतीकरण बढाउदै लगिएको छ । तर विद्यालयमा भर्ना भएका सबै विद्यार्थीहरुले माध्यमिक शिक्षा पुरा नगर्ने, प्राथमिक तह पुरा गरेर विद्यालय छोड्ने जस्ता समस्या रहेको हाम्रो जस्तो मुलुकमा कक्षा ४-५ देखि नै नागरिकता प्राप्त गर्ने प्रकृया, निर्वाचनमा नागरिकको भूमिका जस्ता विषय वस्तुहरु समावेश गरिएमा विद्यालय तहको शिक्षा पुरा नगरी विचमा पढाई छाड्ने विद्यार्थीहरुलाई पनि भविष्यमा असल नागरिकको भूमिका निर्वाह गर्न सहज हुने देखिन्छ । त्यसैगरी सैद्धान्तिक ज्ञानमा बढी जोड दिंदा व्यवहारिक पक्ष ओझेलमा परेको पाइन्छ । विषयवस्तुलाई कृयाकलापमुखी र व्यवहारिक रुपले प्रस्तुत गरेको खण्डमा विद्यार्थी र समाजमा पनि नागरिक शिक्षाको सकारात्मक प्रभाव पर्ने र समाज र राष्ट्रको लागि उपयोगी र कर्तव्य निष्ठ नागरिक तयार गर्ने विद्यालयको लक्ष्य पुरा गर्न मद्धत पुग्ने देखिन्छ ।

### ४.२.२ **विषयवस्तुमा सुधार गर्नु पर्ने पक्षहरुः**

तपाईको विचारमा विद्यार्थीलाई असल नागरिक बनाउन कस्ता विषय वस्तुहरुमा जोड दिनु पर्ला भन्नेवारे दुवै विद्यालयका ९ जना सामाजिक विषय पढाउने शिक्षकहरुलाई प्रश्न सोधिएकोमा विद्यार्थीलाई असल नागरिक बनाउन समाजमा भएका विकृति विसंगतिबाट अलग राख्ने, त्यस्ता कुलत र दुर्ब्यसनबाट हुने बेफाइदावारे जानकारी गराउने, नैतिकता र नागरिकतासँग सम्बन्धित अन्य विषयवस्तुहरु, नागरिकका कर्तव्य र अधिकार, धर्म र धार्मिक सहिष्णुता, नैतिक मूल्य र मान्यता, सार्वजनिक सम्पत्तिको संरक्षण, आपसी सहयोग, मेल मिलापको भावना, असल व्यवहार, सामाजिक नियमको पालना, असल चरित्र, समयको उचित सदुपयोग, समाज सेवा, निस्वार्थ भावना, अनुशासन, शिष्टता, सदाचार, देशको भौगोलिक, आर्थिक र सामाजिक अवस्थाको जानकारी गराउने विषयवस्तु, भ्रष्टाचार प्रति वितृष्णा र घृणाको भाव जगाउनुका साथै असल नागरिकका गुणहरु वालवालिकामा विकास गर्न सैद्धान्तिक ज्ञानमा मात्र जोड दिनुको सट्टा विद्यार्थीहरुको आचरण र व्यवहारको पनि अवलोकन गरी मूल्याङ्कन गर्ने व्यवस्था पाठ्यक्रममा गरिएमा हालको अवस्थामा सुधार हुने सुझाव प्राप्त भयो ।

त्यसैगरी विद्यार्थीहरुलाई असल नागरिक बनाउन के कस्ता विषयवस्तुहरुमा जोड दिनुपर्छ होला भनि जनज्योती उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापलाई प्रश्न सोधिएकोमा विज्ञानमुखी तथा प्राविधिक शिक्षा, व्यवसायिक शिक्षा, सीपमूलक शिक्षा, श्रममूलक शिक्षा, अनुशासित, मिहनेती तथा

नैतिकवान बनाउने विषय वस्तुहरुमा जोड दिनुपर्ने बताउनु भयो भने सोही प्रश्न श्री अम्वेवर जनता उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापलाई सोधिएकोमा उनीहरुको नेतृत्वमा समाजमा वातावरणीय सरसफाई कार्यक्रम सञ्चालन, विभिन्न किसिमका सामाजिक विकृती र विसङ्गती हटाउन सडकनाटक गर्ने, स्वास्थ्य एवं सरसफाईसँग सम्बन्धित अभियानहरु संचालन गर्ने किसिमका विषयवस्तुमा जोड दिनुपर्ने सुझाव प्राप्त भयो । सोही प्रश्न ज.उच्च माध्यमिक विद्यालयका बिद्यालय व्यवस्थापन समिति अध्यक्षलाई सोधिएकोमा विद्यार्थीलाई असल नागरिक बनाउन कर्तव्यको बोध गराउने, अनुशासनमा राख्ने, सामाजिक भावनाको विकास गराउने किसिमका समास्यामूलक र क्रियाकलापमुखी विषयवस्तुमा जोड दिनुपर्ने जवाफ पाइयो भने अम्वेवर जनता  उच्च माध्यमिक विद्यालयका बिद्यालय व्यवस्थापन समिति अध्यक्षले असल समाजको निर्माण, राष्ट्रिय एकता र अखण्डता, असल आचरण समाज र राष्ट्रको हित गर्ने र निस्वार्थ भावनाको विकास गर्ने किसिमका विषयवस्तुमा जोड दिंदा उपयुक्त हुने बताउनु भयो । त्यसैगरी असल नागरिक बनाउन के कस्ता विषयवस्तुमा जोड दिनुपर्ला भनि विद्यालय निरीक्षक तथा स्रोत व्यक्तिलाई प्रश्न सोधिएकोमा सैद्धान्तिक ज्ञान दिने विषयवस्तुका साथ साथै विद्यार्थीको व्यवहार परिवर्तन ल्याउने किसिमका विषयवस्तु, खराव आचरणमा सुधार गर्ने, दण्डहिनता अन्त्य गर्ने, स्वार्थीपना हटाउने, हिंसा, लागुपदार्थ दुर्व्यसन र धुम्रपानका असरहरुको जानकारी दिने, आदर्श, सृजनशिल, श्रमप्रति सम्मान देखाउने मितव्ययी नागरिक तयार गर्न मद्धत पुऱ्याउने किसिमका विषयवस्तुमा जोड दिनुपर्ने प्रतिकृया प्राप्त भयो ।

त्यसैगरी असल नागरिक बन्नका लागि बिद्यालय तहको सामाजिक अध्ययन बिषयको पाठ्यक्रममा के कस्ता विषयवस्तुहरु आवश्यक छन् होला भन्ने बारेमा दुवै विद्यालयका कक्षा ६ देखि १० सम्मका ४० जना विद्यार्थीहरुलाई प्रश्न सोधिएकोमा असल नागरिक बन्नका लागि नागरिक तथा नैतिक शिक्षा, सामाजिक शिक्षा, बालअधिकार, नागरिकलाई आफ्नो अधिकार र कर्तव्यप्रति सचेत बनाउने, समाजसेवा र देशप्रेमको भावनाको विकास गर्ने, समाज र राष्ट्रको उन्नतीका लागि तन मन र धनले सहयोग गर्न प्रेरीत गर्ने, राष्ट्र हितका निम्ति नागरिकको भूमिका अनुशासन, सकारात्मक सोच, असल कामका निम्ति पुरस्कार र खराब कार्य गरेवापत दण्ड समाज, अन्याय र अत्याचारको विरोध गर्ने, कानून मिचेर काम गर्ने घुसखोरी र भ्रष्टाचारीलाई सामजिक बहिष्कार गर्न सिकाउने, राष्ट्रिय सरोकारका विषयमा आम जनतालाई सचेत बनाउने, विद्यार्थीहरुमा असल आचरणको विकास गर्ने, सामाजिक सहयोग र सार्वजनिक संपत्तिको संरक्षण र सदुपयोगको भावना जगाउने, सीप र प्रविधियुक्त नागरिक तयार गर्ने, वैज्ञानिक सोचको विकास गर्ने, शिष्ट, सभ्य र इमान्दार र नैतिक व्यवहार गर्न सिकाउने, भौतिक सुख सुविधाका लागि मरिमेट्नुको सट्टा आध्यात्मीक चिन्तनमा रमाउन सिकाउने, विषयवस्तुमा जोड दिनुपर्ने जवाफ पाइयो ।

तपाईको विचारमा बिद्यालय तहको सामाजिक अध्ययन बिषयको पाठ्यक्रमलाई कसरी विद्यार्थी केन्द्रित बनाउन सकिन्छ होला भन्ने वारे श्री जनता उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापकसँग

प्रतिकृया माग्दा पाठ्यक्रमलाई विद्यार्थी केन्द्रित बनाउनको लागि विद्यार्थीलाई सक्रीय बनाउने किसिमका अभ्यासहरु राखिनुपर्ने, सैद्धान्तिक कुराको सिकाइभन्दा व्यवहारिक र प्रयोगात्मक सिकाईका पाठहरु समावेश गर्नु पर्ने र विद्यार्थीले समाजमा गएर गर्नुपर्ने परियोजना कार्यलाई महत्व दिनुपर्ने बताउनु भयो । सोही प्रश्न अम्वेवर जनता उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापलाई सोधिएकोमा सामाजिक अध्ययनको पाठ्यक्रमलाई परिमार्जन गरी व्यवहारिक किसिमका विषयवस्तुमा जोड दिनु उपयुक्त हुने प्रतिकृया प्राप्त भयो । तपाईको विचारमा सामाजिक अध्ययनको शिक्षाको पाठ्यक्रमलाई कसरी विद्यार्थी केन्द्रित बनाउन सकिन्छ होला भन्ने बारेमा दुवै विद्यालयका बिद्यालय व्यवस्थापन समिति अध्यक्षहरुलाई जिज्ञासा राखिएकोमा सामाजिक अध्ययनको पाठ्यक्रमलाई व्यवहारिक तथा क्रियाकलापमुखी बनाउनु पर्ने, व्यवहारिक पाठहरु समावेश गरिनपर्ने र परियोजना कार्य र समूहकार्यमा जोड दिनु पर्ने समान प्रतिकृया पाइयो । यही प्रश्नको जवाफमा सम्बन्धित स्रोत केन्द्रका विद्यालय निरीक्षक बाट Learning by doing को सिद्धान्तमा आधारित, क्रियाकलापमुखी विधि, परियोजनाकार्य, समूहकार्य, समूदायको भ्रमण जस्ता कुरालाई पाठ्यक्रममा समावेश गरेर पाठ्यक्रमलाई विद्यार्थी केन्द्रीत बनाउन सकिने प्रतिकृया प्राप्त भयो भने स्रोत व्यक्तिले सैद्धान्तिक ज्ञान भन्दा व्यवहारिक ज्ञानमा जोड दिई विद्यार्थी केन्द्रित विधिबाट शिक्षण गर्नुपर्ने बताउनु भयो ।

त्यसै गरी बिद्यालय तहको सामाजिक अध्ययन बिषयको पाठ्यक्रममा सुधार गर्नु पर्ने कुराहरु के के हुन सक्छन् भन्ने बारे विद्यालय निरीक्षक र स्रोत व्यक्तिलाई प्रतिकृया मागिएकोमा राष्ट्रिय एकता, राष्ट्रप्रेम, साँस्कृतिक विविधताको संरक्षण, नागरिक कर्तव्य र दायित्व निर्वाह गर्न सक्षम बनाउने किसिमका व्यवहारिक विषयवस्तुहरु थप गर्नु पर्ने समान धारणा पाइयो ।

**तालिका ४.४**

**सामाजिक अध्ययन विषयको पाठ्यक्रम संगठन गर्ने बारे शिक्षकहरुको प्रतिक्रिया**

| **प्रतिकृया** | **शिक्षकसंख्या** |
|---|---|
| ऐच्छिक विषयको रुपमा | ० जना |
| अनिवार्य विषयको रुपमा | ७ जना |
| विभिन्न विषयसँग एकीकृत गरेर | २ जना |
| **जम्मा** | **९ जना** |

माथिको तालिका अनुसार दुई तिहाई भन्दा बढी शिक्षकहरुले सामाजिक अध्ययन बिषयको पाठ्यक्रमको संगठन अनिवार्य विषयको रुपमा हुनु पर्ने र अन्यले बिभिन्न बिषयसँग एकिकृत गर्नु पर्ने प्रतिक्रिया दिए ।

**तालिका ४.५**

**सामाजिक अध्ययनको पाठ्यक्रमको ढाँचा सम्बन्धि शिक्षकहरुको प्रतिकृया**

| प्रतिकृया | शिक्षकसंख्या |
|---|---|
| विद्यार्थी केन्द्रित | ६ जना |
| समस्या केन्द्रित | ३ जना |
| **जम्मा** | **९ जना** |

माथिको तलिका अनुसार दुई तिहाई शिक्षकहरुले सामाजिक अध्ययनको पाठ्यक्रम बिद्यार्थी केन्द्रित हुनुपर्ने र अन्यले समस्या केन्द्रित हुनु पर्ने प्रतिकृया दिए ।

**तालिका ४.६**

**सामाजिक अध्ययनको पाठ्यक्रमको विकास कसरी गर्न राम्रो होला भन्ने बारे शिक्षकहरुको प्रतिकृया**

| प्रतिकृया | शिक्षकसंख्या |
|---|---|
| स्थानीय स्तरमा विकास गर्ने | ३ जना |
| स्थानीय र केन्द्रित स्तरमा | ५ जना |
| अन्य | १ जना |
| **जम्मा** | **९ जना** |

माथिको तालिका अनुसार झण्डै आधा शिक्षकहरुले सामाजिक अध्ययनको पाठ्यक्रम विकास स्थानीय तहमा र केन्द्रिय स्तरमा हुनु पर्ने, एक तिहाईले स्थानीय स्तरमा हुनु पर्ने र एक जनाले अन्य प्रक्रिया अपनाउनु पर्ने प्रतिकृया दिए ।

**तालिका ४.७**

**सामाजिक अध्ययनको विषयवस्तुलाई कसरी सुधार गर्न सकिन्छ भन्ने बारे शिक्षकहरुको प्रतिकृया**

| प्रतिकृया | शिक्षकसंख्या |
|---|---|
| पाठलाई व्यवहारिक जीवनसँग जोडेर | ८ जना |
| परीक्षा प्रणालीमा सुधार गरेर | १ जना |
| **जम्मा** | **९ जना** |

माथिको तालिका अनुसार बहुसँख्यक शिक्षकहरुले सामाजिक अध्ययने बिषयवस्तुलाई सुधार गर्न पाठलाई व्यवहारिक जीवनसँग जोड्नु पर्ने र एक जनाले परीक्षा प्रणालीमा सुधार गर्नुपर्ने प्रतिकृया दिए ।

## ४.३ नागरिक शिक्षाा लागि विद्यालयका प्राथमिकताहरु

खोज तथा अध्ययनका क्रममा उदयपुर जिल्लाको त्रियुगा नगरपालिका वडा नं. १६, श्री अम्वेवर जनता उच्च माध्यमिक विद्यालय र वडा नं. १३ श्री जनज्योती उच्च माध्यमिक विद्यालयले गरेका विभिन्न क्रियाकलापहरु सम्बन्धि जानकारी लिनको लागि अनुसन्धानका क्रममा उक्त क्षेत्रमा प्रत्यक्ष उपस्थित भई सम्बन्धित व्यक्ति तथा सूचना दातासँग आवश्यक सूचना संकलन गरिएको थियो जुन सूचनाहरुलाई निम्न शिर्षकमा राखी विश्लेषण र व्याख्या गरिएको छ ।

### ४.३.१ विद्यालयमा गरिएका क्रियाकलापहरु

तपाईको विचारमा असल नागरिक र असल समाजसँग सम्बन्धित क्रियाकलापहरु के के हुन भन्ने बारेमा जनज्योती उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापलाई प्रश्न सोधिएकोमा समाजमा मिलनसार, सहयोगी, आत्मनिर्भर, नैतिकमूल्यसित निष्ठावान बनाउने किसिमका क्रियाकलाप, व्यक्तिको आन्तरिक व्यक्तित्वलाई रुपान्तरण गरी साच्चैको सचेत र जिम्मेवार नागरिक बनाउने क्रियाकलापहरु असल नागरिक र असल समाजसित सम्बन्धित रहेको प्रतिकृया पाइयो भने सोही प्रश्न अम्वेवर जनता उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापलाई सोधीकोमा व्यक्तिगत स्वार्थ भन्दा समूदायको हितलाई प्राथमिकता दिने, एक अर्कालाई सहयोग गर्ने, समाजमा असल नागरिकको भूमिका निर्वाह गर्ने जस्ता क्रियाकलापहरु असल नागरिक र असल समाजसँग सम्बन्धित हुने प्रतिकृया प्राप्त भयो ।

त्यसैगरी असल नागरिकसँग सम्बन्धित क्रियाकलापहरु कस्तो हुन्छ होला भनि दुवै विद्यालयका बिद्यालय व्यवस्थापन समिति अध्यक्षहरुलाई जिज्ञासा राख्दा विद्यार्थीहरुमा असल नागरिकमा हुनुपर्ने गुणको विकास गराउने किसिमका क्रियाकलापहरु, व्यक्तिगत स्वार्थ भन्दा सामाजिक र राष्ट्रिय हितको लागि काम गर्ने, समाजमा भए गरेका गलत क्रियाकलापहरुको निर्धक्क विरोध गर्ने जस्ता क्रियाकलापहरु असल नागरिकसँग सम्बन्धित रहेको पाइयो । त्यसैगरी तपाईको विचारमा असल नागरिक र असल समाजसँग सम्बन्धित क्रियाकलापहरु के के हुन्छन् होला भन्ने बारेमा सम्बन्धित स्रोात केन्द्रका विद्यालय निरीक्षक र स्रोत व्यक्तिलाई प्रश्न सोधिएकोमा समाजमा गलत कार्य गर्ने व्यक्तिलाई दण्डित गर्ने, घुस्याहा र भ्रष्टाचारीलाई समाजिक बहिष्कार गर्ने, असल नागरिकको आचरण गर्ने व्यक्ति पहिचान गर्ने र उसलाई सम्मानित गर्ने, वातावरणीय एवं सामुदायिक सरसफाई, खुला, दिशामुक्त क्षेत्रको घोषणा र कार्यान्वयन, मदिरा निषेधित क्षेत्रको घोषणा, समाजलाई महिला एवं जातिय हिंसा मुक्त गर्ने, बृद्ध-बृद्धा एवं बालवालीकाको संरक्षण, सार्वजनिक सम्पत्तिको संरक्षण जस्ता क्रियाकलापहरु असल समाज र असल नागरिकसँग सम्बन्धित हुने प्रतिकृया पाइयो । त्यसैगरी सोही प्रश्न दुवै विद्यालयका ९ जना सामाजिक विषय अध्यापन गर्ने शिक्षकहरुलाई सोधिएकोमा समजमा भए गरेका कार्यहरुको बारेमा प्रतिवेदन लेखन, आफु र समाजका अन्य व्यक्तिहरुमा समाजसेवा र देशभक्तिको भावनाको विकास गर्ने, नागरिक अधिकार र कर्तव्यको पालन गर्ने, सामाजिक विकृति र समस्याको न्यूनिकरण र समाधानमा आ-आफ्नो क्षेत्रबाट सकारात्मक भूमिका निर्वाह गर्ने, सामाजिक मौलिक पहिचान, हाम्रो सँस्कृति र परम्पराको संरक्षण र

संबर्द्धनमा टेवा पुऱ्याउने किसिमका काम गर्ने, प्रष्टवक्ता, मिलनसारिता सहयोगी भावना, कर्तव्यनिष्ट सेवामुखी र परोपकार जस्ता गुणको विकास गराउने किसिमका व्यवहारिक अभ्यास गराउने, भविष्यमा स्वावलम्बी नागरिक हुन प्रेरीत गर्ने, एक आपसमा मेलमिलाप र सहयोगको भावना राख्ने, विरामी हुँदा सहयोग गर्ने, एकजुट भएर सार्वजनिक काम गर्ने, स्थानिय संघ संस्थाको भ्रमण, अवलोकन तथा प्रतिवेदन लेखन, निर्वाचनको समयमा मतदाताहरुलाई विभिन्न राजनीतिक दलहरुको मुखपत्र र कार्यक्रमहरुको बारेमा सचेत गराउने समाजको उन्नती र विकासमा सक्रिय सहभागीता जनाउने, जस्ता क्रियाकलाप असल नागरिक र असल समाजसँग सम्बन्धित रहेको प्रतिकृया प्राप्त भयो ।

त्यसैगरी तपाईको विचारमा असल नागरिक र असल समाजसँग सम्बन्धित क्रियाकलापहरु के के छन् भन्ने बारेमा दुवै विद्यालयका ४० जना विद्यार्थीहरुलाई प्रश्न सोधिएकोमा मनलाई स्वस्थ्य र निर्मल बनाउने, समाजमा शान्ति र सद्भाव कायम गर्ने, ईश्वरको सर्वव्यापकतामा विश्वास गर्नु, समाजको विकासमा आ-आफ्नो क्षेत्रबाट यथासक्य योगदान पुऱ्याउनु, सामाजिक समस्या र विकृतिको पहिचान गरी समाधानको उपाय पत्ता लगाउने, शिष्टाचार र मर्यादाको पालन गर्ने, परिश्रमी, नैतिकवान, अनुशासीत, सदाचारी, निस्वार्थी र सेवामुखी हुने, आत्म अनुशासन कायम गर्ने, धर्म, सँस्कृतिको पालन गर्ने, जातिय, लैङ्गिक एवं वर्गिय भेदभाव नराख्ने, अफु जन्मेको देश र माटोको माया गर्ने, पारस्परिक सहयोग आदानप्रदान गर्ने, समाजको विकासमा सवै धर्म, वर्ण, क्षेत्र र लिङ्गका मानिसहरुलाई समावेश गर्ने, व्यक्तिगत र वातावरणीय सरसफाईमा ध्यान दिने, सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने, समाजको सेवामा संलग्न हुनु, असक्तहरुको सेवा गर्ने, अरुको उपकार गर्ने, व्यक्तिगत स्वार्थ त्याग्ने, समाजको उत्थान र चौतर्फी विकासमा एकजुट भएर लाग्ने, घर परिवार र छरछिमेकमा राम्रो भूमिका निर्वाह गर्ने, समाजमा सवैसँग राम्रो व्यवहार गर्ने, समानतामा आधारित समाजको निर्माणमा सघाउ पुऱ्याउने, राष्ट्रिय एकताको महत्व बुझी त्यसतर्फ सवैलाई प्रेरीत गर्ने, समाजमा मेलमीलाप बढाउने, सवै नागरिकले इमान्दारीपूर्वक कर तिर्नु, समाजका मानिसहरुले समाज र राष्ट्रको विकासका लागि मन, वचन र कर्मले सहयोग गर्नु, राष्ट्रले बनाएका नीति, नियमको पालन गर्ने, आफ्ना हक अधिकार र कर्तव्यको पालन गर्ने, आफुभन्दा ठूलालाई आदर सम्मान र सानालाई माया गर्ने, दुःखी गरिब र असहायको सेवा गर्ने, सामाजिक कुरीतिको विरोध गर्ने, सबैको भलो र कल्याण हुने काम गर्नु, समाजमा जनचेतना जगाउनु, विकासका भौतिक पूर्वाधारको निर्माणमा मद्धत गर्ने, सबैलाई समान व्यवहार गर्नु, नैतिक एवं चरित्रवान बन्नु, अरुलाई परेको दुःख आफुलाई जस्तै ठान्नु, आदि क्रियाकलापहरु रहेको प्रतिक्रिया प्राप्त भयो ।

**तालिका ४.८**

**तपाई असल नागरिक र असल समाजसँग सम्बन्धित क्रियाकलापहरुको बाट सिक्नु हुन्छ भन्नेवारे विद्यार्थीहरुको प्रतिकृया**

| **प्रतिकृया** | **विद्यार्थी संख्या** |
|---|---|
| आमा बुवा/घरपरिवारका अन्य सदस्य | १२ |
| शिक्षक | १३ |
| समाजसेवी/मान्यजन/बुद्धिजीवि | १० |
| नागरिक समाजका व्यक्ति | २ |
| मानव अधिकारवादी | २ |
| साथी | १ |
| **जम्मा** | **४०** |

माथिको तालिका अनुसार झण्डै एक तिहाई बिद्यार्थीहरु आफूले असल समाज र असल नागरिकसँग सम्बन्धित क्रियाकलापहरु आमा, बुवा, घर परिवारका अन्य सदस्य र शिक्षकबाट सिकने गरेको, बहुसँख्यकले समाजसेवी, मान्यजन र बुद्धिजिवीबाट सिक्ने गरेको र अन्यले नागरिक समाजका व्यक्ति, मानव अधिकारवादी र साथिहरुबाट सिक्ने गरेको प्रतिकृया दिए ।

तपाईको विद्यालयमा विद्यार्थीहरुले कतिको उत्साहपूर्वक राष्ट्रिय गान गाउने गरेका छन् र सो राष्ट्रिय गानले राष्ट्रिय एकतामा अभिवृभिद्ध गर्न कतिको सहयोग गरेको छ भन्ने सम्बनधमा जनज्योती उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापलाई जिज्ञासा राख्दा विहान +२ को अध्यापन र दिउँसो विद्यालयको पठन पाठन संचालन गर्ने हतारोले हाललाई राष्ट्रिय गान गायन कार्यक्रम स्थगित गरिएको र यस अगाडि भने विद्यार्थीहरुले उत्साहपूर्वक रुपमा राष्ट्रिय गान गाउँदै आएका छन् र यसले बहुजातिय सामाजिक संरचना र भौगोलिक विषमता भएको हाम्रो जस्तो मुलुकमा राष्ट्रिय एकताको भावना संचार गर्नमा महत्वपूर्ण सहयोग गरेको प्रतिकृया प्राप्त भयो भने सोही प्रश्न अम्वेवर जनता उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापलाई सोधिएकोमा विद्यालयका हरेक उत्सव र विशेष कार्यक्रममा विद्यार्थीहरुले राष्ट्रिय गान अत्यन्त उत्साह पूर्वक गाउने गरेको विद्यार्थीहरुलाई समूहमा विभाजन गरी पालैपालो राष्ट्रिय गान गाउन लगाउने र उत्कृष्ट समूहलाई पुरष्कृत गर्ने गरेको तर समयको अभावमा दैनिक रुपमा राष्ट्रिय गान गाउने नगरेको प्रतिकृया प्राप्त भयो । राष्ट्रिय गानले देशको सम्पूर्ण जात जाति भाषा, भाषी र संस्कृतिका मानिसहरुलाई एउटै मालामा गाँसेर हामी नेपाली सबै एक हौं, कोही कसैको पराई छैन भनने भावना पैदा गरी सम्पूर्ण नेपालीलाई एकै सूत्रमा बाँधेको प्रतिकृया पाइयो ।

**तालिका ४.९**

**तपाईको विद्यालयमा विद्यार्थीहरुले कतिको उत्साहपूर्वक राष्ट्रियगान गाउने गरेको पाउनु भएको छ भन्ने बारेमा विषय शिक्षकहरुको प्रतिकृया**

| प्रतिकृया | विद्यार्थी संख्या |
|---|---|
| विभिन्न दिवस र अभिभावक भेलामा उत्साह पूर्वक गाउने गरेको | ५ |
| विद्यार्थीहरुले उत्साहपूर्वक गाउने गरेको | २ |
| कक्षा सुरु हुनुभन्दा अगाडि लामवद्ध भई एक स्वरमा लय मिलाइ गाउने गरेको | १ |
| संक्रमणकालिन अवस्था पछि नियमित रुपमा गाउन छाडिएको | १ |
| **जम्मा** | ९ |

विद्यालयमा राष्ट्रिय गान गाउने समयको बारेमा शिक्षकहरुबाट मिश्रीत प्रतिकृया प्राप्त भएकोले अध्ययनकर्ता स्वयंले दुवै विद्यालयमा स्थलगत निरिक्षण गर्दा दैनिक रुपमा राष्ट्रियगान गाउने गरेको पाइएन भने राष्ट्रिय गानले सबै जात जातिमा एकता, सद्भाव र मेलमिलापको भावना पैदा गर्न, वीर शहिद र पुर्खाहरुले देश र जनताको लागि वगाएको रगतको सम्मान गर्न, प्राकृतिक स्रोतको संरक्षण गर्न, जातिय विविधता विच एकता कायम गर्न, क्षेत्रीय साम्प्रदायिकताको भावना त्यागी सम्पूर्ण नेपालीलाई एक हुन आव्हान गरेको कुरामा सम्पूर्ण सामाजिक विषय अध्ययन गर्ने शिक्षकहरुको समान प्रतिकृया प्राप्त भयो ।

विद्यार्थीलाई असल नागरिक बनाउन विद्यालयले के कस्ता क्रियाकलापहरु संचालन गरेको भन्नेवारे जनज्योती उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापलाई प्रश्न सोधिएकोमा प्रत्येक कक्षामा कक्षागत आचारसंहिता निर्माण गरी त्यसको परिपालन, विद्यालयले विद्यार्थी तथा शिक्षकका लागि छुट्टाछुट्टै आचारसंहिता निर्माण गरी त्यसको परिपालन, नियमित रुपमा विद्यार्थीको अगुवाईमा विद्यालयको सरसफाई, साप्ताहीक रुपमा हाजिरीजवाफ, वक्तृत्वकता, वादविवाद, हिज्जे प्रतियोगिता, गायन, कविता लेखन, खेलकुद जस्ता अतिरिक्त कृयाकलाप संचालन, जिल्लामा हुने विभिन्न कृयाकलापमा विद्यार्थीको सहभागिता, सामाजिक विकृति र समस्यालाई उजागर गर्न मद्धन गर्ने किसिमका सडक नाटक जस्ता क्रियाकलाप गर्ने गरेको प्रतिकृया प्राप्त भयो भने सोही प्रश्न श्री अम्वेवर जनता उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापलाई सोधीएकोमा विद्यार्थीहरुलाई भविष्यमा असल नागरिक बनाउन विद्यालयले आचारसंहिता निर्माण गरी पालन गर्न लगाएको, हरेक बर्ष एकजना सबभन्दा अनुशासित विद्यार्थीलाई पुरस्कार प्रदान गर्ने, मद्यपान धुम्रपान र लागु औषध दुर्व्यसनबाट विद्यार्थीलाई टाढा राख्न समय समयमा Counselling गर्ने, विद्यार्थीको अगुवाईमा विद्यालय परिसर र कक्षाकोठा नियमित रुपमा सरसफाई गर्ने, हरेक शुक्रवार अतिरिक्त क्रियाकलाप संचालन गर्ने गरेको प्रतिकृया प्राप्त भयो । तपाईको विचारमा विद्यालयमा सिकेका क्रियाकलापहरुले समाजमा कस्तो प्रंभाव पारेको छ भन्ने सम्बन्धमा दुवै विद्यालयका प्रधानाध्यापक हरुबाट समाजमा सकारात्मक र परिवर्तनमुखी प्रभाव परेको तर असल नागरिकका

व्यवहार गर्ने गराउने क्रममा विद्यालय मात्र नभएर अभिभावक र समुदायको पनि थप भूमिका आवश्यक भएको प्रतिकृया प्राप्त भयो ।

त्यसैगरी विद्यालयमा विद्यार्थीलाई असल नागरिक बनाउने के कस्ता कृयाकलापहरु गराइएको छ, यसरी विद्यालयले गराएका क्रियाकलापहरु प्रति तपाईको धारणा कस्तो छ भन्ने बारेमा ज.उच्च माध्यमिक विद्यालयका बिद्यालय व्यवस्थापन समिति अध्यक्षलाई जिज्ञासा राख्दा विद्यालयमा विद्यार्थीलाई असल नागरिक बनाउन अनुशासनको बोध गराउने, असल व्यवहार देखाउन प्रेरित गर्ने, अरुलाई आदर सत्कार गर्ने, कर्तव्यको बोध गराउने खालका क्रियाकलाप गर्ने गरिएको, विद्यालयले गराएका यस्ता क्रियाकलाप प्रति आफ्नो सकारात्मक धारणा रहेको र आफु सन्तुष्ट भएको प्रतिकृया पाइयो । सोही प्रश्न श्री अम्वेवर जनता उच्च माध्यमिक विद्यालयका बिद्यालय व्यवस्थापन समिति अध्यक्ष समक्ष राख्दा विद्यार्थीलाई असल नागरिक बनाउन विद्यालयले विद्यार्थीमा अनुशासन कायम गराउने प्रयास गरेको, अनुशासित विद्यार्थीलाई अभिभावक भेलामा पुरस्कृत गरेको, अनुशासन भंग गर्ने र विद्यालयको शैक्षिक वातावरण धमिल्याउने विद्यार्थीलाई कारवाही गर्ने गरेको र उक्त क्रियाकलाप प्रति आफ्नो सकारात्मक धारणा रहेको प्रतिकृया प्राप्त भयो । विद्यार्थीलाई विद्यालयमा सिकाइएका क्रियाकलापहरुले समाजमा कस्तो प्रभाव पारेको छ भन्ने बारेमा सम्बन्धित स्रोत केन्द्रका विद्यालय निरीक्षक र स्रोत व्यक्तिसँग प्रतिकृया माग्दा वातावरणीय सरसफाई, धुम्रपान निषेधित क्षेत्र घोषणा, समूह छलफल, जीवनोपयोगी सीपको अभ्यास, जस्ता क्रियाकलापले समाजमा सकारात्मक प्रभाव पारेको तर विद्यालयमा सिकाइएका क्रियाकलापहरु घर परिवार छरछिमेकमा गरे नगरेको निरिक्षण गरी अभिभावकले पनि यस्ता क्रियाकलाप गर्न आफ्ना बालवालीकाहरुलाई प्रेरीत गरेको खण्डमा भविष्यमा आफ्ना विद्यार्थीलाई असल नागरिक बनाउने विद्यालयको उद्देश्य पुरा गर्न मद्धत पुग्ने प्रतिकृया प्राप्त भयो । विद्यार्थीलाई विद्यालयमा सिकाइएका क्रियाकलापको समाजमा कस्तो प्रभाव परेको छ भन्ने सम्बन्धमा दुवै विद्यालयका बिद्यालय व्यवस्थापन समिति अध्यक्षबाट यस्ता क्रियाकलापको समाजमा सकारात्मक प्रभाव परेको तर समाज, समुदाय र घर परिवारका सदस्यहरुले पनि विद्यालयमा गराइएका क्रियाकलापहरुबाट विद्यार्थीले सिकेका कुराहरु व्यवहारमा उतार्ने वातावरणको सृजना गर्न मद्धत गर्नुपर्ने बताउनु भयो ।

त्यसैगरी विद्यार्थीलाई असल नागरिक बनाउन विद्यालयले कक्षा भित्र र बाहिर कस्ता कस्ता क्रियाकलाप गर्ने गरेको छ भन्ने सम्बन्धमा शिक्षकहरुबाट प्रतिकृया मागेकोमा अनुशासनको पालन गर्ने, एक आपसमा सहयोग गर्नें, आफुभन्दा ठूलाको आदर गर्ने र सानालाई माया गर्ने, किशोर किशोरीहरुका समस्या र समाधानको बारेमा छलफल गर्ने र विद्यालयको आचारसंहिता पालन गर्ने/गराउने, विद्यार्थीको अगुवाइमा कक्षाकोठा र विद्यालय हाता सफा गराउने, हरेक शुक्रवार अतिरिक्त क्रियाकलाप गर्ने, विद्यार्थीहरुलाई सभ्य, अनुशासित, मर्यादित, धैर्य, लगनशील, मेहनती एवं कर्तव्य परायण बन्न प्रेरित गर्ने, विद्यार्थीलाई खाली घण्टीमा पुस्तकालयमा गई पत्रपत्रिका र अन्य ज्ञानवर्धक पुस्तक पढ्न लगाउने, अध्ययन भ्रमण गराउने, स्रोत केन्द्र एवं जिल्ला स्तरीय खेलकुद, निबन्ध प्रतियोगिता, हाजिरीजवाफ प्रतियोगिता, वक्तृत्वकला जस्ता कार्यक्रममा विद्यार्थी सहभागिता जनाउने, विद्यालयको परिसरमा

फूलवारी निर्माण एवं संरक्षण गर्ने, जीवनोपयोगी सीपको अभ्यास गराउने, विद्यालयको भौतिक संरचनाको संरक्षण गर्ने, जस्ता क्रियाकलाप गराउने गरेको पाइयो ।

नागरिक शिक्षा सम्बन्धि विद्यालयमा कस्ता किसिमका अतिरिक्त क्रियाकलापहरु गरिन्छन् भन्ने वारे विद्यार्थीहरुसँग लक्षित समूह छलफल गर्दा विद्यालय र बालचेतना समूहद्वारा खेलकुद, वादविवाद, वक्तृत्वकला, हाजिरीवजाफ प्रतियोगिता जस्ता अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने गरेको प्रतिकृया पाइयो । त्यसैगरी असल नागरिक र समाज निर्माणसँग सम्बन्धित विषय वस्तुहरु कसरी पढाउने गरिएको छ भन्ने सम्बन्धमा लक्षित समूह छलफल गर्दा विद्यार्थीको अगुवाईमा कक्षा कोठा र विद्यालय परिसर सफा गर्ने, बोल्ने सिपको विकास गर्न दैनिक एक एक जनालाई कक्षामा अगाडि बोलाएर कुनै विषयमा एक मिनेट बोल्न लगाउने, असल बानी व्यवहारको बारेमा शिक्षक शिक्षिकाद्वारा कथा कविता सुनाउने र विद्यार्थीहरुलाई पनि कथा कविता लेख्न र भन्न लगाउने गरेको प्रतिकृया प्राप्त भयो ।

विद्यार्थीलाई सम्बोधन गर्दा तपाई के कुरामा ध्यान पुऱ्याउनु हुन्छ भन्नेवारे विषय शिक्षकहरुलाई प्रतिकृया मागिएकोमा जातिय एवं शारीरिक विशेषताका आधारमा उपनाम नदिने गरेको, विद्यार्थीलाई नामबाट सम्बोधन गर्ने गरेको, तिमी शर्वनामको प्रयोग गर्ने गरेको प्रतिकृया प्राप्त भयो ।

**तालिका ४.१०**

**असल विद्यार्थीको हैसियतले कुनै पुरस्कार पाउनु भएको छ भन्ने बारे विद्यार्थीहरुको प्रतिकृया**

| प्रतिकृयाहरु | विद्यार्थी संख्या |
|---|---|
| विभिन्न प्रतियोगिता जिती पुरस्कार पाएको | ११ |
| छात्रवृत्ति पाएको | ५ |
| पढाईमा राम्रो स्थान ल्याई पुरस्कार पाएको | ३ |
| अनुशासित भई पुरस्कार पाएको | ८ |
| विद्यालयमा नियमित उपस्थित भई पुरस्कार पाएको | ५ |
| कुनै पुरस्कार नपाएको | ८ |
| **जम्मा** | ४० |

माथिको तालिका अनुसार झण्डै एक तिहाई विद्यार्थीहरुले विभिन्न अतिरिक्त क्रियाकलापमा राम्रो स्थान ल्याई पुरस्कार पाएको, उल्लेख्य संख्यामा अनुशासित भई पुरस्कार पाएको, अन्यले छात्रवृत्ति पाएको, नियमित विद्यालयमा उपस्थित भई पुरस्कार पाएको, जेहन्दार विद्यार्थी भई पुरस्कार पाएको र ८ जनाले कुनै प्रकारको पुरस्कार नपाएको प्रतिकृया प्राप्त भयो ।

मानव अधिकार, समाजिक न्याय, शान्ति शिक्षा र नागरिक चेतना सम्बन्धमा सरोकारवालालाई जानकारी गराउन के कस्ता क्रियाकलाप गराउनु भएको छ भन्ने बारेमा ज.उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापक सँग प्रतिकृया माग्दा यस सम्बन्धि राष्ट्रिय अन्तराष्ट्रिय सन्धी अभिसन्धीहरुको विषयमा

विद्यार्थीहरुलाई सचेत गराउने गरेको प्रतिकृया प्राप्त भयो । सोही प्रश्न श्री अम्वेवर जनता उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापकलाई सोधिएकोमा विद्यालयमा बाल अधिकार चेतना समूह गठन गरिएको, बाल मैत्री कक्षा संचालन गरिएको, दलित एवं पछाडी पारिएको समूदायका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरिएको, यस्ता विद्यार्थीहरुबाट विद्यालयले कुनै किसिमको शुल्क नलिएको, यस्ता विषयवस्तुसँग सम्बन्धित शिर्षकमा समय समयमा वक्तृत्वकला, चित्रकला, निबन्ध, कविता प्रतियोगिता गर्ने गरेको प्रतिकृया प्राप्त भयो ।

त्यसैगरी बालवालीकाहरुको बालअधिकार र कर्तव्यको अभिवृद्धि सम्बन्धि के कस्ता क्रियाकलाप गर्ने गराउनु भएको छ भनि जिज्ञासा राख्दा श्री जनज्योती उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापकबाट बालबालिकालाई बिद्यालयमा दिइने दण्ड सजायमा न्यूनिकरण गर्दै लगिएको, बाल अधिकार प्रति विद्यार्थीहरुलाई सचेत गराइएको विद्यालयको सेवा क्षेत्रभिका कुनै पनि बालवालिका पढाईबाट बञ्चित नहुन भनि शैक्षिक सत्रको सुरुमा विद्यालय स्वागत कार्यक्रम अन्तरगत विद्यार्थीको घर घरमा गई विद्यालय आउन आव्हान गर्ने गरेको पाइयो भने सोही प्रश्न श्री अम्वेवर जनता उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापक सँग सोधिएकोमा बाल अधिकारसँग सम्बन्धित पुस्तक र पत्रपत्रिकाहरु संकलन गरी बाल पुस्तकालयको स्थापना गरिएको दण्डरहित बाल मैत्री कक्षा संचालन गरिएको प्रतिकृया प्राप्त भयो ।

### ४.३.२ विद्यालय क्रियाकलापलाई सुधार गर्ने उपायहरु

विद्यालय क्रियाकलापलाई सुधार गर्ने उपायहरुबारे उत्तरदाताहरुसँग प्रतिकृया लिने क्रममा नागरिक शिक्षालाई व्यवहारिक बनाउन के गर्नुपर्ला भनि श्री जनज्योती उच्च माध्यमिक विद्यालयका बिद्यालय व्यवस्थापन समिति अध्यक्षसँग प्रतिकृया मागेकोमा नागरिक शिक्षालाई व्यवहारीक बनाउन व्यवहारिक तथा विद्यार्थी क्रियाकलापमुखी पाठ्यक्रम तयार गरी विद्यालयका शिक्षकहरुलाई उचित किसिमको तालिम दिनु पर्ने र तालिम प्राप्त शिक्षकहरुले पनि तालिममा प्राप्त गरेको सीपहरुको प्रयोग गरी कक्षाकोठामा विद्यार्थीहरुलाई भविष्यमा असल नागरिक बन्न सहयोग गर्ने विषयवस्तुहरु व्यवहारिक प्रयोगात्मक र रोचक शैलीमा अध्यापन गर्नु पर्ने प्रतिकृया प्राप्त भयो । सोही प्रश्न श्री अम्वेवर जनता उच्च माध्यमिक बिद्यालयका बिद्यालय व्यवस्थापन समिति अध्यक्ष समक्ष सोधिएकोमा नागरिक शिक्षालाई व्यवहारिक बनाउन समाजमा भएका असल र खराब क्रियाकलापबारे छलफल गर्ने, विद्यार्थीहरुलाई विभिन्न समुदायको अध्ययन भ्रमण गराउने, व्यक्तिगत स्वार्थ त्यागी समाज र राष्ट्रको हित सम्बन्धि चिन्तन गर्ने वानीको विकास गर्नु पर्ने प्रतिकृया प्राप्त भयो ।

नागरिक शिक्षामा सम्बन्धि विषयवस्तुहरु प्रभावकारी बनाउन के गर्नुपर्ला भनी सम्बन्धित स्रोत केन्द्रका स्रोत व्यक्तिसँग जिज्ञासा राख्दा शिक्षक स्वयंले विद्यालयमा असल नागरिकका आदर्श व्यवहार गर्नुपर्ने, गैर नागरिक क्रियाकलापहरुलाई विद्यालयले निरुत्साहित गर्नु पर्ने र समुदायको भ्रमण गरी

प्रतिवेदन लेखन तथा परियोजना कार्य जस्ता क्रियाकलापमा जोड दिनुपर्ने प्रतिकृया प्राप्त भयो । सोही प्रश्न सम्बन्धित स्रोत केन्द्रका विद्यालय निरीक्षक लाई सोधिएकोमा विद्यार्थी केन्द्रित विधिको प्रयोग, परियोजना कार्य, समूहकार्य, विद्यार्थीको सामाजिक व्यवहारको मूल्याङ्कन, असल नागरिकले गरेका उदाहरणिय कार्यको बारेमा छलफल जस्ता क्रियाकलापहरुमा जोड दिएको खण्डमा नागरिक शिक्षाको विषयवस्तुलाई प्रभावकारी बनाउन सकिने प्रतिकृया प्राप्त भयो । नागरिक शिक्षाको पाठ्यक्रम संरचनालाई कसरी प्रभावकारी बनाउन सकिन्छ होला भन्ने बारे विद्यालय निरीक्षक र स्रोत व्यक्तिसँग प्रतिकृया मागेकोमा दुवैजनाबाट केन्द्रिय स्तरबाट पाठ्यक्रमको निर्माण नगरी स्थानिय वुद्धिजिवी, समाजसेवी, समाजशास्त्री, शिक्षक, सामाजिक कार्यकर्ता, अभिभावक, मानव अधिकारकर्मी, प्रधानाध्यापक सँग छलफल गरी राय संकलन गर्ने र स्थानीय स्तरबाट पाठ्यक्रमको निर्माण गर्नु पर्ने प्रतिकृया प्राप्त भयो ।

**तालिका ४.११**

**नागरिक तथा नैतिक शिक्षा प्रदान गर्ने विषयवस्तु कसरी पढाएमा राम्रो हुने थियो भन्ने बारेमा विद्यार्थीहरुको प्रतिकृया**

| प्रतिकृयाहरु | विद्यार्थी संख्या |
|---|---|
| शैक्षिक सामग्रीको प्रयोग गरेर | ९ |
| क्रियाकलापमुखी शिक्षण विधि प्रयोग गरेर | ६ |
| पाठसँग सम्बन्धित उदाहरण दिएर | ३ |
| असल नागरिकका गुणको सैद्धान्तिक ज्ञान दिनुका साथै व्यवहारीक अभ्यास गराएर | ४ |
| छलफल र प्रश्नोत्तर गरेर | ३ |
| बालमैत्री शिक्षण गरेर | १ |
| अधिकार र कर्तव्यवारे जनचेतना फैलाएर | २ |
| सकारात्मक सोचको विकास गरेर | २ |
| अभिनय विधिको प्रयोग गरेर | ३ |
| विद्यार्थीको रुची र मनोविज्ञान बुझी शिक्षण गरेर | १ |
| विषयवस्तुको क्षेत्र बढाएर | १ |
| स्थलगत भ्रमण तथा समुदायको अवलोकन गराएर | ३ |
| नैतिक तथा नागरिक शिक्षाका विशेषज्ञसँग कक्षाकोठामा अन्तरक्रिया गराएर | २ |
| **जम्मा** | **४०** |

माथिको तालिका अनुसार नागरिक तथा नैतिक शिक्षा प्रदान गर्ने विषयवस्तु शैक्षिक सामग्रीको प्रयोग गरेर पढाएको खण्डमा अझ राम्रो हुने भनी झण्डै एक चौथाई विद्यार्थीहरुले भनेको पाइयो ।

त्यसैगरी क्रियाकलापमुखी शिक्षण विधि प्रयोग गरेर पाठसँग सम्बन्धित उदाहरण र तर्क दिने, विद्यार्थीहरुमा असल नागरिकका गुणहरुको व्यवहारिक अभ्यास गराउने, छलफल र प्रश्नोत्तर गर्ने, बालमैत्री शिक्षण गर्ने, सकारात्मक सोचको विकास गर्ने, अभिनय विधिको प्रयोग, विषयवस्तुको क्षेत्र वृद्धि गर्ने, विद्यार्थीको रुची र मनोविज्ञान बुझी शिक्षण गर्ने, स्थलगत भ्रमण र समुदायको अवलोकन गराउने प्रतिकृया प्राप्त भयो ।

नैतिक तथा नागरिक शिक्षासँग सम्बन्धित विषयवस्तुलाई प्रभावकारी र रुचीपूर्ण बनाउन के गर्नुपर्ला भन्ने सन्दर्भमा कक्षा ४ र ५ का विद्यार्थीहरुसँग बसेर लक्षित समूह छलफल गर्दा चित्रको प्रयोग गरी पढाउँदा कथा, कविता, गीत र खेलको माध्यमबाट पढाउँदा र शिक्षकहरुले व्याख्यान विधिबाट पढाउनुको सट्टा विद्यार्थीलाई क्रियाकलाप र समूह कार्य गर्न लगाएर, खेल खेलाएर पढाउँदा विषयवस्तु प्रभावकारी र रुचीपूर्ण हुने प्रतिकृया प्राप्त भयो ।

वर्तमान सन्दर्भमा नागरिक शिक्षाले कस्तो कृयाकलापमा जोड दिनु पर्ला भन्ने बारेमा श्री जनज्योती उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापलाई जिज्ञासा राख्दा समाजमा मिलनसार, सहयोगी, आत्मनिर्भर र नैतिक मूल्यसित निष्ठावान बनाउने, व्यक्तिको आन्तरिक व्यक्तित्वलाई रुपान्तरण गरी साच्चैको सचेत र जिम्मेवार नागरिक बनाउने देश र अन्तराष्ट्रिय जगत प्रति सचेत नागरिक तयार गर्ने किसिमका कृयाकलापमा जोड दिनु पर्ने प्रतिकृया प्राप्त भयो । सोही प्रश्नको जवाफमा श्री अम्वेवर जनता उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापकबाट असल आचरणको अभ्यास गराउने, दण्डहिनताको अवस्थाको अन्त्य गर्न मद्धत पुऱ्याउने, समाज र राष्ट्रियताका लागि विद्यार्थीलाई प्रेरीत गर्ने, अरुको अधिकारको सम्मान गर्दै आफ्नो हक अधिकार खोज्न सिकाउने किसिमका क्रियाकलापमा जोड दिनुपर्ने प्रतिकृया प्राप्त भयो ।

तपाईको विचारमा अहिलेको नागरिक शिक्षाले कस्तो क्रियाकलापमा जोड दिनु पर्छ होला भनि ज.उच्च माध्यमिक विद्यालयका बिद्यालय व्यवस्थापन समिति अध्यक्षसँग जिज्ञासा राख्दा अहिलेको नागरिक शिक्षाले राष्ट्रलाई माया गर्ने, सवै वर्ग र जातका जनतालाई समेट्ने, लोकतन्त्रलाई संस्थागत गर्ने, विद्यार्थीलाई सक्रिय बनाउने तथा संविधान बनाउन नेताहरुलाई खवरदारी गर्ने जस्ता क्रियाकलापमा जोड दिनु पर्ने प्रतिकृया प्राप्त भयो । यही प्रश्न श्री अम्वेवर जनता उच्च माध्यमिक विद्यालयका बिद्यालय व्यवस्थापन समिति अध्यक्षसँग सोधिएकोमा असल बानीको विकास, सामाजिक र साँस्कृतिक विविधता प्रति सहिष्णुता राख्दै त्यसको संरक्षण गर्ने, शहिदहरुको योगदानको कदर गर्ने र असल समाजको निर्माण गर्न आवश्यक सबै किसिमका क्रियाकलापहरुमा जोड दिनुपर्ने प्रतिकृया पाइयो । त्यसैगरी अहिलेको नागरिक शिक्षाले कस्ता क्रियाकलापमा जोड दिनुपर्ला भन्ने सम्बन्धमा सम्बन्धित स्रोत केन्द्रका स्रोत व्यक्तिसँग प्रतिकृया लिंदा जीवनोपयोगी सीपको व्यवहारमा कार्यान्वयन गर्ने, वतावरणीय सरसफाई गर्ने, स्वस्थकर बानी र जीवनशैली बनाउने, हिंसा र उदण्डतालाई निरुत्साहीत गर्ने जस्ता क्रियकलापमा जोड दिनुपर्ने प्रतिकृया पाइयो । यही प्रश्न सम्बन्धित स्रोत केन्द्रका विद्यालय निरीक्षक लाई

सोधिएकोमा असल नागरिकमा हुनुपर्ने गुणहरुको विकास गर्न मद्धत पुऱ्याउने किसिमका व्यवहारको पर्याप्त अभ्यास गराउने किसिमका क्रियाकलापमा जोड दिई उक्त व्यवहार विद्यालय भित्र, घर परिवार र समाजमा गरे नगरेको अनुगमन गरी त्यसको मूल्याङ्कन समेत गर्नुपर्ने धारणा रहेको पाइयो ।

**तालिका ४.१२**

**वर्तमान सन्दर्भमा नागरिक शिक्षाको लागि विद्यालयले कस्ता क्रियाकलापमा जोड दिनु पर्ला भन्नेवारेमा शिक्षकहरुको प्रतिकृया**

| प्रतिकृयाहरु | शिक्षक संख्या |
|---|---|
| साथीभाईमा मेल मिलाप, आफुभन्दा ठूलामा आदर भाव, मूल्य मान्यता प्रति सद्भाव, राष्ट्रप्रति सद्भाव जागृत गराउने खालका क्रियाकलाप | ४ |
| हप्तामा एकपटक अनिवार्य रुपमा हरेक कक्षामा नैतिक शिक्षाका पाठहरु पढाउने | १ |
| विद्यार्थीको अगुवाईमा समुदायलाई फाइदा पुऱ्याउने किसिमका अभियान संचालन गर्ने | १ |
| आचार संहिताको पालन र अनुशासनमा जोड दिने | २ |
| सैद्धान्तिक र नीतिगत कुरा भन्दा व्यवहारिक पक्षमा जोड दिने | १ |
| **जम्मा** | **९** |

माथिको तालिका अनुसार झण्डै आधा शिक्षकहरुले साथीभाईमा मेल मिलाप, मान्यजन, सामाजिक मूल्य मान्यता र राष्ट्रप्रति सद्भाव जगाउने क्रियाकलापमा जोड दिनुपर्ने वताएको पाइयो भने अन्य शिक्षकहरुबाट नैतिक शिक्षा प्रदान गर्ने पाठ पढाउनुपर्ने, अनुशासन र आचार संहिता पालन गर्ने, व्यवहारिक पक्षमा जोड दिनुपर्ने, विद्यार्थीवाट समाजमा अभियानहरु संचालन गर्ने जस्ता क्रियाकलापमा जोड दिनुपर्ने प्रतिकृया प्राप्त भयो ।

तपाईको विचारमा शिक्षक र विद्यार्थीलाई असल नागरिक बनाउनका लागि उनीहरुका कुन कुन क्रियाकलापहरु सुधार गर्नु पर्छ भन्ने बारेमा ज.उच्च माध्यमिक विद्यालयका. प्रधानाध्यापलाई जिज्ञासा राखिएकोमा शिक्षकहरुले आफुमा धुम्रपान, सूर्तीसेवन एवं मद्यपान जस्ता अस्वस्थकर बानी भए त्याग्नु पर्ने, अनुकरणीय शिष्ट र नम्र भाषाको प्रयोग गर्नुपर्ने, पैसामुखी भन्दा सेवामुखी बन्नुपर्ने, आफ्ना बालबच्चालाई निजी विद्यालयमा नपढाएर सामुदायिक विद्यालय पढाउनुपर्ने, शिक्षण पेशालाई आफ्नो मुख्य पेशा ठानी समर्पित भएर लाग्नु पर्ने, अध्ययनशिल हुनुपर्ने र विद्यार्थीहरुले पनि अस्वस्थकर जीवनशैली त्यागी स्वस्थ्यकर बानीको विकास गर्ने, अनुशासशीत हुने, मोवाइलको दुरुपयोग नगर्ने, अध्ययनशिल एवं चिन्तनशील हुने, चिट चोरेर पास हुनु भन्दा अध्ययन गरेर पास गर्न कोशीस गर्ने, आफुले जानेका कुरा अरुलाई सिकाउने र नजानेका कुरा अरुबाट सिक्ने बानीको विकास गर्ने, जस्ता क्रियाकलापमा सुधार गर्नुपर्ने प्रतिकृया प्राप्त भयो । सोही जिज्ञासा अम्वेवर जनता उच्च माध्यमिक विद्यालयका प्रधानाध्यापकसँग राख्दा शिक्षकहरुले आदर्श र अनुकरणीय क्रियाकलाप मात्र गर्नुपर्ने, खराब

आदत भए त्याग्नुपर्ने, विद्यार्थीहरुले उदण्ड व्यवहार गर्न छाडी अनुशासीत ढंगले आफ्नो लक्षमा निरन्तर सक्रिय रुपले लागिरहनुपर्ने प्रतिकृया प्राप्त भयो ।

त्यसैगरी तपाईको विचारमा शिक्षक र विद्यार्थीका कुन कुन कृयाकलापहरु सुधार गर्नुपर्छ भन्ने बारेमा ज.उच्च माध्यमिक विद्यालयका बिद्यालय व्यवस्थापन समिति अध्यक्षसँग प्रतिकृया माग्दा हरेक विद्यालयमा शिक्षकबाट विद्यार्थीलाई दमन गर्ने प्रथा हटाई प्रजातान्त्रिक र बालमैत्री वातावरणको सृजना गर्नुपर्ने, कक्षामा शिक्षण गर्दा शिक्षक केन्द्रित विधि भन्दा विद्यार्थी केन्द्रित विधिको प्रयोग गर्नुपर्ने, शिक्षकले सैद्धान्तिक ज्ञानमात्र नदिई व्यवहारिक ज्ञान पनि दिनुपर्ने, शिक्षकहरुले दैनिक पाठयोजना बनाएर अध्यापन गर्नुपर्ने, त्यसैगरी विद्यार्थीहरुले पनि धुम्रपान, मद्यपान गर्ने जस्ता अस्वस्थकर बानीबाट टाढा रहनुपर्ने, मितव्ययी एवं सादा जीवन जिउनुपर्ने, चिट चोर्ने भन्दा पढ्ने बानीको विकास गर्ने, शिक्षकहरुले सिकाएका कुरा व्यवहारमा लागु गर्ने र अनुशासीत हुनुपर्ने प्रतिकृया दिनुभयो । सोही जिज्ञासा अम्वेवर जनता उच्च माध्यमिक विद्यालयका बिद्यालय व्यवस्थापन समिति अध्यक्षसँग राख्दा विद्यार्थीलाई असल नागरिक बनाउन शिक्षकले व्यवसायीक शिक्षा प्रदान गरी उनीहरुलाई उत्पादनशील बनाउनुपर्ने, विद्यार्थीको रुची अनुसारका विषयहरुको अध्ययन गर्ने अवसर दिनुपर्ने, विद्यार्थीहरुलाई अस्वस्थकर बानी र असामाजिक व्यवहारको खराब परिणाम बारे सजग गराई उनीहरुलाई स्वस्थकर बानीको विकास गर्न प्रेरीत गर्ने जस्ता कृयाकलाप गर्नु पर्ने र विद्यार्थीहरुले पनि अल्छे बानी त्यागी अध्ययनशील र जाँगरिलो बन्नुपर्ने, कुलतबाट टाढा रहनु पर्ने र विद्यालय भित्र र बाहिर अनुशासीत हुनुपर्ने प्रतिकृया प्राप्त भयो ।

त्यसैगरी तपाईको विचारमा असल नागरिक बन्नका लागि शिक्षक र विद्यार्थीहरुको कुन कुन क्रियाकलापहरु सुधार गर्नु पर्ला भन्ने बारेमा सम्बन्धित स्रोात केन्द्रका विद्यालय निरीक्षक बाट शिक्षकले आफूमा धुम्रपान तथा मद्यपान गर्ने जस्ता खराब आदत भए हटाउनुपर्ने, राजनीतिक दलको झण्डा बोकी हिड्नुको सट्टा शिक्षण कार्यमा समर्पित हुनुपर्ने, शिक्षक विद्यार्थी दुवैले समयको सही सदुपयोग गर्नुपर्ने, आ-आफ्नो कर्तव्यको पालन गर्नुपर्ने बताउनुभयो । सोही विषयमा सम्बन्धित स्रोत केन्द्रका स्रोत व्यक्तिसँग प्रतिकृया मागिएकोमा शिक्षकले विद्यालय ढिलो आउने र छिट्टै घर जाने, मदिरा सेवन र धुम्रपान गर्ने जस्ता अस्वस्थकर बानीमा सुधार गर्नुपर्ने, आफू राजनीतिक दलको कार्यकर्ता बनी विद्यालयलाई राजनीति गर्ने थलो बनाउने शिक्षक भएर शिक्षण कार्यलाई गौण सम्झी अन्य व्यवसायलाई मूल पेशा सम्झने जस्ता कृयाकलापमा सुधार गर्नु पर्ने र विद्यार्थीले पनि परीक्षामा चिट चोर्ने, विद्यालयमा अनुशासनहिन क्रियाकलाप गर्ने, समाजमा उदण्ड र असामाजिक व्यवहार गर्ने, मेहनत नगरी राम्रो परिणाम खोज्ने, आफू अध्ययन नगरी गाइड र गेस पेपरमा भर पर्ने जस्ता क्रियाकलापमा सुधार गर्नु पर्ने प्रतिकृया प्राप्त भयो ।

तपाईको विचारमा असल नागरिक बन्नका लागि शिक्षक र विद्यार्थीको कुन कुन क्रियाकलापहरुमा सुधार गर्नुपर्ला भन्ने बारे दुवै विद्यालयका विभिन्न कक्षामा सामाजिक विषय अध्ययन गर्ने शिक्षकहरुसँग प्रतिकृया माग्दा शिक्षकहरुले धुम्रपान, मद्यपान जस्ता खराब आदत आफूमा भए

छाड्नुपर्ने, नम्र र शिष्ट भाषाको प्रयोग गर्नु पर्ने, शिक्षणलाई व्यापार बनाउनु नहुने, समाजमा शिक्षकको मान, प्रतिष्ठामा आँच आउने किसिमका व्यवहार गर्नु नहुने, कुनै राजनीतिक दलको कार्यकर्ता नबनि समर्पित भावले आफ्नो पेशामा लागि पर्नु पर्ने, शिक्षकले शिक्षणलाई सहायक पेशा बनाएर अन्य इलम, धन्दा गर्न नहुने, शिक्षकको आचारसंहिता विपरित कार्य गर्नु नहुने, ठिक समयमा विद्यालयमा प्रवेश गर्ने, अनुभवी र तालिमप्रापत शिक्षकहरुले नव प्रवेशी शिक्षकलाई सहयोग गर्नुपर्ने, आफ्नो कर्तव्यको पालन गर्नु पर्ने, अध्ययनशिल हुनुपर्ने, आफुले अध्यापन गर्ने विषयको शैक्षिक उपलब्धी हाँसील गराएर मात्र बिद्यार्थीहरुलाई माथिल्लो कक्षामा चढाउने, आफूलाई समाजको आदर्श व्यक्तित्वको स्थापित गर्नुपर्ने प्रतिकृया प्राप्त भयो ।

त्यसैगरी विद्यार्थीहरुले सुधार गर्नु पर्ने क्रियाकलापमा अनुशासित, अहिंसाको पक्ष पोषण गर्ने, सहयोगी, शिष्ट, सभ्य र मिलनसार हुनु पर्ने, कुलतबाट आफू टाढा रहनुपर्ने र अरुलाई पनि कुलतमा नलाग्न प्रेरीत गर्नु पर्ने सार्वजनिक सम्पत्तिको तोडफोड होइन संरक्षण गर्नु पर्ने, विद्यालयमा सिकेका ज्ञान र सीप व्यवहारमा उतार्नु पर्ने पश्चिमी छाडा सँस्कृतिको पछाडि नलागेर आफ्नो मौलिक परम्परा मूल्यमान्यता र कला सँस्कृतिको जगेर्ना गर्नु पर्ने, विद्यार्थीको आचारसंहिता पालन गर्नुपर्ने, मितव्ययीता अपनाउनु पर्ने, विद्यालय आउँदा अन्ती कुण्डल, मुन्द्रा र भड्कीलो पोशाकको सट्टा विद्यालयले तोकेको पोशाक लगाउनुपर्ने, गुरु र मान्यजनलाई आदर गर्नुपर्ने प्रतिकृया प्राप्त भयो ।

**तालिका ४.१३**

**असल नागरिक निर्माणको लागि विद्यालयले कुन कुन क्रियाकलाप सुधार गर्नु पर्छ भन्ने बारेमा विद्यार्थीहरुको प्रतिकृया**

| प्रतिकया | विद्यार्थी संख्या |
|---|---|
| शिक्षक पढाइ सकेर कक्षा कोठाबाट बाहिर निस्कनासाथ सवै विद्यार्थीहरु कक्षा बाहिर निस्कने क्रम रोक्नुपर्छ । | १ |
| शिक्षकहरुले विद्यार्थीहरुलाई नियमित रुपमा गृहकार्य दिने र चेक गर्ने गर्नु पर्छ । | ३ |
| विद्यालयमा आएर विभिन्न राजनतिक दलका भातृ संगठन गठन गर्नु हुँदैन । | ३ |
| नागरिक चेतना र असल नागरिकका गुणहरुको विकास गर्ने किसिमका क्रियाकलापमा जोड दिनु पर्छ | १० |
| विद्यालयमा सबै जात, जाति, समूदाय, भाषा धर्मका विद्यार्थीहरुसँग समान व्यवहार गर्नु पर्छ । | २ |
| बिद्यालयमा नागरिक अधिकार, कर्तव्य र दायित्व सम्बन्धि जनचेतनामूलक कार्यक्रमहरु गर्नु पर्छ । | ४ |
| बिद्यालयमा नराम्रो र अनुशासनहिन कार्य गर्नेलाई दण्ड सजाय दिनु पर्छ । | ३ |
| शिक्षकहरुले आफ्नो विषय पढाउनुका साथै विद्यार्थीहरुलाई अनुशासित अध्ययनशिल र मेहनती बन्न प्रेरित गर्नुपर्छ । | ६ |
| नागरिक शिक्षा सम्बन्धि थप विषयवस्तु पढाउनुपर्छ । | २ |
| अतिरिक्त क्रियाकलाप गराउन विद्यालय उदाशिन हुनु हुँदैन । | २ |
| विद्यालयमा नियमित प्रार्थना गरिदैन तर गर्नु राम्रो हुन्छ । | १ |
| विद्यार्थीलाई पाठ्यक्रमले तोकेका विषयवस्तुका अतिरिक्त समाजमा घटेका समसामयीक घटनाको पनि जानकारी गराउनु पर्छ । | १ |
| विद्यालयमा असल नागरिकले गर्ने व्यवहारको अभ्यास गराउनु पर्छ । | २ |
| प्रदूषण नियन्त्रण र वातावरणीय सरसफाई, खुला दिशा मुक्त क्षेत्र, धुम्रपान निषेधीत क्षेत्र घोषणा जस्ता अभियान संचालन गर्नुपर्छ । | १ |
| विद्यार्थीलाई असल नागरिक बनाउन घर परिवार र समुदायको पनि सहयोग लिनु पर्छ । | |
| विद्यार्थीमा अर्न्तनिहित क्षमता पहिचान गरी त्यसक्षेत्रमा उसलाई अवसर प्रदान गर्नु पर्छ । | १ |
| **जम्मा** | ४० |

माथिको तालिका अनुसार एक चौथाई विद्यार्थीहरुले नागरिक चेतना र नागरिक गुणको विकास गर्नु पर्ने प्रतिकृया दिएभने केही विद्यार्थीहरुले नियमित गृहकार्य, विद्यालयमा राजनीतिक गतिविधि गर्न नहुने, अनुशासनमा जोड दिनुपर्ने र असल नागरिक तयार गर्न घर परिवार र समुदायको मद्धत लिनुपर्ने प्रतिकृया दिए । त्यसैगरी उल्लेख्यले विद्यार्थीलाई अनुशासीत, अध्ययनशिल र मेहनती हुन प्रेरीत गर्नु पर्ने राय प्रकट गरे । बाँकी विद्यार्थीहरुले नागरिक शिक्षा सम्बन्धि थप विषयवस्तु पढाउनु पर्ने, सामाजिक विकृतिहरु विरुद्ध अभियान संचालन गर्ने, विद्यार्थीको अन्तरनिहित क्षमता अनुसार उनीहरुलाई अवसर प्रदान गर्ने, नियमित रुपमा प्रार्थना गर्ने र राष्ट्रिय गान गाउनु पर्ने, अतिरिक्त क्रियाकलाप नियमित हुनुपर्ने कुरामा जोड दिएको पाइयो ।

असल समाज र असल नागरिकसँग सम्बन्धित क्रियाकलाप कसरी सिकाउन सकिन्छ होला भन्नेबारे सम्बन्धित स्रोत केन्द्रका विद्यालय निरीक्षकसँग प्रतिकृया माग्दा असल नागरिक र असल समाज निर्माणमा देखा परेका समस्या र चुनौतीहरुलाई पहिचान गरी व्यवहारिक पाठ्यक्रम निर्माण गरेर बाल बालिकाको व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने किसिमका विषयवस्तु शिक्षण गर्नु पर्ने प्रतिकृया प्राप्त भयो । सोही जिज्ञासा स्रोत व्यक्ति समक्ष राखदा विद्यार्थीहरुलाई सैद्धान्तिक ज्ञान मात्र नदिई असल समाजको निर्माणमा असल नागरिकको भूमिका सम्बन्धि अभ्यास गर्ने अवसर प्रदान गर्ने, त्यसको अनुगमन विद्यालय र समाजले गरी आवश्यक पृष्ठपोषण दिने र मार्गदर्शन गर्नुपर्ने प्रतिकृया प्राप्त भयो ।

त्यसैगरी विद्यार्थीलाई असल नागरिक बनाउन विद्यालयले गरेका क्रियाकलापहरु पर्याप्त छन कि छैनन, छैनन भने के गर्नु पर्ला भन्ने बारेमा विद्यालय निरीक्षक सँग प्रतिकृया मागिएकोमा विद्यालयले मात्र गरेको एकतर्फी प्रयास पर्याप्त नदेखिएको, विद्यालयमा सिकेका व्यवहारहरु प्रस्तुत गर्ने ठाँउ घर परिवार र समुदायनै भएको हुनाले विद्यालय, अभिभावक र समाजको त्रिपक्षीय प्रयासबाट मात्र असल नागरिकको निर्मण हुन सक्ने प्रतिकृया पाइयो । सोही प्रश्नको प्रतिकृया स्वरुप स्रोत व्यक्तिले विद्यालयको प्रयास सकारात्मक भएपनि पर्याप्त नभएको, सैद्धान्तिक ज्ञान भन्दा व्यवहारिक पक्ष, अनुशासन र असल आचरणमा जोड दिनुपर्ने बताउनु भयो ।

विद्यार्थीलाई असल नागरिक र असल समाजसँग सम्बन्धित कृयाकलाप कसरी सिकाउनु पर्छ होला भन्ने बारेमा सामाजिक विषय अध्यापन गर्ने दुवै विद्यालयका शिक्षकहरुसँग प्रतिकृया लिंदा विद्यार्थीले घर परिवार र समुदायमा गरेको व्यवहारको अवलोकन गरी प्रयोगात्मक अंक प्रदान गर्ने, समाजमा असल नागरिकले गरेको कार्यको अनुशरण गर्न लगाउने, अश्लिल र खराब व्यवहारको दुष्परिणाम बारे जानकारी गराएर त्यस्ता व्यवहारप्रति बितृष्णा जगाउने, असल समुदायको भ्रमण गराउने जस्ता प्रतिकृया प्राप्त भयो ।

# अध्याय पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१ प्राप्ति

अनुसन्धानको क्रममा विभिन्न साधनहरुको प्रयोग गरी संकलन गरिएका सूचनाहरुको विश्लेषण र व्याख्याका आधारमा प्राप्तिहरु निकालिएको छ । ती प्राप्तिहरुलाई यस अध्ययनको उद्देश्य बमोजिम निम्न अनुसार उल्लेख गरिएको छ ।

### ५.१.१ समाजका प्राथमिकता र अपेक्षासम्बन्धि प्राप्तिहरु

- विद्यालयमा शिक्षक र विद्यार्थीलाई अनुशासित बनाउन आचारसहिंता निर्माण गरेको पाइयो ।

- विद्यार्थीहरुले विद्यालय भित्र र बाहिर अनुशासनमा रहने, अतिरिक्त क्रियाकलापमा सहभागि हुनुपर्ने, कक्षाकोठा र विद्यालय परिसर नियमित रुपमा सफा गर्नु पर्ने, शिक्षक र विद्यार्थी दूवैले विद्यालयले तोकेको पोशाक लगाउनु पर्ने, विद्यालयमा मोवाइल ल्याउन नपाइने, विद्यालयको सम्पत्तिको संरक्षण गर्नुपर्ने, कसैलाई भेदभाव गर्न नपाइने, धुम्रपान, मद्यपान तथा लागुपदार्थबाट सधै टाढा रहने, बिद्यार्थीलाई हिनता बोध हुने किसिमले सम्बोधन नगर्ने, शिक्षकको पेशामा आँच आउने किसिमको कार्य नगर्ने जस्ता नियमहरु रहेको प्रतिकृया पाइयो ।

- असल विद्यार्थी र असल नागरिक दयालु, नम्र, सहनशील, धैर्य, मिलनसार, नैतिक, लगनशील, राजनैतिक रुपले जागरुक, भेदभाव रहित सोच भएको, स्वावलम्बी, सहिष्णु, देशभक्त, आफ्नो अधिकार र कर्तव्य प्रति सचेत, शान्तिप्रिय, सुशिक्षित र सुसुचित हुनुपर्ने प्रतिकृया पाइयो ।

- बालअधिकार, मौलिकहक र कर्तव्य, संविधान, शिक्षा ऐन २०२८ का बिभिन्न संशोधनहरु, दलित, जनजाति, मधेशी र महिला आरक्षण, शिक्षक एवम् विद्यार्थीका आचारसंहिता, पूर्वप्राथमिक शिक्षालाई विद्यालय संरचनामा समावेश, पूर्वप्राथमिक विद्यालय खोल्न गाऊँ विकास समिति र नगरपालिकालाई अधिकार प्रत्ययोजन, हिमाली जिल्लाहरुमा आवश्यक्ता अनुसार घुम्ती विद्यालय खोल्न अनुमति दिने, माध्यमिक शिक्षालाई निःशुल्क गर्ने जस्ता सरकारका नीतिनियमले नागरिक शिक्षालाई सहयोग गरेको प्रतिकृया पाइयो ।

- मानव अधिकार, समाजिक न्याय, शान्ति शिक्षा र नागरिक चेतनाका लागि विद्यालयलाई शान्ति क्षेत्र घोषणा गर्ने, द्वन्द्व पिडित शिक्षकलाई सुरक्षित स्थानमा काज सुरक्षा गर्ने, स्रोत केन्द्र स्तरिय अतिरिक्त क्रियाकलाप सञ्चालन, शैक्षिक शत्रको सुरुमा विद्यालय स्वागत कार्यक्रम सञ्चालन, विद्यालयमा बाल क्लवको गठन, प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र

शिक्षकहरुको आर्थिक कारोवारलाई पारदर्शी बनाउन सामाजिक लेखा परीक्षण गरेको प्रतिकृया पाइयो ।

- विद्यार्थीहरुका अनुसार हाम्रो देशमा सुशासन कायम गर्नका लागि देश र जनताको हितमा काम गर्ने व्यक्तिलाई मात्र चुनावमा जिताउनु पर्ने, भ्रष्टाचार विरोधी कानुन बनाई कडाईका साथ कार्यान्वयन गर्ने, राजनैतिक अस्थीरता हटाउने, दण्डहिनताको अन्त्य गर्ने जस्ता नीति ल्याउनु पर्ने प्रतिक्रिया पाइयो ।

### ५.१.२ विषयवस्तुको क्षेत्र सम्बन्धि प्राप्तिहरु

- विद्यालय तहको सामाजिक अध्ययन बिषयहरुको पाठ्यक्रममा विद्यार्थीहरुलाई असल नागरिक बनाउन हालको नेपाली कला र सँस्कृति, सामाजिक विकृति र समाधानका उपायहरु, नागरिक चेतना अन्तर्गत व्यवस्थापीका, कार्यपालिका, न्यायपालिका, संवैधानिक निकायहरु, निर्वाचनमा नागरिकको भूमिका राजनैतिक दलहरु, राष्ट्रिय सरकारका विषयहरु, गाउँविकास समिति, नगरपालिका र जिल्ला विकास समितिको गठ्न प्रक्रिया र काम कर्तव्य अधिकार, अन्तराष्ट्रिय सम्बन्ध, देशभक्ती, बाल अधिकार, मानव अधिकार, जातिय सहिष्णुता, हाम्रो साझा सम्पत्ति, परिवारको काममा सहयोग, धार्मिक सहिष्णुता, नेपाली वीर विरङ्गनाहरुको योगदान जस्ता विषयवस्तुमा जोड दिएको छ भन्ने प्रतिक्रयाहरु पाइयो ।

- विद्यार्थीहरुमा समाजिक नेतृत्व सम्बन्धि सीप विकास गर्न सामाजिक अध्ययनमा निर्वाचनमा नागरिक भूमिका, नागरिक चेतनासँग सम्बन्धित विषयवस्तुहरु, सामाजिक विकृति र समस्यासँग सम्बन्धित भएर समुहमा कार्य गर्न, समाजमा नेता, पत्रकार, सामाजिक कार्यकर्ता, समाज सेवी, सभामुख आदिको भूमिका निर्वाह गर्ने किसिमका प्रश्नावली तयार गर्ने, प्रतिवेदन लेख्ने, नाटक तथा संवाद गर्ने, मन्तव्य दिने, सामाजिक समस्या समाधानका उपाय पत्ता लगाउने, समाजमा घटेका घटना समेटी समाचार बनाउने जस्ता विषयवस्तुहरु पनि समावेश छन् ।

- त्यसैगरी सामाजिक अध्ययनमा भएका मौलिक हक र कर्तव्य, सुशासन, नागरिक समाजको भूमिका, हाम्रो रीतिरिवाज र परम्परा, विकासको पूर्वाधार निर्माणमा जनसहभागिता, धर्म निरपेक्षता, नेपाली वस्तुकला एवम् चित्रकला, नेपाली मुर्तिकला, नेपालको वर्तमान संविधानका विशेषताहरु, हाम्रा राष्ट्रिय विभुतिहरुबाट राष्ट्रका लागि योगदान, संविधानको परिचय, नेपालको संवैधानिक विकासक्रम, निर्वाचनमा नागरिकको भूमिका, राजनैतिक दलहरु, मानव अधिकार, बाल अधिकार, व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका, निर्वाचन प्रक्रिया, राष्ट्रिय सरोकारका विषयहरु, संवैधानिक अङ्गहरु, भ्रष्टाचार, सामाजिक समस्या निराकरणमा अन्तराष्ट्रिय

संस्थाहरुको भूमिका, नागरिक चेतना, विकासका लागि जनशक्ति जस्ता विषयवस्तुहरुले नैतिक तथा नागरिक शिक्षा प्रदान गर्न सहयोग गरेको प्रतिकृया पाइयो ।

- शिक्षकहरुका अनुसार सामाजिक अध्ययन अन्तर्गत नागरिक शिक्षासँग प्रत्यक्ष रुपमा सम्बन्धित विषयवस्तुहरुको लम्बीय संगठन उपयुक्त रहेको, हरेक माथिल्लो कक्षामा आवश्यक्ता अनुसार विषयवस्तुको पुनरावृती गर्दै थप नयाँ विषयवस्तुहरु समावेश गरिएको र कक्षागत रुपमा विषयवस्तुको गहिराई र विस्तृतीकरण उपयुक्त किसिमले बढाउदै लगिएको प्रतिकृया पाइयो ।

- विद्यालय निरिक्षक र स्रोत व्यक्तिका अनुसार विद्यालयमा सामाजिक अध्ययनको माध्यमबाट प्रदान गरिएको नागरिक शिक्षा सम्बन्धि सिकेका कुरा व्यवहारिक रुपमा प्रयोग भए नभएको अनुगमन गर्ने क्रममा विद्यालय, शिक्षक र अभिभावकहरुको खासै चासो नभएको हुनाले समाजमा र स्वयम् विद्यार्थीमा पनि अपेक्षित रुपमा सकारात्मक प्रभाव पर्न नसकेको प्रतिकृया पाइयो ।

### ५.१.३ विद्यालयमा गरिएका क्रियाकलापहरु सम्बन्धि प्राप्तिहरु

- समाज सेवा र देशभक्तिको भावना जगाउने, नागरिक अधिकार र कर्तव्य पालन गर्ने, सामाजिक विकृति र समस्याको सामाधान गर्न मद्धत गर्ने, आफ्नो सँस्कृति र परम्पराको संरक्षण र संवर्द्धन गर्ने, एक आपसमा मेलमिलाप र सहयोगको भावना राख्ने, देशमा भएको राजनीतिक परिवर्तन प्रति शुसुचित भई त्यसलाई आत्मसात गर्ने, सकारात्मक सोचाई राख्ने, सेवा मुखी हुने, भेदभाव नगर्ने, सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने, आफ्नो मौलिक हक र कर्तव्यको पालन गर्नु, असल नागरिकसँग सम्बन्धित कृयाकलाप भएको प्रतिकृया पाइयो ।

- बिद्यार्थीहरुले असल नागरिक र असल समाजसँग सम्बन्धित कृयाकलापहरु आमा, बुवा, परिवारका अन्य सदस्यहरु, शिक्षक, समाजसेवी, नागरिक समाजका व्यक्ति, मानव अधिकारकर्मी र साथीहरुबाट सिक्ने गरेको पाइयो ।

- विद्यालयमा आयोजना हुने दिवस तथा राष्ट्रिय पर्वहरुमा उनीहरुले आफुलाई दिएको भूमिका निर्वाह गरेर अतिरिक्त क्रियाकलापहरुमा भाग लिएर, विद्यालयको सरसफाई गरेर, कार्यक्रमको प्रचारप्रसार गरेर आमन्त्रित अतिथीहरुको स्वागत तथा बसाई व्यवस्थापन गरेर सहभागिता जनाउने गरेको प्रतिकृया पाइयो ।

- विद्यार्थीहरुलाई विद्यालयको अनुशासन पालन गराउने, एक आपसमा सहयोग गर्न सिकाउने, आफु भन्दा ठूलालाई आदर र सानालाई माया गर्न सिकाउने, किशोरकिशोरीहरुको समस्या र समाधानका बारेमा छलफल गर्ने, विद्यालयको आचार संहिता पालन गर्ने, विद्यार्थीको अगुवाइमा

कक्षाकोठा र विद्यालय हाता सफा गराउने, हरेक शुक्रवार अतिरिक्त कृयाकलाप गर्ने, फुर्सतको समयमा पुस्तकालयमा गइ पत्रपत्रिका र अन्य ज्ञानवर्द्धक पुस्तक पढ्न लगाउने, जीवन उपयोगी सीपको अभ्यास गराउने, जस्ता कृयाकलाप गर्ने गरेको प्रतिकृया पाइयो ।

- मानव अधिकार, सामाजिक न्याय, शान्ति शिक्षा, नागरिक चेतनाका सम्बन्धमा सरोकारवालालाई जानकारी गराउन विद्यालयमा बाल अधिकार चेतना समुह गठन, वालमैत्री कक्षा सञ्चालनमा, दलित एवम् पिछडिएका समुदायका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान र समय समयमा यस सम्बन्धि वक्तृत्वकला, चित्र कला, निबन्ध, कविता प्रतियोगिता गर्ने गरेको पाइयो । त्यसैगरी विद्यालयमा राष्ट्रियगान, नियमित रुपमा नभएर अभिभावक भेला र विशेष समारोहमा मात्र गाउने गरिएको र यसलाई नियमित गरिएको खण्डमा राष्ट्रियता एकता अभिवृद्धि गर्न मद्धत पुग्ने प्रतिकृया पाइयो ।

- असल नागरिक निर्माण गर्ने सन्दर्भमा अहिलेको नीतिनियमले समाज र विद्यालयमा प्रजातान्त्रिक वातावरणको सिर्जना भएको, आपसी सद्भाव बढेको, वातावरणीय सरसफाई गर्ने वानीको विकास भएको, असल नागरिकका गुणहरु बारे जानकारी प्राप्त भएको तर बाल अधिकार बालमैत्री, शिक्षण, शिक्षकले विद्यार्थीसँग गर्ने प्रजातान्त्रिक व्यवहार र उदार कक्षोन्नतीको नीतिले विद्यार्थीहरुमा अनुशासन हिनता बढ्दै गएको र उनीहरुको पढ्ने वानीमा क्रमशः कमी हुँदै गएको मिश्रीत प्रतिक्रिया पाइयो ।

## ५.२ निष्कर्ष

यस अध्ययनको प्राप्तिका आधारमा निकालिएको निकर्षलाई निम्न बमोजिम उल्लेख गरिएको छ। यस अध्ययनको लागि छनोटमा परेका उत्तरदाताहरुको विचारमा सामाजिक नियमहरुको पालना, समाजमा रहेको जातिय, लैङ्गीक, एवम् वर्गीय भेद्भावको व्यवहारिक रुपमा अन्त्य, अन्याय अत्याचार र शोषण रहित समाजको सिर्जना, प्रत्येक नागरिकले शान्तिपूर्ण किसिमको सम्मानित जीवन जिउने वातावरणको सिर्जना, सहिष्णु र सहयोगी भावनाको विकास गर्ने, गैर नागरिक कृयाकलापहरुलाई निरुत्साहित गर्ने आपसी मेलमिलाप र बन्धुत्वको दृष्टिकोणको विकास जस्ता मानवीय मुल्यहरुमा जोड दिनु आवश्यक छ । नागरिक शिक्षाले विद्यार्थीहरुलाई अनुशासन नैतिकता, असल चरित्र, सहिष्णुता, कर्तव्य पालन उद्यमशीलता, समानता, आपसी मेलमिलाप र भाइचारा जस्ता गुणको विकास गर्नु पर्छ । विद्यार्थीहरुमा यस्ता गुणको विकास गर्न विद्यालय तहको सामाजिक अध्ययन विषयमा हामी र हाम्रोसमुदाय, विकासका पूर्वाधारहरु, हाम्रो परम्परा, नागरिक चेतना, सामाजिक मूल्य मान्यता, सामाजिक समस्या र सामाधान, आर्थिक कृयाकलाप, हाम्रो विगत, हाम्रो पृथ्वी, अन्तराष्ट्रिय सम्बन्ध, शान्ति, अन्तराष्ट्रिय सहयोग जस्ता एकाईहरुमा नागरिक शिक्षा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा सम्बन्धित विभिन्न विषयवस्तुहरु समेटिएको छ । नागरिक शिक्षा सम्बन्धि विद्यालयले गरेका कार्यहरु आचारसंहिताको निर्माण

र कार्यान्वयन, हाजिरिजवाफ, निबन्ध लेख्न, कविता प्रतियागिता, वक्तृत्वकला, चेतनामुलक सडक नाटक, विद्यालय सरसफाई, बाल चेतना समुहको गठन, जस्ता कृयाकलापहरु रहेका छन् ।

त्यसैगरी पोशाक लगाएर विद्यालय आउने, विद्यालयमा मोवाईल फोनलाई प्रतिबन्धीत गर्ने, शैक्षिक भ्रमण गराउने, गरिब विद्यार्थीलाई निःशुल्क शिक्षा प्रदान, शैक्षिक शत्रको सुरुमा विद्यालय स्वागत कार्यक्रम सञ्चालन गर्ने, विद्यालयमा लैङ्गिक, एवम् जातिय भेदभाव रहित वातावरणको सिर्जना गर्ने, विद्यालयलाई शान्ति क्षेत्र घोषणा गर्ने, लागुपदार्थ निषेधित क्षेत्र घोषणा गर्ने, विद्यालयको आर्थिक कारोवार पारदर्शी बनाउन सामाजिक लेखा परीक्षण गर्ने, विद्यार्थीहरुलाई नागरिक चेतना सम्बन्धि विभिन्न कृयाकलापमा सरिक गराउने, उनीहरुलाई धुम्रपान, मधपान र लागुपदार्थ दुव्यर्सनवाट टाढा राख्न काउनसिलिङ्ग गर्ने, खुल्ला दिशामुक्त क्षेत्र घोषणा गर्ने जस्ता कार्यहरु गरेको पाइन्छ ।

नागरिक शिक्षा सम्बन्धि समाजका मूल्यमान्यताहरु विद्यालयको पाठ्यक्रम, शिक्षक र विद्यार्थी मार्फत विद्यालय शिक्षा प्रवेश गर्दछ । विद्यालयमा शिक्षक र विद्यार्थीहरु एक आपसमा आन्तरिक रुपमा अन्तक्रिया गर्दछन् । यसबाट विद्यार्थीहरुले नागरिक शिक्षा सम्बन्धि ज्ञान, सीप र धारणाहरु प्राप्त गर्दछन् र सोही अनुसार आफ्नो व्यवहारमा सकारात्मक परिवर्तन गर्दछन् । ती प्राप्त भएका ज्ञान, सीप र धारणा अनुरुप विद्यार्थीहरु विद्यालय शिक्षाको उपजको रुपमा समाजमा पुग्दछन् र पारिवारिक, सामुदायिक, सामाजिक र राष्ट्रिय जीवनका कृयाकलापहरुमा सहभागी हुन्छन् । असल नागरिक हुन विद्यार्थीहरुले आफ्नो परिवार, समुदाय, समाज र राष्ट्र लागि निर्वाह गर्नुपर्ने भूमिकाहरु इमान्दारी पूर्वक निर्वाह गरेको खण्डमा शोषणरहित र समतामुलक समाजको निर्माण गर्न मद्धत पुग्ने हुन्छ । यस प्रकार विद्यालय शिक्षाले नागरिक शिक्षा सम्बन्धि समाजको मूल्यमान्यता निर्माण र विकासमा सहयोग पुऱ्याइएको हुन्छन् ।

## ५.३ सुझावहरु

"नागरिक शिक्षाको दृष्टिले विद्यालयमा समावेश गरिएको सामाजिक अध्ययन विषयहरुको विश्लेषण" नामक एक अध्ययन प्रतिवेदनले देखाए अनुसार विद्यालयले नागरिक शिक्षालाई अनिवार्य विषयको रुपमा लागु गर्नुपर्ने देखिन्छ । त्यसैगरी नागरिक शिक्षाको पाठ्यक्रम विद्यार्थी केन्द्रित र समस्या केन्द्रित हुनुपर्ने देखिन्छ । पाठ्यक्रमको ढाँचा स्थानीय स्तरमा विकास गरिनु पर्छ र विषयवस्तुलाई व्यवहारिक जीवनसँग जोडेर प्रस्तुत गर्दा राम्रो हुन्छ । सैद्धान्तिक विषयवस्तुलाई विद्यार्थीको रुची अनुसार शिक्षण गर्नुपर्ने र विद्यालयले प्रदान गरेका ज्ञान, सीप र धारणा विद्यार्थीले व्यवहारमा उतारे नउतारेको विद्यालय र समाजले अनुगमन गरी उनीहरुको व्यवहारिक पक्षको पनि मूल्याङ्कन गर्नु आवश्यक देखिनछ । यसका लागि निम्न पक्षमा ध्यान दिनुपर्ने देखिन्छ :

- शिक्षा नियमावलीमा तोकिए वमोजिमको शिक्षक र विद्यार्थीको आचारसंहिता निर्माण गरी अनिवार्य रुपमा कार्यान्वयन गरिनुपर्ने ।

- शिक्षकले अनुकरणीय व्यवहार मात्र गर्ने ।
- शिक्षक तथा विद्यार्थीहरुलाई सार्वजनिक अनुशासन पालन गर्न प्रेरित गर्ने किसिमको वातावरण तयार गर्ने ।
- शिक्षकहरुले राजनीतिक दलका कार्यकर्ता नभएर आ-आफ्नो पेशा प्रति समर्पित र कर्तब्य निष्ट गुरुको भूमिका निर्वाह गर्नुपर्ने ।
- विद्यार्थीले विद्यालयमा सिकेका असल नागरिकका व्यवहार समुदाय र घर परिवारमा प्रस्तुत गरे नगरेको अनुगमन गरी उनीहरुको मूल्याङ्कन गरिनु पर्ने ।
- परिक्षामा चिट चोर्ने प्रवृत्तिलाई निरुत्साहित गरी परीक्षालाई मर्यादित बनाउनु पर्ने ।
- देशमा सुशासन कायम गर्नका लागि घुस्याहा र भ्रष्ट कर्मचारीलाई कडा कार्वाही गर्ने नीतिनियम बनाई कडाईका साथ कार्यान्वयन गरिनुपर्ने ।
- समाजमा व्याप्त दण्डहिनताको अवस्थालाई अन्त्य गरिनुपर्ने ।
- नागरिक शिक्षालाई विद्यालय तहमा अनिवार्य विषयको रुपमा अध्यापन गरिनु पर्ने ।
- विद्यार्थीलाई नागरिक शिक्षा सम्बन्धि व्यवहारिक ज्ञान दिनुपर्ने ।
- हालको सैद्धान्तिक ज्ञान दिएर शिक्षित वेरोजगार उत्पादन गर्न शिक्षा नीतिका सट्टामा सीपमुलक र उत्पादनशील शिक्षामा जोडदिनुपर्ने ।
- सामाजिक विकृति र समस्याबाट समाजलाई मुक्ति दिलाउन आवश्यक पर्ने नेतृत्वदायी सीप र भूमिका निर्वाह गर्न विद्यार्थीलाई सक्षम बनाइनुपर्ने ।
- सामाजिक न्यायको लागि दलित, जनजाति, पिछडिएको वर्ग र विशेष क्षमता भएका विद्यार्थीहरुलाई क्षमता अभिवृद्धिको लागि अवसरहरु दिइनुपर्ने ।
- नागरिक शिक्षाको पाठ्यक्रमलाई व्यवहारिक र कृयाकलापमुखी बनाई परियोजना कार्य र समूह कार्य, भूमिका निर्वाह, शैक्षिक भ्रमण, समस्या सामाधान विधिको प्रयोग गरी शिक्षण गर्ने ।
- विद्यालयमा कक्षा सुरु हुनु भन्दा अगाडि राष्ट्रिय गान अनिवार्य रुपमा गाइनु पर्ने ।
- धुम्रपान, मधपान तथा लागु पदार्थ सेवन जस्ता अस्वस्थ्यकर वानीबाट विद्यार्थीलाई टाढा राख्न विद्यालयले अभिभावक र समुदायको व्यक्तिसँग सहयोग लिन आवश्यक कदम चाल्नुपर्ने ।
- विद्यालयलाई शान्ति क्षेत्र घोषणा गरी विद्यालयमा गरिने राजनीतिक गतिविधिलाई बन्द गरिनु पर्ने ।

## सन्दर्भ सूची

*अनौपचारिक शिक्षा केन्द्र (*२०६६), सानोठिमी, भक्तपुर ।

खनाल, पेशल (२०६६), *शैक्षिक अनुसन्धान पद्धति,* कीर्तिपुर, काठमाण्डौ : सनलाईट प्रकाशन ।

तिमिल्सिना, माधवप्रसाद (२०६६), *शिक्षा बार्षिक पत्रिका,* सानोठिमी, भक्तपुरः पाठ्यक्रम विकास केन्द्र ।

न्यौपाने, जगदिश (२०६७), *नागरिक शिक्षाका लागि माध्यमिक विद्यालयमा गरिएका प्रयासहरु,* शोधपत्र, स्नातकोत्तर तह, त्रि.वि. ।

न्यौपाने, विनोद (२०६७), *माध्यमिक शिक्षक दर्पण,* काठमाण्डौ : वौद्धिक दर्पण प्रकाशन ।

*निम्न माध्यमिक तहको पाठ्यक्रम* (२०६३), सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

*नेपाल सरकार शिक्षा मन्त्रालय अनोपचारिक शिक्षा केन्द्र,* सानोठिमी, भक्तपुर ।

पाठ्यक्रम विकास केन्द्र (२०६५), *पाठ्यक्रम तथा पाठ्यसामग्री विकास निर्देशिका,* सानोठिमी, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

*माध्यमिक शिक्षा पाठ्यक्रम केन्द्र* (२०६५), सानोठिमी भक्तपुर : पाठेयक्रम विकास केन्द्र ।

श्रेष्ठ र घिमिरे, लक्ष्मीप्रसाद, विश्वम्भर (२०६४), *नागरिकशास्त्र (कक्षा ९),* सानोठिमी, भक्तपुरः जनक शिक्षा सामग्री केन्द्र ।

श्रेष्ठ र घिमिरे, लक्ष्मीप्रसाद, विश्वम्भर (२०६४), *नागरिकशास्त्र (कक्षा १०),* सानोठिमी, भक्तपुरः जनकशिक्षा सामग्री केन्द्र ।

*शिक्षा आयोगका प्रतिवेदनहरु* (२०५९), काठमाण्डौ : मकालु बुक्स एण्ड स्टेशनरी, पुतलिसडक ।

*शिक्षा जगतको अर्धवार्षिक पत्रिका (२०६८),* काठमाण्डौ : नेपाल सरकार शिक्षा मन्त्रालय, पाठ्यक्रम विकास केन्द्र ।

Brody, R.A. (1994). *Secondary Education and Political Attitudes. Calabasas: Center for Civic Education*

Husen, T. & Postlethwaite, T. (editors) (1985). *The International Encyclopedia of Education*, second edition vol. 3. UK:Pergamon

Plato. (1997). *The Laws (T.J. Saunders Trans).* Indiana Polis, IN:Hackett Publishing Co.

Standard Encyclopedia of Philosophy. Available at http://plato.standard.edu.//

Rousseau, J.J. (1988). *The Social Contract* (M.Cranston, Trans). New York: Viking Penguin.

## अनुसूची १

## अध्ययनका औजारहरु

### विद्यालय व्यवस्थापन समिति अध्यक्षका लागि अन्तर्वार्ता निर्देशिका

अध्यक्षको नाम : विद्यालयको नाम :

योग्यता : ठेगाना :

(क) समाजका अपेक्षा/प्राथमिकता

(१) विद्यालयले निर्माण गर्ने आचारसंहिताको निर्माण कार्यमा तपाईको संलग्नता छ ?

(२) तपाईको बिचारमा विद्यार्थीहरुलाई समाजको असल नागरिक बनाउन विद्यालयले के-कस्तो शैक्षिक नियमहरु बनाएको ?

(३) यसरी विद्यालयले बनाउने शैक्षिक नियमप्रति तपाईको धारणा कस्तो छ ?

(४) विद्यालयले बनाएको नियमले समाजलाई कस्तो प्रभाव परेको छ ?

(५) तपाईको बिचारमा विद्यालयले विद्यार्थीहरुलाई असल नागरिक बनाउन के-कस्तो नियमहरु बनाउन आवश्यक छ होला ?

(६) तपाईको बिचारमा कुन कुन नियमहरु सुधार गर्नुपर्छ होला?

**(ख) बिषयवस्तु सम्बन्धि**

(१) तपाईको बिचारमा असल नागरिकका गुणहरु के-कस्तो हुन्छन् होला ?

(२) तपाईको बिचारमा कस्ता बिषयवस्तुहरु नागरिक शिक्षासँग सम्बन्धित हुन्छन् हेला ?

(३) तपाईको बिचारमा नागरिक शिक्षाको पाठ्यक्रमलाई कसरी विद्यार्थी केन्द्रित बनाउन सकिन्छ होला ?

(४) विद्यालयमा भएको पाठ्यक्रमले समाजलाई कस्तो प्रभाव पारेको छ होला ?

(५) विद्यार्थीलाई असल नागरिक बनाउन के-कस्तो बिषयवस्तुहरुमा जोड दिनु पर्छ होला ?

(६) नागरिक शिक्षालाई व्यवहारिक बनाउन के गर्नुपर्ला ?

**(ग) क्रियाकलाप सम्बन्धि प्रश्नहरु**

(१) तपाईको बिचारमा असल नागरिकसँग सम्बन्धित क्रियाकलापहरु कस्ता हुन्छन् होला ?

(२) विद्यालयमा विद्यार्थीहरुलाई असल नागरिक बनाउन के-कस्ता क्रियाकलापहरु गराइएको छ जस्तो लाग्छ ?

(३) यसरी विद्यालयले गराएको क्रियाकलापहरु प्रति तपाईको धारणा कस्तो छ ?

(४) तपाईको बिचारमा विद्यालयले गराएको क्रियाकलापहरुले समाजमा कस्तो प्रभाव पारेको छ होला ?

(५) तपाईको बिचारमा अहिलेको नागरिक शिक्षाले कस्तो क्रियाकलापमा जोड दिनुपर्छ होला ?

(६) तपाईको बिचारमा कुन कुन क्रियाकलापहरु सुधार गर्नु पर्छ ?

उत्तरदाताको नाम : मिति :

## प्रधानाध्यापकको लागि अन्तर्वार्ता निर्देशिका

प्रधानाध्यापकको नाम : विद्यालयको नाम :

अनुभव : ठेगाना :

**(क) समाजका प्राथमिकता/अपेक्षाहरु**

(१) विद्यालयको आचारसंहिता क-कसको संलग्नतामा निर्माण गर्ने गर्नु भएको छ ?

(२) तपाईको बिचारमा कस्तो विद्यार्थीलाई असल विद्यार्थी भन्न सकिन्छ ?

(३) विद्यार्थीहरुलाई समाजको असल नागरिक बनाउन विद्यालयले के-कस्तो आचारसंहिता निर्माण गरेको छ ?

(४) तपाईले विद्यालयमा विद्यार्थीहरुले कतिको उत्साहपूर्वक राष्ट्रियगान गराउने गरेको छन् र सो राष्ट्रियगानले राष्ट्रियतामा अभिवृद्धि गर्न कतिको सहयोग गरको छ ?

(५) असल नागरिकको भूमिका निर्वाह गर्न शिक्षकहरुको लागि के-कस्तो आचारसंहिता बनाउनुभएको छ ?

(६) बिभिन्न जातजाति, भाषा, धर्म, वर्ण सम्प्रदायका विद्यार्थीहरुलाई एकताको सुत्रमा आवद्ध गर्न विद्यालयले के-कस्तो प्रयासहरु गरेको छ ?

(७) विद्यालयमा निर्मण गरेका आचारसंहिताले विद्यार्थी, शिक्षक र समाजलाई कस्तो प्रभाव पारेको छ ?

(८) असल नागरिक निर्माणको लागि विद्यालयको आचारसंहिता कस्तो हुनुपर्छ ?

(९) अपाङ्ग र अशक्त बालबालिकाको अध्ययन कार्य सहज बनाउन विद्यालयमा कस्ता नियम बनाउनु भएको छ ?

(१०) नेपालको वर्तमान सन्दर्भमा समाजले शिक्षाका लागि कस्ता क्रियाकलापहरुमा जोड दिनुपर्ला ?

(११) विद्यार्थीलाई असल नगरिक बनाउनका लागि अहिलेको शैक्षिक नीति मध्ये कुन कुन नीतिहरु सुधार गर्नुपर्ला ?

**(ख) बिषयवस्तुसँग सम्बन्धित प्रश्नहरु**

(१) तपाईको बिचारमा असल नागरिकका गुण वा विशेषताहरु के-कस्ता हुन्छन् होला ?

(२) तपाईको बिचारमा विद्यार्थीहरुलाई असल नागरिक बनाउन विद्यालयको हालको सामाजिक अध्ययन पाठ्यक्रममा के-कस्ता बिषयवस्तुहरु समावेश गरिएको छ होला ?

(३) तपाईको बिचारमा कस्ता बिषयवस्तुहरु नागरिक शिक्षासँग सम्बन्धित हुन्छन् होला ?

(४) विद्यालय तहको सामाजिक अध्ययनमा समेटिएका बिषयवस्तुहरु विद्यार्थीहरुको उमेर, रुचि र तह अनुसार सुहाँउदो छ कि छैन होला ? छैन भने के गर्नु पर्ला ?

(५) विद्यार्थीहरुको सामाजिक नेतृत्व सीप विकास गर्न सामाजिक अध्ययन विषयमा के-कस्ता विषयवस्तु समावेश गरिएको छ ?

(६) विद्यार्थीहरुलाई असल नागरिक बनाउन के-कस्ता बिषयवस्तुहरुमा जोड दिनुपर्छ होला ?

(७) तपाईको बिचारमा सामाजिक अध्ययनको पाठ्यक्रमलाई कसरी विद्यार्थी केन्द्रित बनाउन सकिन्छ होला ?

**(ग) क्रियाकलाप सम्बन्धि प्रश्नहरु**

(१) तपाईको बिचारमा असल नागरिक र असल समाज सम्बन्धि क्रियाकलापहरु के-के छन् ?

(२) विद्यार्थीहरुलाई असल नागरिक बनाउन विद्यालयले के-कस्ता क्रियाकलापहरु सञ्चालन गरेको छ ?

(३) तपाईको अनुभवमा विद्यार्थीहरुले विद्यालयमा सिकेका क्रियाकलापहरुले समाजमा कस्तो प्रभाव परोको छ ?

(४) वर्तमान सन्दर्भमा सामाजिक अध्ययनको पाठ्यक्रमले कस्तो क्रियाकलापमा जोड दिनुपर्ला ?

(५) तपाईको बिचारमा शिक्षक र विद्यार्थीलाई असल नागरिक बनाउनका लागि शिक्षक विद्यार्थीमा भएको कुन कुन क्रियाकलापहरु सुधार गर्नुपर्ला ?

(६) मानव अधिकार, सामाजिक न्याय, शान्ति शिक्षा र नागरिक चेतनाको सम्बन्धमा सरोकारवालालाई जानकारी गराउन के कस्ता क्रियाकलापहरु सञ्चालन गर्ने गरिएको छ ?

(७) बालबालिकाहरुको बालअधिकार र कर्तव्यको अभिवृद्धि सम्बन्धि के-कस्ता क्रियाकलाप गर्ने गराउनु भएको छ ?

## स्रोत व्यक्ति/वि.नि.का लागि प्रश्नावली

**(क) समाजका प्राथमिकता/अपेक्षा**

(१) विद्यार्थीलाई समाजको असल नागरिक बनाउन विद्यालयले के-कस्तो आचारसंहिता निर्माण गर्नुपर्छ ?

(२) असल नागरिकको भूमिका निर्वा गर्न विद्यालयले शिक्षकको लागि कस्तो आचारसंहिता निर्माण गर्दा राम्रो हुन्छ हेला ?

(३) ती आचारसंहिता कसरी निर्माण गर्न सकिन्छ होला ?

(४) अहिलेको नेपाल सरकारले तयर गरेको कुन कुन ऐन नियमहरुले नागरिक शिक्षालाई सहयोग गर्छहोला ?

(५) वर्तमान नीति, नियमहरुले विद्यार्थी, शिक्षक र समाजलाई कस्तो प्रभाव पारको छ ?

शिक्षक :

विद्यार्थी :

समाज :

(६) अहिलेको सन्दर्भमा नागरिक शिक्षाका लागि कस्ता खालको नीति नियमहरुमा जोड दिनुपर्ला ?

(७) अहिले भएको नीतिहरु मध्ये कुन-कुन सुधार गर्नुपर्ला ?

**(ख) बिषयवस्तु सम्बन्धि प्रश्नहरु**

(१) तपाईको बिचारमा असल नागरिक गुण/विशेषताहरु के-कस्ता हुन्छन् होला ?

(२) तपाईको बिचारमा कस्ता बिषयवस्तुहरु नागरिक शिक्षासँग सम्बन्धित हुन्छन् होला ?

(३) नागरिक शिक्षा प्रदान गर्नका लागि समाजिक अध्ययनको पाठ्यक्रममा सुधार गर्नुपर्ने कुराहरु के-के हुन सक्छन् ?

(४) तपाईको बिचारमा सामाजिक अध्ययनको पाठ्यक्रमलाई कसरी विद्यार्थी केन्द्रित बनाउन सकिन्छ होला ?

(५) सामाजिक अध्ययनको पाठ्यक्रम संरचनालाई कसरी प्रंभावकारी बनाउन सकिन्छ होला ?

(६) तपाईको बिचारमा सामाजिक अध्ययनका नागरिक शिक्षा सम्बन्धि बिषयवस्तुले विद्यार्थी र समाजलाई कस्तो प्रभाव पारेको छ होला ?

(७) असल नागरिक बनाउन के-कस्तो बिषयवस्तुमा जोड दिनु पर्छ होला ?

(८) तपाईले जिम्मेवारी पाउनु भएको स्रोतकेन्द्रले नागरिक शिक्षाको प्रवर्द्धनमा के-कस्ता कार्यक्रमहरु आयोजना गर्नुभएको छ ? त्यसमा सरोकारवालाहरुको संलग्नता कस्तो रहेको छ ?

(९) मानव अधिकार, सामजिक न्याय, शान्ति शिक्षा र नागरिक चेतनाको लागि के-कस्ता क्रियाकलापहरु आयोजना गरिएको छ ?

(१०) असल नागरिक बनाउन कस्ता क्रियाकलाप सञ्चालन गर्ने योजना बनाउनु भएको छ ?

उत्तरदाताको सही : मिति :

## शिक्षकको लागि प्रश्नावली

शिक्षकको नाम : विद्यालयको नाम :

अध्यापन विषय : ठेगाना :

**(क) समाजका प्राथमिकता/अपेक्षा सम्बन्धि प्रश्नावली**

(१) तपाईको विद्यालयमा विद्यार्थीहरुले कतिको उत्साह पूर्वक राष्ट्रिय गान गाउने गरेको पाउनु भएको छ ?

(२) सो राष्ट्रियगानले राष्ट्रियएकता अभिवृद्धि गर्नमा कतिको सहयोग गरेको छ ?

(३) तपाईको बिचारमा कस्तो विद्यार्थीहरुलाई असल विद्यार्थी भन्न सकिन्छ ?

(४) बिभिन्न जातजाति, महिला, दलित, अपाङ्ग, मधेसी विद्यार्थीहरुले आफ्नो आरक्षणको सही सदुपयोग गर्न पाएका छन् ? छन् भने कसरी ?

(५) बिभिन्न जातजाति, भाषा, धर्म र सम्प्रदायका विद्यार्थीहरुलाई एकताको सुत्रमा आवद्ध गर्न विद्यालयले कस्ता प्रयासहरु गरेको छ ?

(६) तपाईको बिचारमा विद्यार्थीको बिचार र अभिव्यक्तिको स्वतन्त्रतालाई विद्यालयले कसरी अभ्यास गराएको छ ?

(७) तपाईको विद्यालयमा अपाङ्ग अशक्त र पिछडिएका विद्यार्थीहरुका प्राथमिकता दिई शिक्षण गर्न विद्यालयले कस्ता खालका आचारसंहिताको निर्माण गरेको छ ?

(८) तपाईको विद्यालयमा बहुलजाति र भाषा धर्मका विद्यार्थीहरु बीच सहष्णिुता अभिवृद्धि गर्न के पहल गरिएको छ ?

(९) विद्यार्थीलाई सम्बोधन गर्दा/बोलाउँदा तपाई के-कुरामा ध्यान पुर्‍याउनु हुन्छ ?

(१०) विद्यार्थीलाई समाजको असल नागरिक बनाउन विद्यालयले के-कस्ता आचारसंहिता निर्माण गरेको छ ?

(११) असल नागरिकको भूमिका निर्वाह गर्न विद्यालयले शिक्षकहरुको लागि कस्तो आचारसंहिता निर्माण गरेको छ ?

(१२) असल नागरिकहरु उत्पादनका लागि विद्यालयको आचारसंहिता कस्तो हुनुपर्छ ?

(१३) अहिले नेपाल सरकारले तय गरेको कुन-कुन ऐन नियमहरुले नागरिक शिक्षालाई सहयोग गरेको होला ?

(१४) तपाईको बिचारमा असल नागरिक निर्माण गर्ने सन्दर्भमा अहिलेको नीति नियमको प्रभाव कस्तो छ ?

विद्यालयमा परेको प्रभाव :

समुदायमा परेको प्रभाव :

(१५) नेपालको वर्तमान सन्दर्भमा समाजले नागरिक शिक्षाको लागि कस्ता खालका कुराहरुमा जोड दिनुपर्ला ?

(१६) विद्यार्थीहरुलाई असल नागरिक बनाउनका लागि अहिलेको शैक्षिक नीति मध्ये कुन कुन नीतिहरु सुधार गर्नुपर्ला ?

**(ख) बिषयवस्तु सम्बन्धि**

(१) तपाईको बिचारमा सार्वजनिक अनुशासन भनेको के हो ?

(२) समाजमा व्याप्त सामाजिक विकृति, विसंगति नियन्त्रण गरी सभ्य समाजको निर्माण गर्न सामाजिक अध्ययन विषयमा के-कस्ता विषयवस्तुहरु राखिएको छ ?

(३) तपाईको बिचारमा विद्यार्थीहरुलाई असल नागरिक बनाउन विद्यालयको हालको सामाजिक अध्ययनको पाठ्यक्रममा के-कस्ता बिषयवस्तुहरु समावेश गरिएका छन् होला ?

(४) तपाईले पढाउने बिषयको कुन पाठले कसरी नागरिक शिक्षा सम्बन्धि ज्ञान/सीप र धारणा प्रदान गर्न सहयोग गर्छ होला ?

| एकाइ/पाठहरु | सहयोग गर्ने क्षेत्र |
|---|---|
| (१) | |
| (२) | |
| (३) | |
| (४) | |

(५) कुन कुन बिषयवस्तुहरु नागरिक शिक्षा सम्बन्धि हुन्छन् होला ?

(६) तल दिएको प्रश्नहरुको उत्तरहरु मध्ये तपाईलाई सही लागेको उत्तरमा ठीक चिन्ह लगाउनु होस् र कारण समेत उल्लेख गर्नुहोस् ?

(क) सामाजिक अध्ययन बिषय कस्तो हुनुपर्छ ?

(अ) ऐच्छिक बिषयको रुपमा ( ) कारण

(आ) अनिवार्य बिषयको रुपमा ( ) कारण

(इ) बिभिन्न विषयसँग एकीकृत गरेर ( )

(ई) अन्य ....

(ख) सामाजिक अध्ययनको पाठ्यक्रमको ढाँचा कस्तो हुनुपर्छ होला ?

(अ) विद्यार्थी केन्द्रित ( ) कारण ..........

(आ) बिषय केन्द्रित ( ) कारण .........

(इ) समस्या केन्दित ( ) कारण .........

(ई) अन्य ( ) कारण .............

(ग) सामाजिक अध्ययनको पाठ्यक्रम कसरी विकास गर्न राम्रो होला ?

प्रक्रिया कारण

(अ) स्थानीय स्तरमा विकास गर्ने ..............................

(आ) केन्द्रिय स्तरमा विकास गर्ने ...............................

(इ) क र ख दुवै ..............................

(ई) अन्य ...........................

(घ) सामाजिक अध्ययनको विषयवस्तुलाई कसरी सुधार गर्न सकिन्छ ?

(अ) महत्वपूर्ण पाठको क्षेत्र बढाएर ...................................

(आ) विभिन्न विषयसँग एकिकृत गरेर ...............................

(इ) पाठलाई व्यवहारिक जीवनसँग जोडेर .............................

(ई) विषयको पूर्णाङ्क र उत्तीर्णाङ्क सुधार गरेर ............................

(उ) परीक्षा प्रणालीको सुधार गरेर ..............................

(ऊ) अन्य .......................................

(७) तपाईको बिचारमा सामजिक अध्ययनको पाठ्यक्रमलाई कसरी विद्यार्थी केन्द्रित बनाउन सकिन्छ होला ?

(८) असल नागरिक बनाउन कस्ता बिषयवस्तुहरुलाई जोड दिनुपर्छ होला ?

(९) विद्यार्थीहरुमा सामाजिक नेतृत्व सम्बन्धि सीप विकास गर्न सामाजिक शिक्षा बिषयमा के-कस्ता विषयवस्तु समाविष्ट गरिएका छन् ?

**(ग) क्रियाकलाप सम्बन्धि प्रश्नहरु**

(१) तपाईको बिचारमा असल नागरिक र समाजसँग सम्बन्धित क्रियाकलापहरु के-के छन् ?

(२) विद्यार्थीहरुलाई असल नागरिक बनाउन विद्यालयले कक्षा भित्र र बाहिर कस्ता-कस्ता क्रियाकलापहरु गराएको छ ?

(३) असल नागरिक र असल समाजसँग सम्बन्धित क्रियाकलापहरु कसरी सिकाउनु पर्छ होला ?

(४) वर्तमान सन्दर्भमा समाजिक अध्ययनको लागि विद्यालयले कस्ता क्रियाकलापमा जोड दिनुपर्ला ?

(५) तपाईको बिचारमा असल नागरिक बन्नका लागि शिक्षक र विद्यार्थीको कुन-कुन क्रियाकलापहरुमा सुधार गर्नुपर्ला ?

**शिक्षकको सुधार गर्नुपर्ने क्रियाकलाप :**

**विद्यार्थीको सुधार गर्नुपर्ने क्रियाकलाप :**

उत्तरदाताको सही मिति :

## विद्यार्थीको लागि प्रश्नावली

विद्यार्थीको नाम :                    विद्यालयको नाम :

कक्षा :                    ठेगाना :

**(क) समाजका प्राथमिकता/अपेक्षा सम्बन्धि प्रश्नहरु**

(१) तपाईले विद्यालयमा पालना गर्नुपर्ने नियमहरु के-के छन् ?

(२) विद्यालयले निर्माण गरेको नियम तथा आचारसंहिता तपाईलाई कस्तो लाग्दछ ?

(३) विद्यालयको आचारसंहिता निर्माणमा क-कस्को संलग्नता जनाउने गरिएको छ ?

(४) विद्यालयले निर्माण गरेको आचारसंहिता मध्ये तपाईलाई सबैभन्दा राम्रो लागेको नियम कुन हो र किन ?

(५) असल नागरिक बनाउन कस्ता खालका नियमहरु बनाउनु पर्छ होला ?

(६) तपाईको बिचारमा असल नागरिक बन्न के गर्नुपर्छ ?

(७) तपाईले कक्षाकोठामा कस्ता नियमहरु बनाउनु भएको छ ?

(८) असल समाज र राष्ट्र निर्माणमा तपाई के गर्न सक्नु हुन्छ ?

(९) असल विद्यार्थीको हैसियतमा कुनै प्रकारको पुरस्कार पाउनु भएको छ ?

**(ख) बिषयवस्तु सम्बन्धि**

(१) तपाईको बिचारमा असल नागरिकका गुणहरु के-के हुन् ?

(२) तपाईको विद्यालयमा असल नागरिक बन्नका लागि सामाजिक अध्ययनमा के-के बिषयवस्तु पढाई हुन्छ ?

(३) असल नागरिक बन्नका लागि कस्ता बिषयवस्तुहरु सामाजिक अध्ययनको पाठ्यक्रममा आवश्यक छ ?

(४) तपाईले पढ्ने सामाजिक बिषयको कुन-कुन पाठले नैतिक शिक्षा प्रदान गर्न सहयोग गरेको छ होला ?

(५) तपाईको बिचारमा असल नागरिक बन्नको लागि सामाजिक अध्ययनमा के-कस्ता बिषयवस्तु पढाउनु पर्छ होला ?

(६) सामाजिक अध्ययन सम्बन्धि कुन कुन बिषयवस्तुहरु सुधार गर्नुपर्छ ?

**(ग) क्रियाकलाप सम्बन्धि**

(१) तपाईको बिचारमा असल नागरिक र असल समाजसँग सम्बन्धित क्रियाकलापहरु के-के छन् ?

(२) तपाईलाई असल नागरिक बनाउन विद्यालयले कक्षाभित्र र बाहिर के कस्ता क्रियाकलापहरु गराउनु पर्छ ?

कक्षा भित्र :

कक्षा बाहिर :

(३) तपाईको बिचारमा हामी कसरी असल नागरिक बनी असल समाज निर्माण गर्न सक्छौं होला ?

(४) तपाई असल नागरिक र असल समाजसँग सम्बन्धित क्रियाकलापहरु को-को बाट सिक्नु हुन्छ ?

(५) हाम्रो देशमा कसरी सुशासन आउन सक्छ ?

(६) नागरिक तथा नैतिक शिक्षा प्रदान गर्न समाजिक अध्ययनका बिषयवस्तुहरु कसरी पढाएमा राम्रो हुन्थ्यो ?

(७) असल नागरिक निर्माणको लागि विद्यालयले कुन कुन क्रियाकलाप सुधार गर्नुपर्छ होला ?

(८) विद्यालयमा आयोजना हुने दिवस तथा राष्ट्रिय पर्वहरुमा तपाईहरुले कसरी संलग्नता जनाउने गर्नुभएको छ ?

उत्तरदाताको दस्तखत : मिति :

## कक्षा ४ र ५ का विद्यार्थीहरुका लागि लक्षित समूह छलफल निर्देशिका

विद्यालयको नाम :                                        ठेगाना :

**(क) समाजका प्राथमिकता/अपेक्षा सम्बन्धि**

(१) विद्यालयको आचारसंहिता कसले निर्माण गर्ने गरेको छ ?

(२) विद्यार्थीलाई असल नागरिक बनाउनका लागि विद्यालयका नियमहरु के के छन् ?

(३) कक्षाका नियमहरु कसले निर्माण गर्छ र ति नियमहरु तपाईलाई कस्तो लाग्छ ?

(४) कक्षाका राम्रा र महत्वपूर्ण नियमहरु के के छन् ?

(५) अन्य थप के के नियमहरु बनाउनु पर्छ ?

(६) नियमहरु कसरी कार्यान्वयन गर्नुपर्छ ?

(७) असल समाज बनाउन राष्ट्रले कस्तो नीति नियम बनाउनु पर्छ ?

**(ख) बिषयवस्तु सम्बन्धि**

(१) तपाईले पढेका सामाजिक बिषयको पाठ्यपुस्तकमा नागरिक शिक्षा सम्बन्धि के के बिषयवस्तुहरु छन् ?

(२) असल नागरिक बन्नका लागि सामाजिक अध्ययनमा कस्ता बिषयवस्तुहरु आवश्यक छन् ?

(३) ती बिषयवस्तुहरुलाई प्रभावकारी महत्वपूर्ण र रुचिपूर्ण बनाउन के गर्नुपर्ला ?

**(ग) विद्यालयले गरेका क्रियाकलापहरु सम्बन्धि**

(१) नागरिक शिक्षा सम्बन्धि विद्यालयमा कस्ता किसिमका अतिरिक्त क्रियाकलापहरु गरिन्छ ?

(२) उक्त क्रियाकलाप क-कसले सञ्चालन गर्दछन् ?

(३) असल नागरिक र समाज निर्माणसँग सम्बन्धित बिषयवस्तुहरु कसरी पढाउने गरिएको छ ?

(४) कसरी पठनपाठन गरिए अझै राम्रो हुने थियो ?

(५) हामी कसरी असल नागरिक बनी असल समुदाय निर्माण गर्न सक्छौं ?

सहभागीहरुको सही :                                        मिति :

## अनुसूची २

### अध्ययनको लागि छनोटमा परेका विद्यालयको बिवरण

| क्र.सं. | विद्यालयको नाम | ठेगाना |
|---|---|---|
| १. | श्री अम्वेवर जनता उच्च माध्यमिक विद्यालय | त्रियुगा नगरपालिका-१६, उदयपुर |
| २. | श्री जनज्योती उच्च माध्यमिक विद्यालय | त्रियुगा नगरपालिका-१३, उदयपुर |

## अनुसूची ३

## अध्ययनका नमूनाहरुको विवरण

### (क) विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुको विवरण

| क्र.सं. | नामथर | जाती | विद्यालय | ठेगाना |
|---|---|---|---|---|
| १. | राज कुमार दनुवार | दनुवार | श्री अम्वेवर जनता उच्च माध्यमिक विद्यालय | त्रियुगा नगरपालिका-१६, उदयपुर |
| २. | अमर बहादुर दनुवार | दनुवार | श्री जनज्योती उच्च माध्यमिक विद्यालय | त्रियुगा नगरपालिका-१३, उदयपुर |

### (ख) विद्यालय निरिक्षक/स्रोत व्यक्तिको विवरण

| क्र.सं. | नामथर | पद | स्रोत केन्द्र | ठेगाना |
|---|---|---|---|---|
| १. | देवेन्द्र कुमार मल्ल | विद्यालय निरिक्षक | देउरी | उदयपुर |
| २. | काजी बहादुर बस्नेत | स्रोत व्यक्ति | देउरी | उदयपुर |

### (ग) प्रधानाध्यापकहरुको विवरण

| क्र.सं. | नामथर | जाती | विद्यालय | ठेगाना |
|---|---|---|---|---|
| १. | हृदयनारायण यादव | यादव | श्री अम्वेवर जनता उच्च माध्यमिक विद्यालय | त्रियुगा नगरपालिका-१६, उदयपुर |
| २. | पुन्य बहादुर कार्की | क्षेत्री | श्री जनज्योती उच्च माध्यमिक विद्यालय | त्रियुगा नगरपालिका-१३, उदयपुर |

(घ) **शिक्षकको विवरण**

| क.सं. | नामथर | जाती | विद्यालय | ठेगाना |
|---|---|---|---|---|
| १. | मुन्सीलाल दास | मधेसी | श्री अम्वेवर जनता उच्च माध्यमिक विद्यालय | त्रियुगा नगरपालिका-१६, उदयपुर |
| २. | प्रकाश कुमार खड्का | क्षेत्री | श्री अम्वेवर जनता उच्च माध्यमिक विद्यालय | त्रियुगा नगरपालिका-१६, उदयपुर |
| ३. | लक्ष्मण प्रसाद भट्टराई | ब्राम्हण | श्री अम्वेवर जनता उच्च माध्यमिक विद्यालय | त्रियुगा नगरपालिका-१६, उदयपुर |
| ४. | श्यामा कुमारी चौधरी | थारु | श्री अम्वेवर जनता उच्च माध्यमिक विद्यालय | त्रियुगा नगरपालिका-१६, उदयपुर |
| ५. | रमानन्द तिमल्सिना | ब्राम्हण | श्री अम्वेवर जनता उच्च माध्यमिक विद्यालय | त्रियुगा नगरपालिका-१६, उदयपुर |
| ६. | नारायण कार्की | क्षेत्री | श्री जनज्योती उच्च माध्यमिक विद्यालय | त्रियुगा नगरपालिका-१३, उदयपुर |
| ७. | भगिरथ केसी | क्षेत्री | श्री जनज्योती उच्च माध्यमिक विद्यालय | त्रियुगा नगरपालिका-१३, उदयपुर |
| ८. | किर्ति बहादुर खड्का | क्षेत्री | श्री जनज्योती उच्च माध्यमिक विद्यालय | त्रियुगा नगरपालिका-१३, उदयपुर |
| ९. | कमल प्रसाद पोखरेल | ब्राम्हण | श्री जनज्योती उच्च माध्यमिक विद्यालय | त्रियुगा नगरपालिका-१३, उदयपुर |

(ङ) **प्रश्नावली भरेका विद्यार्थीहरुको विवरण**

श्री अम्वेवर जनता उच्च माध्यमिक विद्यालय, त्रियुगा नगरपालिका-१६, उदयपुर

| क्र.सं. | नामथर | कक्षा |
|---|---|---|
| १. | देवीका दनुवार | १० |
| २. | जागेश्वर सदा | १० |
| ३. | पूर्ण बहादुर दनुवार | १० |
| ४. | प्रकाश बि.क. | १० |
| ५. | रबिना दनुवार | ९ |
| ६. | असोदा पोखरेल | ९ |
| ७. | बिजय चौधरी | ९ |
| ८. | जीवन पाण्डे | ९ |
| ९. | बिमल दनुवार | ८ |
| १०. | प्रजिता खड्का | ८ |
| ११. | दुर्गा कार्की | ८ |
| १२. | केशर श्रेष्ठ | ७ |
| १३. | साजन दनुवार | ७ |
| १४. | मिना कार्की | ७ |
| १५. | गीता बस्नेत | ७ |
| १६. | रेजिना दनुवार | ६ |
| १७. | अन्जली दनुवार | ६ |
| १८. | दिपक पोखरेल | ६ |
| १९. | निजर बस्नेत | ६ |

श्री जनज्योती उच्च माध्यमिक विद्यालय त्रियुगा नगरपालिका-१३, उदयपुर

| क्र.सं. | नामथर | कक्षा |
|---|---|---|
| १. | सुदिप थापा मगर | १० |
| २. | सरोज दनुवार | १० |
| ३. | ममता दनुवार | १० |
| ४. | सरिता दनुवार | १० |
| ५. | सिताराम राउत | ९ |
| ६. | नकुल खड्का | ९ |
| ७. | श्रृष्टी राउत | ९ |

| | | |
|---|---|---|
| ८. | सुस्मीता राई | ९ |
| ९. | लोकेन्द्र गिरी | ८ |
| १०. | अर्जुन गिरी | ८ |
| ११. | सरस्वती दनुवार | ८ |
| १२. | निकीना आचार्य | ८ |
| १३. | चिजा कार्की | ७ |
| १४. | राधा दनुवार | ७ |
| १५. | यम बहादुर पाठक | ७ |
| १६. | सन्तोष कट्वाल | ७ |
| १७. | अमिसाराय माझी | ६ |
| १८. | निता दाहाल | ६ |
| १९. | दिनेश बस्नेत | ६ |
| २०. | सजना सिंग्देल | ६ |

(च) **लक्षित समूह छलफलमा सहभागी विद्यार्थीहरुको विवरण**

श्री अम्वेवर जनता उच्च माध्यमिक विद्यालय, त्रियुगा नगरपालिका-१६, उदयपुर

| **क्र.सं.** | **नामथर** | **कक्षा** |
|---|---|---|
| १. | सलेन दनुवार | ४ |
| २. | सञ्जिव सदा | ४ |
| ३. | निरा पोखरेल | ४ |
| ४. | रन्जना कार्की | ५ |
| ५. | सुस्मा दनुवार | ५ |
| ६. | नकुल चौधरी | ५ |

श्री जनज्योती उच्च माध्यमिक विद्यालय त्रियुगा नगरपालिका-१३, उदयपुर

| **क्र.सं.** | **नामथर** | **कक्षा** |
|---|---|---|
| १. | सुरज दनुवार | ४ |
| २. | मिना मगर | ४ |
| ३. | दिपक पोखरेल | ४ |
| ४. | मोना नेपाली | ५ |
| ५. | शिव कुमार राय | ५ |
| ६. | श्रृजना दनुवार | ५ |